# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

शनिबार, फागुन १२, २०७४ | Saturday, February 24, 2018 | www.newsofnepal.com | नेसं ११३८ शिल्लाथ्व ९ | वर्ष २४, अंक ४५ | पृष्ठ १२ | मूल्य रू १०/–



२ { बिरामीको ज्यान बचाउन धौ धौ

५ { दुई वर्षसम्म पनि पदाधिकारीविहीन कांग्रेस

९ { ओलीलाई ट्रम्पको बधाई

११ { एडीबीको सहयोग ढेड गुणाले वृद्धि




आयो फागु ! वसन्तपुरमा शुक्रबार चीर ठड्याइएको छ । चीर ठड्याएपछि मात्र होली शुरू भई अबिरको होली खेल्न सकिने संकेत मिल्छ । उक्त चीर ढालेर होलीको समापन गरिन्छ । तस्वीर : मोनिका मल्ल/काठमाडौं

# एमाले-माओवादीलाई मन्त्री छान्न सकस

मधुसूदन रायमाझी, काठमाडौं

नेकपा एमाले र नेकपा माओवादी केन्द्रलाई मन्त्री छान्न सकस परेको छ। दुवै पार्टीभित्र मन्त्री बन्ने आकांक्षी बढी हुँदा मन्त्री छनोट गर्न सकस परेको हो। सरकारले संघमा १७ वटा मात्र मन्त्रालय रहने निर्णय गरेपछि मन्त्री बन्ने आकांक्षीको संख्या बढेको छ। सत्तारूढ दल एमालेले १० र माओवादी केन्द्रले ७ मन्त्रालय लिने सहमति गरेसँगै दुवै दल मन्त्री छनोट गर्ने गृहकार्यमा जुटेका छन्। तर मन्त्रीको संख्या सानो र आकांक्षी धेरै हुँदा व्यवस्थापन गर्न दुवै पार्टी नेतृत्वलाई दबाब परेको छ।

मन्त्री छनोटका लागि बसेको एमालेको स्थायी समितिको बैठकले पनि मन्त्री छनोट गर्न सकेन। पार्टीभित्र मन्त्रीको आकांक्षी धेरै भए पनि एमालेभित्र पनि मन्त्री बन्नेको होड चलेको छ। एमालेले पाएको १० मन्त्रालयमध्ये २ मन्त्रीले शपथ लिइसकेका छन् भने बाँकी ८ मन्त्री छनोट गर्नुपर्ने छ। मन्त्री बन्नका लागि दुई दर्जनभन्दा बढी नेता दौडमा रहेका छन्।

विगतमा मन्त्रालयको संख्या ३१ वटा रहेका कारण धेरैले मन्त्री बन्ने अवसर पाउने गरेका थिए। तर अब १७ वटा मात्र मन्त्रालय रहने भएपछि पार्टीलाई मन्त्री छनोट गर्न सकस परेको छ। एमालेभित्र अर्थमन्त्री बन्नका लागि महासचिव ईश्वर पोखरेल र सचिव प्रदीप ज्ञवाली दौडमा रहनुभएको छ। एमालेबाटै सचिव योगश भट्टराई पनि आकांक्षी छन्। एमालेकै स्थायी समिति सदस्य सुरेन्द्र पाण्डे, उपमहासचिव विष्णु पौडेल, राष्ट्रियसभामा मनोनित हुनुभएका डा. युवराज खतिवडा, रवीन्द्र अधिकारीलगायत दुई दर्जन बढी आकांक्षी देखिएका छन्।

प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार बसेको स्थायी समिति बैठकले भूगोल, समावेशीता र क्षमता हेरेर यथाशक्य चाँडो मन्त्री चयन गर्ने अधिकार पार्टी अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीलाई दिने निर्णय गरेको छ। बैठकले मन्त्रिमण्डल विस्तार गर्ने क्रममा माओवादी, संघीय समाजवादी फोरम नेपाल, राष्ट्रिय जनता पार्टीसहित पार्टीभित्रका नेतासँग

- १५ मन्त्री बन्न तीन दर्जन आकांक्षी
- मन्त्री छान्ने जिम्मा ओली र प्रचण्डलाई
- खुमलटार र बालुवाटारमा लर्को

छलफल गरेर मन्त्री चयनको जिम्मा ओलीलाई दिने निर्णय गरेको सचिव योगेश भट्टराईले बताउनुभयो।

बैठकले दुई पार्टीबीच एकताका क्रममा यही फागुन ७ गते भएको सातबुँदे सम्झौता पार्टी एकीकरणको सकारात्मक आधार भएको भन्दै अनुमोदनसमेत गरेको छ। बैठकले पार्टी एकीकरणमा रहेकाले पार्टीका विभिन्न जनवर्गीय संगठनका अधिवेशन र सम्मेलनको मिति तय भएको भए तत्काल स्थगित गर्ने निर्णय गरेको छ।

माओवादी केन्द्रभित्र पनि मन्त्री छनोट गर्न ठूलो विवाद शुरू भएको छ। मन्त्री छनोटमा प्रचण्ड र रामबहादुर थापाबीच विवाद चुलिएको बताइएको छ। थापाकै नेतृत्वमा पार्टी सरकारमा हुने विषयमा मोटामोटी सहमति भए पनि गृहमन्त्री को भन्ने विषयले माओवादीभित्र विवाद चुलिँदै गएको छ। गृहमन्त्री बन्ने दौडमा थापा, वर्षमान पुन, जनार्दन शर्मा रहेका छन्। तीनै जनाले गृहमन्त्रीमा दाबी गरेपछि गाँठो फुकाउन पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई सकस परेको छ।

पार्टीले पाएको सात जना मन्त्री छनोटका लागि बसेको केन्द्रीय कार्यालयको बैठकमा पनि कुनै सहमति जुट्न नसकेपछि मन्त्री छान्ने जिम्मेवारी पार्टीले प्रचण्डलाई दिएको छ। सात मन्त्री बन्नका लागि दुई दर्जनभन्दा बढी नेताहरू दौडमा रहेका छन्।

प्रदेश १ बाट हिमाल किराँती, अमनलाल मोदी, राम कार्की र शिवकुमार मण्डल दौडमा रहेका छन्। प्रदेश २ बाट गिरिराजमणि पोखरेल, प्रभु साह र मातृका यादव दौडमा रहेका छन्। मधेसबाट मातृका यादव मन्त्री बन्ने पक्कापक्की भएको माओवादी एक नेताले बताए। प्रदेश ३ बाट अग्नि सापकोटा, हरिबोल गजुरेल, पम्फा भुसाल, रामबहादुर थापा बादल र हितबहादुर तामाङले मन्त्री बन्ने आकांक्षा देखाएका छन्। थापाले नै पार्टीका तर्फबाट सरकारमा नेतृत्व गरेर जाने विषयमा सहमति जुटेको बताइएको छ।

तर गृहमन्त्री वा अन्य कुन मन्त्रालय लिने भन्ने विषयमा टुंगो लाग्न सकेको छैन्। प्रदेश ४ बाट देवेन्द्र पौडेल, देव गुरुङ र हरि अधिकारी आकांक्षी छन् भने प्रदेश ५ बाट वर्षमान पुन, कृष्णबहादुर महरा, चन्द्रप्रकाश खनाल, टोपबहादुर रायमाझी, सन्तकुमार थारु, कमला रोका मन्त्रीका लागि दौडधुपमा लागेका छन्। वर्षमान पुन आफूले गृहमन्त्री बन्न पाउनुपर्ने दौडधुपमा रहेका छन्।

पार्टीभित्र कृष्णबहादुर महरा र देव गुरुङ भने सभामुखको दौडमा रहेका छन्। प्रदेश ६ बाट शक्ति बस्नेत, टेकबहादुर बस्नेत र जनार्दन शर्मा र प्रदेश ७ बाट संघीय मन्त्रीका दाबेदाहरूमा लेखराज भट्ट र विना मगर रहेका छन्। पार्टीको भागमा परेको गृहमन्त्रीमा को जाने भन्ने विषयमा थापा, पुन र शर्माबीच विवाद रहेको बताइएको छ।

एमाले र माओवादीबीच मन्त्रालय भागवण्डा गरेलगत्तै शुक्रबार नै मन्त्रिपरिषद् विस्तार गर्ने तयारी गरे पनि पार्टीभित्रको आन्तरिक विवादका कारण हुन सकेन।

आज शनिबार बेलुकासम्म मन्त्रीको टुंगो लगाउने र आइतबार मन्त्रिपरिषद् विस्तार गर्ने तयारी प्रधानमन्त्री ओलीले गर्नुभएको छ। प्रधानमन्त्री ओलीका मुख्य राजनीतिक सल्लाहकार विष्णु रिमालले मन्त्रिपरिषद् विस्तार छिट्टै हुने बताउनुभयो।

मन्त्री छनोट गर्ने दबाबमा रहनुभएका प्रधानमन्त्री ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड आन्तरिक गृहकार्यमा जुट्नुभएको छ। मन्त्री बन्नका लागि प्रधानमन्त्री निवास बालुवाटार र प्रचण्ड निवास खुमलटारमा नेताहरूको भीड लागेको छ।

# सम्बन्ध गाँस्दै मिति बिर्सदै

ईश्वरराज ढकाल, काठमाडौं

काठमाडौं महानगरपालिकासँग भगिनी सम्बन्ध स्थापना गर्ने अन्तर्राष्ट्रिय महानगरपालिका र शहरको संख्या १४ पुगेको छ। तर यसको विस्तृत अभिलेख कामनपासँग छैन। तीमध्ये ४ वटा शहरसँग भएको सम्बन्धको अभिलेख छ भने १० वटा संस्थासँग भएको सम्बन्धबारेको कागजात हराइरहेको छ।

पहिलोपटक यस्तो सम्बन्ध स्थापना गर्ने अमेरिकाको युजेन शहरसँग सम्बन्ध स्थापना भएको तिथिमितिसमेत कामपासँग छैन। यसबारे महानगरपालिका अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालयसँग समेत कुनै जानकारी छैन। सचिवालय प्रमुख साधुराम भट्टराईले भन्नुभयो- 'विश्वका विभिन्न शहरसँग कहिले सम्बन्ध स्थापना भयो भन्ने विषयमा जानकारी नै छैन, म आएको एक वर्ष भयो, त्यस बेलादेखिको मात्रै अभिलेख राखेका छौं, त्यसअघिको छैन।'

उहाँले भूकम्पले क्षतिग्रस्त महानगरको भवनमा रहेका ती सामग्री कता परेछ सचिवालयलाई नै जानकारी छैन।

तत्कालीन अन्तर्राष्ट्रिय सम्बन्ध विभाग प्रमुख शंकर कँडेलले पनि ती कागजातको विषयमा जानकारी नै नभएको बताउनुभयो। खोज्ने प्रयास गरिए पनि डकुमेन्ट फेला पार्न नसकेको उहाँको भनाइ थियो।

कामपाका प्रवक्ता ज्ञानेन्द्र कार्कीले अन्तर्राष्ट्रिय सचिवालयसँग हुनुपर्ने सामग्री हराएको विषयमा जानकारी लिइने स्पष्ट पार्नुभयो। उहाँले ती कागजातहरू हराएका शहरसँग पुनः डकुमेन्ट माग्ने तयारी भइरहेको जानकारी दिनुभयो।

पहिलोपटक अमेरिकाको युजेन र दोस्रोपटक अमेरिकाकै रोचेस्टर

**कामनपासँग सम्बन्ध स्थापना गर्ने शहरको संख्या १५ पुग्यो**

शहरले कामपासँग भगिनी सम्बन्ध राखेको हो। महानगरपालिकाले सन् १९८९ मा जापानको मात्सुमोतो शहरसँग भगिनी सम्बन्ध स्थापित गरेको थियो। सचिवालयका अनुसार चीनको लान्जाउसँग २०१६ मे ११, चेङ्गदुसँग सोही वर्षको डिसेम्बर १३, दक्षिण कोरियाको सोलसँग सेप्टेम्बर २६ र अमेरिकाको फ्रेडरिकबर्ग शहरसँग २०१७ अक्टोबर १० मा यस्तो सम्बन्ध स्थापना भएको थियो।

यसैगरी चीनको सियान र सेन्जेन, बेलारुसको मिन्सक, वर्माको यांगुन, उत्तर कोरियाको पेङवाङ, चीनको, ल्हासा, भारतको वाराणासी, अमेरिकाको बोल्डर र थाइल्यान्डको बैंकक शहरसँग भगिनी सम्बन्ध स्थापित भइसकेको छ। यसैबीच आउँदो सोमबार स्पेनको मेड्रिट शहरसँग पनि भगिनी सम्बन्ध स्थापना गरिँदै छ।

कामपाले भगिनी सम्बन्ध स्थापना गरेको शहरसँग समाजिक, सांस्कृतिक र आर्थिक सहयोग आदानप्रदान गर्ने गरेको सचिवालयले जनाएको छ। कामनपाले जापानमा मुख्यालय रहेको मानव बन्दोबस्त व्यवस्थापनका लागि स्थानीय सरकारको क्षेत्रीय सञ्जाल (सिटिनेट), क्यानडामा मुख्यालय रहेको विश्व सम्पदा शहरहरूको संगठन (ओडब्ल्यूएचसी), स्पेनको वार्सिलोनामा मुख्यालय रहेको संयुक्त शहरहरू र स्थानीय सरकारहरूको संगठन (सीएलजी)मा आबद्धता जनाइसकेको छ।

कामपाद्वारा सम्बन्ध स्थापित भएका उत्तरकोरियाको प्योङयाङ र वर्माको यंगुनसंग वर्षौंदेखि कुनै सहयोग आदानप्रदान नभएको कामनपा स्रोतले बताएको छ।

(क्रमश: पृष्ठ ९ मा)

# राष्ट्रियसभामा मनोनितविरुद्ध सर्वोच्चमा रिट

काठमाडौं, (नेस)

शेरबहादुर देउवा नेतृत्वको सरकारले राष्ट्रियसभामा सिफारिस गरेका तीन जनाले आफूहरूको नाम बिनाकारण फिर्ता लिई अरूलाई सिफारिस गरेको भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका छन्।

राष्ट्रियसभा सदस्यका लागि सिफारिस भएका गोपाल बस्नेत, कृष्णप्रसाद पौडेल र चाँदनी जोशीले शुक्रबार सर्वोच्चमा रिट दायर गरेका हुन्। उनीहरूको नाम केपी ओली सरकारले सिफारिस फिर्ता लिई नयाँ नाम सिफारिस गरी राष्ट्रपतिले अनुमोदनसमेत गर्नुभएको छ। अघिल्लो सरकारले जाँदाजाँदै राष्ट्रियसभा सदस्यमा बस्नेत, पौडेल र जोशीलाई सिफारिस गरेको थियो।

रिटमा राष्ट्रपति कार्यालय, प्रधानमन्त्री केपी शर्मा ओली, संघीय संसद् सचिवालय र राष्ट्रियसभामा राष्ट्रपतिबाट मनोनितहरू डा. युवराज खतिवडा, विमला राई पौडेल र रामनारायण बिडारीलाई विपक्षी बनाइएको छ।

# केन्द्रमा १७ मन्त्रालय मात्रै रहने

## मन्त्रालय घटेपछि महाशाखा बढाइने

सुनील महर्जन, काठमाडौं

सरकारले केन्द्रमा मन्त्रालयहरूको संख्या घटाएर १७ वटामा सीमित गरेको छ।

केन्द्रको अधिकार प्रदेश र स्थानीय तहमा गएको भन्दै मन्त्रालयको संख्या घटाइएको हो। यसले गर्दा केन्द्रमा धेरै मन्त्रालय आवश्यक नरहेको निष्कर्ष निकाल्दै शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले सो निर्णय गरेको वातावरण मन्त्री लालबाबु पण्डितले जानकारी दिनुभयो।

सो निर्णयसँगै अब प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयसहित १८ सदस्यीय मन्त्रीमण्डल बन्नेछ। सरकारको निर्णयअघि नेकपा एमाले र माओवादी केन्द्रले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित केन्द्रमा १८ मन्त्रालय राख्ने समझदारी गरेका थियो। यसअन्तर्गत करिब २७ वटा विभाग र ३२ वटा केन्द्रीयस्तरका कार्यालय पनि रहनेछन्।

अहिले केन्द्रमा प्रधानमन्त्री कार्यालयसहित ३१ मन्त्रालय छन्। मन्त्रिपरिषद्को निर्णयसँगै अब १३ मन्त्रालय घटाउनुपर्ने छ। संविधानको अनुसूचीमा रहेको संघ, प्रदेश र स्थानीय तहको एकल सूची र साझा सूची, संविधानको नीति निर्देशक सिद्धान्त र अन्य प्रावधानहरूको आधारमा मन्त्रालय रहने र नरहने निर्णय गरिएको हो। संविधानमा रहेको अधिकार सूचीको विश्लेषण गरी तयार गरिएको ८ सय ७० वटा जिम्मेवारीलाई पनि आधार मानेको छ।

यसअघि सरकारद्वारा मन्त्रालयको संख्या निर्धारण गर्न तथा प्रशासन पुनर्संरचनाका लागि भन्दै विभिन्न समयमा गठित तीनवटा समितिले संघ सरकारमा रहने मन्त्रालयको संख्या प्रस्ताव गरेको थियो।

सामान्य प्रशासनमन्त्रीको अध्यक्षतामा रहेको अधिकार सम्पन्न संघीयता प्रशासन पुनर्संरचना समितिले १८ वटा, मुख्यसचिवको अध्यक्षतामा रहेको संघीयता कार्यान्वयन तथा प्रशासन पुनर्संरचनासम्बन्धी समन्वय समितिले १६ र प्रशासकीय अदालतका अध्यक्ष काशीराज दाहालको अध्यक्षतामा रहेको प्रशासन सुधार सुझाव आयोगले बढीमा १२ वटासम्म मन्त्रालय बनाउन सरकारलाई प्रतिवेदनसहित सुझाव दिएको थियो।

विभिन्न समितिले सामान्य प्रशासन मन्त्रालयलाई हटाएर मानव संशाधन तथा शिक्षा मन्त्रालय प्रस्तावित गरेको थियो। त्यसैगरी राष्ट्रिय योजना आयोगलाई अर्थ मन्त्रालयमा गाभेर अर्थ तथा योजना मन्त्रालय बनाउने प्रस्ताव गरिएको थियो। कार्यदलले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिफारिस गरेको थियो। अहिले यो नाममा छुट्टाछुट्टै तीनवटा मन्त्रालय रहेका छन्।

त्यस्तै अहिले भएको कृषि, सहकारी तथा भूमिसुधार मन्त्रालयलाई गाभेर एउटा मन्त्रालय बनाइएको छ। मन्त्रालयको नाम कृषि विकास, सहकारी तथा भूमिसुधार मन्त्रालय प्रस्ताव गरिएको छ। यस्तै गृह, रक्षा र परराष्ट्र मन्त्रालयलाई यथावत राखिएको छ।

ऊर्जा र सिँचाइ मन्त्रालयलाई गाभेर जलस्रोत तथा ऊर्जा मन्त्रालय बनाइएको छ। कानुन मन्त्रालयमा संघीय मामिलाको जिम्मेवारीसमेत थपेर कानुन न्याय तथा संघीय मामिला मन्त्रालय बनाइएको छ। यस्तै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा शहरी विकास मन्त्रालयमा गाभिएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई यथावत् राख्ने भएको छ।

अहिले भएका तीन मन्त्रालयका केही जिम्मेवारीहरू मिलाएर वन भूसंरक्षण तथा वातावरण मन्त्रालय बनाइएको छ। यस्तै कार्यदलले महिला, सामाजिक समावेशीकरण तथा संघीय मामिला मन्त्रालय प्रस्ताव गरेको छ। विज्ञान तथा प्रविधि मन्त्रालयलाई सञ्चार मन्त्रालयमा गाभेर सूचना, सञ्चार, विज्ञान तथा प्रविधि मन्त्रालय गठनको प्रस्ताव गरेको थियो।

स्वास्थ्य मन्त्रालयलाई पुरानै संरचनामा राख्ने निर्णय गर्दै कार्यदलले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय गठन गर्ने प्रस्ताव गरेको हो।

(क्रमश: पृष्ठ ९ मा)

# महानगर

यातायातको सुविधा नहुनु र गाउँमा स्वास्थ्य संस्था नहुनेले पीडा खेप्नुपरेको स्थानीय मैत्या घर्तीमगरले बताए। मैकोटकी स्थानीय कुसुम थापाले पनि उपचार गर्न स्टेचरमा लैजाँदै गर्दा आफ्नी देउरानी गुमाएको बताइन्।

## दुर्गमको पीडा

# बिरामीको ज्यान बचाउन धौ-धौ

**धनवीर दाहाल/रुकुम पूर्व**

रुकुम पूर्वको अति विकट बस्ती मैकोट योमाखारकी ३१ वर्षीया लोबै बुढा मगरले अस्पतालको अभावमा उपचार गर्नै नपाई ज्यान गुमाउनुपऱ्यो। सामान्य बिरामी भएकी बुढालाई स्थानीय शुरूमा धामीझाँक्री र झारफुक गर्नतिर लागे। निको नभएपछि गाउँमा कुनै पनि स्वास्थ्य संस्था नभएकाले स्थानीय जमघट भएर उनलाई रुकुम पश्चिमको जिल्ला अस्पताल पुऱ्याउनका लागि स्टेचरको सहायताबाट रुकुमकोटसम्म पुऱ्याइयो। रुकुममा उपचार सम्भव नभएपछि काठमाडौंमा पुऱ्याउँदासम्म पनि उनलाई बचाउन नसक्दा यतिबेला आफन्तजनमा पीडा भएको छ। यो एउटा प्रतिनिधिमूलक घटना मात्र हो। रुकुम पूर्वका विकट गाउँमा स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच गराउनुपर्छ भन्ने चेतनाको अभाव अहिले पनि रहेको छ। मानिस बिरामी हुनेवित्तिकै धामीझाँक्री गर्ने चलन कायमै छ। यातायातको सुविधा नहुनु र गाउँमा स्वास्थ्य संस्था नहुनेले पीडा खेप्नुपरेको स्थानीय मैत्या घर्तीमगरले बताए। मैकोटकी स्थानीय कुसुम थापाले पनि उपचार गर्न स्टेचरमा लैजाँदै गर्दा आफ्नी देउरानी गुमाएको बताइन्। उनले रन्मा तथा मैकोटमा दुर्गमको कारण अकालमा धेरैले ज्यान गुमाएको बताइन्।

### अझै पनि स्टेचरको सहायता

हिमाली जिल्ला रुकुम पूर्वको खामभाषी मगर बस्ती विकट पहाडै पहाडले घेरिएको छ। यहाँ आउने जो कोही पनि अशिक्षा, रोग र भोक तथा विकासको नाममा शून्य पूर्वाधार देखेर आँखा रसाएर फर्किने गरेको घर्ती बताउँछन्। कष्टकर जीवनशैली बिताइरहेका समुदायलाई अलि-अलि ज्वरो आएमा धामीझाँक्रीकोमा पुग्ने परम्परा कायमै छ। स्थानीय घाउ तथा चोटपटक एवं



सामान्य ज्वरो धामीझाँक्रीबाट नभएमा मात्र नजिकको स्वास्थ्य संस्थामा बिरामीलाई लैजाने गर्दछन्। रुकुम पश्चिमको जिल्ला अस्पताल एक दिनभरि हिँडेर एक दिनको जिप यात्रापछि मुसिकोटमा रहेको सल्ले अस्पतालमा पुगिन्छ। रुकुम पूर्वमा अझै जिल्ला अस्पताल स्थापनाको सुरसार छैन। मैकोटको योमाखार निवासी लोबै बुढा मगरलाई युवाहरुले स्टेचरमा डेढ दिन बोकेर एक दिनको जिप यात्रापछि मुसिकोटमा पुऱ्याई बसमा काठमाडौं पुऱ्याउँदासम्म ५ दिन बितेको स्थानीय बताउँछन्। काठमाडौंमा पुऱ्याएर हतार-हतार ललितपुरको बी एन्ड बी अस्पतालमा भर्ना गरे पनि उनलाई बचाउन नसकिएको परिवारको पीडा छ। खाम बस्तीमा राम्रो अस्पताल भएको भए औषधि उपचार गरेर बचाउन सकिने स्थानीय घर्तीले बताए। अस्पतालको अभावमा वर्षौंदेखिको पीडा खेपिरहेका मैकोटवासीलाई यातायात नपुग्दा समस्या भएको छ। डेढ दिन हिँडेर बिरामीलाई बोक्नुपर्ने अवस्था अन्त्य गरिदिन स्थानीयले माग गरेका छन्।



# बलिउडमा २ सय करोड क्लबको रेकर्ड





**रश्मी थापा**

फिल्मको व्यापारको हिसाबमा बलिउडमा ४ क्लब छन्। १ सय करोड, २ सय करोड ३ सय करोड र ५ सय करोड।

४ सय करोडको बाटो हुँदै *बाहुबली*जस्तो फिल्म भने ५ सय करोड क्लबसम्म पुगेको छ। हाल चलिरहेको बलिउड फिल्मको चर्चा गर्नुपर्दा अहिले फिल्म *पद्मावत*ले राम्रो व्यापार गरिरहेको छ। यो फिल्म अहिले २ सय करोड क्लबमा रहेको छ। *पद्मावत*सहित यो क्लबमा अन्य १५ फिल्म रहेका छन्। यी फिल्ममा *बाहुबली २, दबंग, टाइगर जिन्दा हे, पिके, बजरंगी भाइजान, सुल्तान, धुम-३, कृष ३, कीक, चेन्नई एक्सप्रेस, प्रेम रतन धन पायो, गोलमाल अगेन, ह्याप्पी न्यु* इउर र थ्री इडियट्स पर्छन्। यीमध्ये *थ्री इडियट्स* २ सय करोडको आकडामा पुग्ने पहिलो फिल्म हो। यो फिल्मको रेकर्ड लगभग साढे ३ वर्षसम्म अन्य फिल्मको लागि चुनौती सावित भयो।

यो क्लबमा पुग्ने सुल्तान भने सलमान खान हुन्। उनका ५ फिल्म *सुल्तान, किक, बजरंगी भाइजान, प्रेम रतन धन पायो* र *टाइगर जिन्दा हे* यस क्लबमा सामेल छन्। यसपछि भने अमीर खान छन्। उनका *दंगल, थ्री इडिएट्स, पीके* र *धुम-३* ले २ सय करोड क्लबको शोभा बढाएका छन्। दुई फिल्म चेन्नई *एक्सप्रेस* तथा *ह्याप्पी न्यु इयर*का साथ शाहरुख खान तेस्रो नम्बरमा रहेका छन् भने प्रभाष *बाहुबली* २, रीतिक रोशन *कृष* ३, रणवीर सिंह र शाहीद कपुर *पद्मावत* तथा अजय देवगण *गोलमाल अगेन* गरी एक-एक फिल्मका साथ २ सय करोडको चौंथो स्थानमा रहेका छन्।

बलिउड नायिकाको सवालमा भने नायिका दीपिका पादुकोण यस क्लबको क्विन सावित भएकी छिन्। उनका ३ फिल्म चेन्नइ *एक्सप्रेस, ह्याप्पी न्यु इयर* र *पद्मावत* यो क्लबमा सामेल छन्। अनुष्का शर्मा *पीके* र *सुल्तान,* कट्रिना कैफ *टाइगर जिन्दा हे* र *धुम* ३, तथा करीना कपुर *बजरंगी भाइजान* र *थ्री इडियट्स* गरी २/२ फिल्मका साथ यो क्लबमा दोस्रो स्थानमा रहेका छन्। त्यसै गरी प्रियंका चोपडा *कृष-३,* ज्याकलिन फर्नान्डिज *किक,* सोनम कपुर *प्रेम रतन धन पायो,* अनुष्का शेट्टी र तमन्ना भाटिया *बाहुबली-२* तथा परिणिती चोपडा *गोलमाल अगेन*जस्ता एक-एक फिल्मको साथ तेस्रो नम्बरमा रहेर यो क्लबको शान बढाएका छन्।

यस्तै निर्देशकको कुरा गर्नुपर्दा राजकुमार हीरानी, अली अब्बास जफर तथा रोहित शेट्टी त्यस्ता निर्देशक हुन्, जसको नाममा दुई-दुई फिल्म २ सय करोड क्लबमा सामेल छन्। जसमा राकुमारको *पीके* र *थ्री इडिएट्स,* अली अब्बासको *टाइगर जिन्दा हे* र *सुल्तान* तथा रोहितको *चेन्नई एक्सप्रेस* र *गोलमाल अगेन* फिल्म परेका छन्। यो क्लबमा निर्देशक एसएस राजमौली *बाहुबली-२,* नितेश तिवारी *दंगल,* कवीर खान *बजरंगी भाइजान,* विजय कृष्ण आचार्य *धुम-३,* राकेश रोशन *कृष* ३, साजिद नाडियाडवाला *किक,* सञ्जयलीला भंसाली *पद्मावत,* सुरज बडजात्या *प्रेत रतन धन पायो* तथा फराह खान *ह्याप्पी न्यु इयर* गरी एक-एक फिल्मका साथ २ सय करोड क्लबको सदस्य रहेका छन्। यो क्लबमा सामेल फराह खान एक्ली महिला निर्देशक हुन्।



# कान्छीको व्यापार कायमै
# थपियो पञ्जे बाजा




पति वियोगबाट लामो समय शोकमा डुबेकी निर्मात्री तथा नायिका श्वेता खड्काले त्यसबाट सम्हालिँदै केही समयको अन्तरालपछि निर्माण गरेको फिल्म कान्छीले दोस्रो सातामा पनि राम्रो व्यापार गरेको छ।

काया फिल्म्स् प्रालिको प्रस्तुतिमा श्वेता खड्काद्वारा प्रस्तुत तथा शैलेश खड्काद्वारा निर्मित यो फिल्ममा पारिवारिक प्रेममा सांगीतिक कथा उनिएको छ। यो फिल्मलाई नायक तथा निर्माता स्व. श्रीकृष्ण श्रेष्ठ र नायिका श्वेता खड्काद्वारा निर्मित १ सय दिन मनाउन सफल फिल्म कोहिनुरका निर्देशक आकाश अधिकारीले निर्देशन गरेका छन्। फिल्ममा श्वेता खड्का, दयाहाङ राई, आशान्त शर्मा, अनु शाह, कामेश्वर चौरासिया, प्रज्वल सुजल गिरी, विनोद न्यौपाने, भूमिका श्रेष्ठ, रमेश अधिकारी, जयनन्द लामा, निर शाहलगायतले प्रमुख भूमिकामा अभिनय गरेका छन्। रविन खड्का सहनिर्माता रहेको फिल्ममा लेखन यम थापा, संगीत अर्जुन पोखरेल र राजनराज शिवाकोटी, नृत्य वसन्त श्रेष्ठ, द्वन्द्व हिमाल केसी, छायांकन पुरुषोत्तम प्रधान तथा सम्पादन वनिष शाह र भूपेन्द्र अधिकारीको रहेको छ। यसको चरी चट्ट परी बोलको गीत थप आकर्षण बनेको छ। संगीतकार राजनराज शिवाकोटीको संगीत रहेको यो गीतले १ करोड बढी भ्युज पाएको थियो।

'गत हप्तादेखि नेपाली सिने जगत कान्छीमय भएको छ। प्रदर्शनको दोस्रो हप्तासम्म आइपुग्दा पनि कान्छीप्रति मेरा आदरणीय दर्शकको माया र साथमा कुनै कमी आएको छैन', नायिका तथा निर्मात्री श्वेता खड्काले दर्शकप्रति आभार प्रकट गर्दै स्टाटस लेखेकी छिन्- 'यो अटुट साथ र अनगिन्ती मायाका लागि म आभारी छु।'

यसैबीच अर्को १ फिल्मसँगै आधुनिक प्रेम कथामा आधारित फिल्म पञ्चे बाजा शुक्रबारबाट अल नेपाल रिलिजमा आएको छ।

घनश्याम लामिछानेको निर्देशनमा राजेश शाहीले निर्माण गरेको फिल्ममा सौगात मल्ल, जस्मिन श्रेष्ठ र कर्मा शाक्यलाई विभिन्न पात्रमा बाँधेर त्रिकोणात्मक प्रेम प्रस्तुत गरिएको छ।

सारा गुरुङ सहनिर्माता रहेको फिल्ममा सौगात मल्ल, कर्मा शाक्य, जस्मिन श्रेष्ठ, बुद्धि तामाङ, सृजना सुब्बा, प्रकाश घिमिरे, विमला गिरी, देशभक्त खनाल, सविन बाासतोला, प्रमिला तुलाचन, राजेश शाही, युवराज भण्डारी, तेज गिरी प्रमुख भूमिकामा छन्। फिल्ममा कालीप्रसाद बासकोटा र विकाश चौधरीको संगीत, प्रदीप भारद्धाजको लेखन र हरि घले लामाको छायांकन रहेको छ।

सुवास गिरी र भुवन केसीको निर्माणमा सुरेन्द्र पौडलद्वारा निर्देशित अर्को फिल्म हिजो शुक्रबारबाटै तेस्रो सातामा प्रवेश गरेको छ।

# दुम्जाबाट कलायात्रा



धरणीधर स्मृति पुस्तकालयले ५ दिने *'सुनकोशी सम्पदा कला साहित्य यात्रा २०७४'* आयोजना गरेको छ। *सम्पदा कलायात्रा*का क्रममा तयार पारिएका २४ कलाकृति शितलपाटी खाल्टेस्थित दीर्घ प्रदीप माध्यमिक विद्यालयमा प्रदर्शन गरिएको थियो।

जागरणकवि धरणीधर कोइरालाको १२६औं जन्मजयन्तीका अवसरमा आयोजित कलायात्रा कुशेश्वर दुम्जाबाट शुरू भएको थियो। कलायात्राका क्रममा ५ जना कलाकारले सिन्धुली जिल्ला सुनकोशी गाउँपालिकाका धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्त्वका पाटीपौवा, मठ, मन्दिर र मानेका साथै पुराना बजार, बस्ती र प्राकृतिक सम्पदालाई क्यानभासमा उतारेका थिए। चित्रमा पुनर्निर्माणको वर्तमान अवस्थालाई समेत झल्काइएको थियो।

प्रदर्शनीलाई विद्यार्थी, शिक्षक, शिक्षिका, जनप्रतिनिधि तथा स्थानीयवासीले रुचिपूर्वक अवलोकन गरेका थिए। सो अवसरमा सुनकोशी गाउँपालिका-६ का वडाअध्यक्ष लक्ष्मीप्रसाद तिमल्सिना, विद्यालयका प्रधानाध्यापक शंकर उप्रेती र समृद्ध सिन्धुली अभियानका संयोजक लीलानाथ घिमिरेले सम्पदा कला यात्राले सम्पदा संरक्षणमा जागरण ल्याउने विश्वास व्यक्त गरेका थिए।

यस्तै, कलाकार सुरेम देशार र यात्रा संयोजक दीपक श्रेष्ठ 'विहीन' ले सुनकोशी क्षेत्रमा रहेका सम्पदाको अवस्था नाजुक रहेको र यसको संरक्षणमा स्थानीय जनता र जनप्रतिनिधि जुट्नुपर्ने धारणा राखे। कलायात्रामा कलाकार सुरेम देशार, अनिल महर्जन, जयराम महर्जन, अनिल खड्का तथा मूर्तिकार राजेन्द्र देशार सहभागी थिए।



## भारतको अलाहवादमा
# निलको नयाँ फ्रेन्चाइजी

भारतीय शहरमा समेत लोकप्रियता पाएका चर्चित हेयर स्टाइलिस्ट निल डेभिडको फ्रेन्जाइजी युनिसेक्स सैलुन भारतको अलाहवादमा पनि सञ्चालनमा आएको छ। उनको अन्तर्राष्ट्रियस्तर र अत्याधुनिक शैलीको सो फ्रेन्चाइजी ब्रान्डको बुधबार बलिउडका सुपरस्टार अमिताभ वच्चनको नगरी अलहावादमा भारतीय व्यापारी अजय अग्रवाल र सोमनीले संयुक्तरूपमा शुभारम्भ गरेका हुन्।



भारतको मुम्बई स्वस्तीका फ्रेन्चाइजी मेनमेजन्टले निलको भारतका विभिन्न शहरमा १ सय फ्रेन्चाइजी सञ्चालनमा ल्याउने गरी निलसँग सम्झौता गरेबमोजिम गुहाटी आसाममा फ्रेन्चाइजी सैलुन सञ्चालनमा आइसकेको छ भने चाँडै नयाँ दिल्ली, अजमगढ, वाराणसी र लखनउमा सञ्चालनमा आउने तयारी भइरहेको निलले बताए। 'थाइल्यान्ड, लण्डन र सिंगापुरमा ३ वर्ष हेयर स्टाइल र मेकअप आर्टिस्टको कोर्ष पढी अन्तर्राष्ट्रिय डिग्री लिएँ। सोही अध्ययन मेरो बलियो आधार बन्न पुग्यो र आज झापाको सानो गाउँ लक्ष्मीपुरको म भारतसम्म आफ्नो फ्रेन्चाइजी र शाखा सञ्चालनमा ल्याउन सफल भएको छु' -निल भन्छन्। उनले आगामी मार्च १३ मा सिलगुढीमा निल डेभिड्स स्टाइलो सैलुनसमेत सञ्चालनमा ल्याउने भएका छन्।



# जस्टिन र सेलेना
## फेरि सँगै

क्यानेडियन गायक जस्टिन बिबर तथा अमेरिकी गायिका सेलेना गोमेज एक पटक फेरि एक साथ देखिएका छन्।

उनीहरूले सन २०१० बाट एक अर्कासँग डेट शुरू गरेका थिए। जुन समयमा जस्टिन केवल १७ वर्षका थिए भने सेलेना १९ वर्षकी थिइन्। तर उनीहरूको सन् २०१४ मा ब्रेकअप भएको थियो। ब्रेकअप भएपछि दुवैजना आ-आफ्नो बाटो लागे पनि फेरि यो पूर्व जोडी दोस्रो पटक सम्बन्धमा आएका छन्।

ब्रेकअपपछि सेलेनाले मृगौला प्रत्यारोपण गरेकी थिइन्। यसपछि उनी जस्टिनसँग पहिलो पटक डिनरमा निस्किएको एजेन्सीले जनाएको छ। यहीबीच उनीहरूको एक रोमान्टिक भिडियोसमेत बाहिर आएको छ। यो भिडियो छोटो समयमै सामाजिक सञ्जालमा भाइरल भएको छ। भिडियोमा जस्टिन र सेलेना कहिले लिप लक त कहिले हातमा चुम्बन गरिरहेको देखिन्छन्।




सर्वत्र बजारमा उपलब्ध छ।

# साहित्य

साहित्य मनोरञ्जन वा बौद्धिक विलासको साधन होइन। साहित्य जीवनलाई समृद्ध र मानिसका विचार तथा व्यवहारलाई उर्द्धगामी बनाउने महत्वपूर्ण माध्यम हो।
- सरिता तिवारी

तिमीलाई जुन पुस्तकले सबैभन्दा बढी सोचमग्न बनाउँछ, त्यही पुस्तक सबैभन्दा असल पुस्तक हो।
थियोडोर पार्कट

व्यक्तिवृत्त

# स्मृतिमा अक्षरपूजारी कृष्णप्रसाद दुवाल

मोहन दुवाल

गत बुधबार कृष्ण दाइ अर्थात् साहित्यकार कृष्णप्रसाद दुवालले ७८ वर्षको उमेरमा सधैंका लागि हामीलाई छोडेर गए। यिनै साहित्यकार कृष्ण दाइका अक्षर गाथाहरू स्मृतिमा राखेर नियालिरहेछु। बनेपाको माटोमा जन्मेर, काभ्रेभूमिमा थुप्रै साहित्यिक अभियान चलाएर आफूलाई साहित्यिक योद्धाका रुपमा स्थापित तुल्याइसकेका कृष्णप्रसाद दुवालका साहित्यिक पदचिन्हहरू आजपर्यन्त अविस्मरणीय छन्। दु:ख, कष्ट केहीको पनि परवाह नगरी निरन्तर साहित्य-साधना र सिर्जनामा लागिरहन सक्नु नै यिनका चर्चायोग्य विशेषताहरू हुन्। साहित्यमा यिनले थुप्रै गरे, अनगिन्ती साहित्यका हरफहरू कोरे, विविध पुस्तक-पत्रिका प्रकाशन गरे। विशेषत: बालकवितामा आफ्नो नाम र धाम बनाउन सफल कृष्णप्रसाद दुवालका अनगिन्ती बालकविताहरू राष्ट्रमा छरपस्ट छन्। बालकवितामा 'मेरो गाउँघर' कवितासङ्ग्रह प्रकाशित गरेर विद्यालयका नानीहरूका प्रिय कवि बनिसकेका थिए कृष्णप्रसाद। उनले पुऱ्याएर गएका साहित्यिक अभियानहरू, प्रकाशित गराइएका थुप्रै साहित्यिक प्रकाशनहरू र साहित्यिक पत्रकारितामा २०१७ सालतिर नै चिराग मासिक अक्षरमा बालेर अनि बालकवितामा राष्ट्रकवि माधव घिमिरे, कृष्णप्रसाद पराजुलीकै हाराहारीमा रहेर बालकविताहरू लेखेर जुन कीर्तिमान कायम गरेर गए, ती इतिहासका पृष्ठहरू सधैं स्मरण भइरहनेछन्। पशुपति आर्यघाटमा हवारहवार्ती बलेका यिनका अनुहार स्मृतिमा राख्दै उनले पुऱ्याएर गएका अक्षर-कर्महरू सम्झनामा राखेर उल्लेख गरिरहेछु।

निरन्तर केही गरिरहन गाह्रो हुन्छ, निरन्तर एउटै उद्देश्य साँचेर अघि बढिरहन कठिन हुन्छ। तर कुनै पनि विषयमा आफूलाई निरन्तर क्रियाशील गर्न सके एउटा इतिहास निर्माण हुन्छ। राजनीति, समाजसेवा, धर्मकर्म, साहित्यलगायत कुनै पनि क्षेत्रमा निरन्तर लागिरहन सक्नेहरूले समाजमा आ-आफ्ना ढंगका डोबहरू छोड्छन्। समाजमा केही न केही डोबहरू छोड्न इच्छा गर्नेहरूले नै समाजमा नयाँ-नयाँ चिन्तनहरू बाँड्छन्। यसै सन्दर्भमा राखेर उल्लेख गरिँदा बनेपाका साहित्यिक योद्धा कृष्णप्रसाद दुवाल अर्थात् के.पी. दुवाल याने के.पी. सरलाई भुल्न गाह्रो हुन्छ। नि:स्वार्थ सेवामा जीवनका क्षणहरू खर्च गर्नेहरू आर्थिक या भौतिक सुखभोगबाट टाढा हुन्छन्। जसले समाज, देश र जनताको लागि आफूलाई बालेर देखाउने प्रयास गर्छन्, उनीहरू मैनबत्तीझैं बल्दै जान्छन्। यस्तै मैनबत्तीको स्थितिमा आफूलाई बालेर अरूलाई देखाउँदै, प्रेरणा दिँदै आएका एकजना साहित्यिक प्रतिभा हुन् कृष्णप्रसाद।

वि.सं. १९९६ भाद्र १५ गते बनेपा, भोलाखाटोलमा पिता स्व. गणेशबहादुर र माता स्व. खिलकुमारीको कोखबाट साहित्यकार कृष्णप्रसाद दुवालको जन्म



भएको हो। सानै छँदा नै साहित्य-सिर्जना र साहित्यिक क्रियाकलापमा संलग्न उनले नि:स्वार्थ सेवाको भावनाले आफूलाई समाजमा समर्पित तुल्याए। आजपर्यन्त पनि एउटा साहित्यकारका रूपमा आफूलाई चिनाइरहे। आर्थिक सङ्कटको चेपुवामा परेर पनि जीवन र जगत्प्रतिको मानवीय संवेदनालाई सरलताका साथ साहित्यमार्फत अभिव्यक्त गरिरहने कार्यमा अनवरत लाग्नु नै उनको प्रेरक कार्य हो भन्न सकिन्छ। आजाद हाइस्कुल बनेपाबाट शिक्षा आरम्भ गरेका कृष्णप्रसाद दुवालले बी.एड. पहिलो वर्षसम्म मात्र शिक्षा पूरा गरेको देखिन्छ। पछि जीवनका क्षणहरूमा थुप्रै वर्ष आजाद हाइस्कुल, प्रौढ शिक्षा निकेतन, श्रीखण्डपुर स्कुल र चण्डेश्वरी मा.वि. नालामा शिक्षक भई सेवा गरेका यिनले राजनीति, समाजसेवा, पत्रकारिता, शिक्षणसेवा, साहित्यिक साधना र साहित्यिक यात्रामा आफूलाई समर्पित तुल्याउँदै आएको देखिन्छ। साहित्यसेवा मण्डल, प्रभात नृत्यमण्डललगायत थुप्रै साहित्यिक सङ्घसंस्थामा रही सेवा पुऱ्याइसकेका दुवाललाई २०५२ सालमा सुनकोशी साहित्य प्रतिष्ठानद्वारा जिल्लाकै एकजना राष्ट्रिय प्रतिभाका रूपमा अभिनन्दनसमेत भइसकेको देखिन्छ।

कविवर सिद्धिचरण श्रेष्ठसँग निकै नजिकको सम्पर्क र उठबस गरेका कृष्णप्रसाद दुवालले साहित्यिक आकाश छुने भविष्यका इच्छालाई साकार पार्न निरन्तर कठिन साहित्यिक यात्रामा लागिरहेको देखिन्छ। प्रतिभा नफुल्ने ठाउँमा, प्रतिभाको कदर नहुने बस्तीमा र प्रतिभाको खिसिट्युरी गर्ने परम्परा भएको यस परिवेशमा कृष्णप्रसादहरूको यात्रा यात्राजस्तो नदेखिनु आश्चर्य मान्नुपर्ने विषय होइन। उनले साहित्यका लागि जीवन नै समर्पण गरे, समर्पण हो उनको जीवन। कृष्णप्रसादजस्ताको समर्पणको कदर नगर्ने र मान्छेको मान्यता अर्थमा सीमित राखी मान्छेको चेतना र ज्ञानलाई मूल्याङ्कन नगर्ने यस देशमा प्रतिभाको अर्थ र मान्यता कहाँनिर राखेर विश्लेषण गर्ने हो? म विम्ब खोजिरहेछु।

जीवन बोकेर मान्छे क्रियाशील हुन सिक्नुपर्छ, क्रियाशीलताकै नाम हो मान्छे। बाँचुन्जेल क्रियाशील रहनु नै जीवन हो भन्नुहुने कृष्णप्रसाद दुवालले आफ्नो साहित्यिक आरोह-अवरोहमा थुप्रै प्रकारका कठिन यात्रा पार गरेर गएको देखिन्छ। राजनीतिक सचेतनाकै हिसाबले चेतनशील भईकन पनि जीवनका थुप्रै उत्सर्गहरू राजनीतिमा गुजारेर पनि जम्न र सफलता पाउन नसकेका असफल राजनीतिज्ञको नाम भइदिएको छ कृष्णप्रसाद दुवाल। उनलाई राजनीति पटक्कै फापेन। साहित्यमा चाहिँ लगनशीलताले भरिएको समर्पण बिर्सिनसक्नु छ। बनेपाको सन्दर्भमा भन्ने हो भने, उनी साहित्यिक इतिहासका धरोहर भएका छन्, खोजी गर्दा थाहा लाग्ने कुरा हो। कवि कृष्णप्रसाद दुवालको साहित्यिक यात्रा र जीवनका तरंगहरूबीच फुलेका साहित्यिक सिर्जनाहरूमा आफ्नै भाषा, आफ्नै भाव र आफ्नै सौन्दर्य जगमगाएका छन्। उनका कविताहरूमा देशप्रेमको भावना, मानिसका आँसु र हाँसोका व्यथा र उमंगहरू, मानिसकै विम्ब-प्रतिविम्ब, विश्वकै मानचित्र अनुभूति बनेर अभिव्यक्त भएको पाइन्छ। कवितामा कतै परिवर्तनको, कतै आशाको र कतै उज्यालोको सङ्केत दिने कवि दुवाल कवितािवम्बमा जीवन्त छन्।

राजनीतिमा पहिले काङ्ग्रेस पार्टीका जिम्मेदार व्यक्ति भएर कार्य गरेका कारणले २०१७ सालको काण्डमा अराष्ट्रिय तत्वका रूपमा पक्राउ परी केही दिन उनी भक्तपुर खोरमा थुनिएको देखिन्छ। उनले रा.प.स.मा उम्मेदवारी दिए तर सफलता प्राप्त गर्न सकेनन्। नेपाल युवक संगठन, काभ्रेको सभापतिसम्म भएका कृष्णप्रसाद दुवाल राजनीतिको आयामभित्र दिगो ढंगले स्थापित हुन सकेनन्। राजनीतिक क्रम र शिक्षणसेवाबाट आफूलाई पृथक् राखेर पछि साहित्य-साधना र सेवामा निरन्तर लागिरहेका उनले थुप्रै साहित्यिक कृतिहरू लेखीकन प्रकाशन गरेको देखिन्छ। सम्पादनको क्षेत्रमा संग (हस्तलिखित नेपालभाषा पत्रिका) देखि बालबाटिका, सिद्धिदास महान्, नेपाली र नेपालभाषाका पुस्तकहरूलगायत चिराग (मासिक), युवा सन्देश (साप्ताहिक) र प्रवर्द्धन (पाक्षिक), मैत्रीय सन्देश (मासिक) समेतको सम्पादक भई सेवा पुऱ्याएको देखिन्छ। २०१४-१५ सालदेखि लेख्दै, सम्पादन गर्दै, गोष्ठी र सभा सञ्चालन गर्दै र कविता सुनाउँदै हिँड्ने कृष्णप्रसाद दुवालको अवसान हुनु भनेको एउटा युगको साहित्यिक प्रयत्नको अवसान हुनु हो। जीवन संगिनी सूर्यमाया श्रेष्ठ याने गरमदेवीले आफूलाई छोडेर गएदेखि उनी आफूलाई कहिले छोराहरूसँग आत्मीयता साटेर, कहिले छोरी, बुहारी, नाति-नातिनाहरूलाई माया बाँडेर जीवनपथमा कठिन ढङ्गले यात्रामा समर्पित हुँदै आएका थिए। मानवीय प्रेमबाट नै साहित्यिक अनुभूति पोख्न शुरू गरेका कवि कृष्णप्रसाद दुवालका हालसम्मका प्रकाशित पुस्तकहरूमा जिं हालागु म्ये (नेपालभाषा कवितासङ्ग्रह २०१५), मेरो गाउँघर (बालकवितासङ्ग्रह), कमिलाको ताँती (बालकवितासङ्ग्रह २०४८), पुरानो पहाडमाथि नयाँ क्षितिज (कवितासङ्ग्रह २०४९), बालबाटिका (बालकवितासङ्ग्रह), मुसाहरूको खेल (बालकवितासङ्ग्रह २०५२), खोरभित्रको शेर (बालकवितासङ्ग्रह २०५२) आदि र थुप्रै प्रकाशोन्मुख कृतिहरू बाँकी छन्।

विधागत योगदानको हिसाबले उनले कथा, निबन्ध, नाटक, कविताहरूका साथै थुप्रै बालकविताहरू लेखेको देखिन्छ। विशेषत: बालकवितामा आफ्नै ढङ्गको सुन्दर भाषा र भावना अभिव्यक्त गर्न सिपालु कवि कृष्णप्रसादका बालकविताको इतिहासमा आफ्नै डोब र आफ्नै आयाम छ। नेपालका इनेगिनेका बालसाहित्यकारहरूको कोटीमा राख्न मिल्ने दुवालका बालकविताहरू एकताका पाठ्यपुस्तकका रूपमा पनि पठनपाठन हुन्थे। पुरानो पहाडमाथि नयाँ क्षितिज कवितामा आफ्नो अनुभूति उनी यसरी पोख्छन्-

***वर्तमान साह्रै दुब्लो-पातलो हुँदै गएछ***
***एक छाकमा छटपटाइरहेको छ***
***बाँदरले कोपरेको अनुहार बोकी***
***आफ्नो सृष्टि र कल्पना***
***स्पष्ट रेखामा कोर्न नसकी***
***ऊ त्यो क्षितिजमा***
***क्षितिज नै भइदिएको छ।***

यसै कवितामा कवि दुवालले जन्मने, मर्ने, बाँचुन्जेल खानै पर्ने, लाउनै पर्ने प्रकृतिको नियम र मानिसको सभ्यता जस्ताको तस्तै रहेकोमा दार्शनिक पाराले आफ्नो विचार कवितामा यसरी पोखेका छन्-

***यहाँ पुरुषले बच्चा जन्माएको छैन***
***बाघले कुकुर जन्माएको छैन***
***मुसाले बिरालो पनि खाएको छैन***
***यो ईश्वरको खेल भनिन्छ***
***कसैले बदल्न पनि सकेको छैन***
***खोई तेरो नयाँ युग ...?***

विचारका धनी, शब्दसंयोजन गर्न सिपालु दुवालले विश्वबारे आफ्नो कवितामा यसरी धारणा व्यक्त गरेका छन्-

***ममा विश्व छ***
***विश्वमा म छु***
***नपत्याए हेर***
***मेरा छातीभरि विश्व छ***
***मेरो आँखाभरि विश्व छ।***

बालकविताको क्षेत्रका देशका एकजना उत्कृष्ट कवि कृष्णप्रसाद दुवालले आफ्ना बालकविताहरूमा बालक नै भएर सोचेको, बोलेको र खेलेको पाइन्छ। साहित्यकार बासु रिमाल यात्रीले लेखेझैं यो सबैभन्दा असजिलो काम कृष्णप्रसाद दुवालले मेरो गाउँघर (बालकवितासङ्ग्रह) मा गरेका छन्। अन्त्यमा हामीले भन्नुपर्छ, एकजना परिश्रमी साहित्यिक योद्धाको भौतिक देहको अन्त्य भएको छ। अक्षरका पूजारी कृष्णप्रसाद दुवाललाई श्रद्धावत् श्रद्धाञ्जलि भनिरहेछु।

पुस्तक चर्चा

# बास्ना नआउने फूल सुँघ्दा

रामसुन्दर देउजा

नेपाली साहित्यमा सबैभन्दा बढी लेखिने विधा कविता हो। टिनएज (१३ वर्षदेखि १९ वर्षसम्म) को उमेरमा मानिसले प्रेम गर्दा कविता एकपटक लेखेकै हुन्छ भन्ने भनाइ छ तर कति मानिस साहित्यमा निरन्तर लागिरहन्छन् र कति पानीको फोकाझैं छिट्टै फुट्छन्।

काभ्रे जिल्ला नमोबुद्ध नगरपालिका निवासी कमल कुइँकेलले आफ्नो दोस्रो कृति 'बास्ना नआउने फूल हुँ म' नामको कवितासङ्ग्रह हालै प्रकाशित गरेका छन्। यसअघि उनले 'नरुनु आमा' कवितासङ्ग्रह प्रकाशित गरिसकेका छन्। नमोबुद्ध नगरपालिकामा कम्प्युटर अपरेटरको रुपमा कार्यरत उनी साहित्यमा पनि दिल खोलेर अगाडि बढ्न रुचाइरहेछन्। जनमत प्रकाशनद्वारा प्रकाशित यस कृतिमा उनका ४१ वटा कविताहरू सङ्ग्रहित छन्। यस सङ्ग्रहको रचनास्रोतलाई उनी यसरी व्यक्त गर्छन्- 'सबैतिर मान्य हुनु फूलको विशेषता हो। सामाजिक, आर्थिक, पारिवारिक एवं वरपरको वातावरण आफू विपरीत बन्दा सर्वमान्य फूलको बास्नाप्रतिको वितृष्णा, बास्नाप्रतिको नकारात्मक चिन्तन र त्यसबाट उत्पादन भएको अव्यावहारिक मन्थनबाट निस्किएको गन्धहरूको सङ्ग्रह।'




यस कवितासङ्ग्रहमा उनका कविताहरूले देश र समाजमा छरिँदै गइरहेका विकृति एवं विसंगति अनि देशको अत्यन्त संवेदनशील अवस्थाप्रति औंला ठड्याइएका छन्। 'क्या नमिठो' शीर्षकको कवितामा उनी यसरी पोखिन्छन्-

***भनूँ भने खै के भनूँ***
***खोक्रो आडम्बर कसरी खोलूँ***
***नभनूँ भने खै म कसरी नभनूँ***
***खालि पेट केले पो भरूँ?***
***भो गोष्ठी सेमिनारको कुरै नगरूँ***
***ज्यामी ज्यालादारी टन्न खान्छन्***
***सोच्दै नसोचौं।***

जीवनमा जहिले पनि आशावादी बन्नुपर्छ। कालो बादल मडारिइरहँदा पनि त्यहाँभित्र चाँदीको घेरा देख्न सकिन्छ। तर उनीभित्र विद्रोह उकुसमुकुस भएर बसेको छ। उनी कवितामा लेख्छन्-

***क्रान्तिका सोचले सल्बलाएका***
***यी हातहरू आह्वान गरिरहेछन्***
***ए ! गाउँ-बस्ती, पाखा-पखेरा***
***उठ न हौ आफ्नो गाउँ बनाउन***
***आफ्नो घरमा आफैंलाई दासी***
***बनाउनेलाई पाता कसेर***
***तिम्रो र मेरो उपस्थितिमा***
***मृत्युदण्ड दिन***

उनी मास्टरको कमाइबाट असन्तुष्ट छन् र मास्टरको कमाइ भनेको चिल्ला गाडीबाट झरेर पनि नमस्कार सर भन्छन् भनी व्यङ्ग्य कस्न पनि पछि पर्दैनन्। उनका कविताले प्रेमका संयोग-वियोगलाई पनि पर्गेल्न भ्याएका छन्। 'एउटा संयोग' शीर्षकको कवितामा उनी यस्तो याद दिलाउँछन्-

***वर्षौं पहिला***
***साटिएका धड्कनहरू***
***साँचिएका सपनाहरू***
***बिताएका वसन्तहरू***
***समाइएका हातहरू***
***अचानक शहरको भीडमा देखिनु***
***फरक यति मात्र थियो***
***उनका हात थाम्ने अरू कोही थिए***
***मेरा अरू कोही***
***उनी उतै उमङ्गित थिइन्***
***म यतै प्रफुल्लित थिएँ***
***बस आँखा आँखा रोकिए***
***मुटु मुटु चर्किए***

भर्खरै मात्र जनमत प्रकाशन नेपालबाट विमोचित यस सङ्ग्रहमा उनले आफ्ना वेदनाहरू, छटपटीहरू पोखेका छन्। कवितामा कतिपय वर्णनात्मक अभिव्यक्तिहरू पाइन्छन्, तीबाट मुक्त रही अझै शिल्पयुक्त चोटिला कविताहरू सिर्जना गर्न सकून्, शुभकामना छ।

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## सातको राशिफल

ज्यो. चन्द्रेश शर्मा

फागुन १२ देखि १८ गतेसम्म

**मेष**
तपाईंका लागि यो साता मिश्रित फलदायक छ। साताका शुरूका दिनहरू उत्तम फलदायक देखिन्छन्। खाद्यपदार्थ, उपहार, मिष्ठान्न भोजन पाउने सम्भावना छ। व्यापार व्यवसायबाट आशातीत सफलता मिल्ला। परिवारमा हर्षोल्लास बढ्नेछ। तर मंगलबारबाट भने अनेक झमेला आइलाग्न सक्छ। निर्णय लिन कठिन होला। सफलता हासिल गर्न बढी नै परिश्रम गर्नुपर्ला। स्वास्थ्यमा समस्या आउन सक्छ।

**वृष**
तपाईंका लागि यो साता उपलब्धिमूलक नै देखिन्छ। विविध वस्तु वा सेवा प्राप्ति होला। कार्य सफल हुनाले मन आनन्दित होला। राजनीतिकर्मीबाट फाइदा लिन सकिने देखिन्छ। स्वस्थता एवम् आनन्दको अनुभूति होला। धेरथोर आर्थिक लाभ पनि हुनसक्छ। इज्जत प्रतिष्ठा बढ्नेछ। तर बिहीबार र शुक्रबार भने केही चिन्ता होला। कार्य बाधा, स्वास्थ्यमा गडबड हुनसक्छ।

**मिथुन**
तपाईंका लागि यो हप्ता सुख-समृद्धिदायक छ। राज्यद्वारा दिइने सेवा-सुविधा प्राप्त हुने, राजनीतिक सक्रियता बढ्ने, व्यापार-व्यवसायमा लागेकाहरूलाई यथेष्ट फाइदा हुने, शारीरिक एवम् मानसिकरुपमा स्वस्थ भइनेछ। त्यस्तै बोलीबचनमा सरस्वती बस्नाले बोलेको लाग्ने, आर्थिक लाभ हुनाले व्ययभार थेग्न सहज हुने, सुख-सन्तोष हुनेछ। तर आज शनिबार भने केही अस्वस्थता र तनाव होला।

**कर्कट**
तपाईंका लागि यो साता मध्यम फलदायक छ। मंगलबारदेखि बिहीबारसम्मका दिनहरू धेरै उत्तम फलदायक देखिन्छन्। यो समयमा गरेका कार्यहरू सजिलै सफल होलान्। सम्मान, उपहार, कोसेली पाइने सम्भावना छ। आर्थिक लाभ हुने, उन्नति-प्रगति हुने देखिन्छ। बाँकी दिनहरूमा भने अलि बढी परिश्रम गर्नुपर्ने हुन्छ। मानसिक अस्थिरता, दौडधुप होला। स्वास्थ्यमा समस्या आउन सक्छ।

**सिंह**
तपाईंका लागि यो साताका धेरैजसो दिनहरू उत्तम फलदायक छन्। साताको शुरू र अन्त्यका दिनहरूमा धन प्राप्ति, खाद्यपदार्थ प्राप्ति, पुरस्कार/उपहार प्राप्ति, मिष्ठान्न भोजन प्राप्तिको सम्भावना छ। व्यापारमा सफलता हासिल होला। जोश-जाँगर बढ्नेछ। तर मंगलबार र बुधबार भने स्वास्थ्यमा समस्या देखिएला। साथीभाइ, इष्टमित्रसँग विवाद पर्न सक्छ, होसियार रहनुपर्ला। अधिक खर्च होला।

**कन्या**
तपाईंका लागि यो साताका धेरैजसो दिनहरू फलदायक नै देखिन्छन्। कार्य सफल, स्वस्थता, भाग्योदय, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। प्रतियोगितात्मक कार्यमा विजयको संकेत देखिन्छ। धनलाभ, यश वृद्धि, वाहन लाभको सम्भावना छ। समस्याको समाधान एवम् अधुरा कार्य पूरा होला। तर बिहीबार र शुक्रबार भने काममा व्यवधान, स्वास्थ्य समस्या, आर्थिक नोक्सानी नहोला भन्न सकिन्न।

**तुला**
साता धेरै शुभ फलदायक देखिन्छ। आज शनिबार पेटको समस्या, दौडधुप भए पनि बाँकी सबै दिन उपलब्धिमूलक छन्। कतैबाट धन-पैसा प्राप्तिको योग छ। यसले गर्दा आर्थिक समस्या समाधान हुनेछ। कुनै प्रतियोगिताहरूमा भाग लिएको भए जित्ने सम्भावना अधिक छ। प्रेमप्रसंगले पूर्णता पाउनेछ। जीवनसाथीको सहयोगले ठूलै काम बन्ला। आफन्तबाट सहयोग पाइनेछ।

**वृश्चिक**
तपाईंका लागि यस साताको आइतबार र सोमबार त्यति राम्रो देखिँदैन। रोगव्याधि, चोटपटकको सम्भावना छ। तर बाँकी दिनहरू धेरै शुभ छन्। कहीं-कतैबाट आर्थिक लाभ होला। खाद्यान्न, उपहारादि वस्तु प्राप्ति होला। बौद्धिक एवम् कूटनीतिक क्षमताको विकास होला। बुद्धि विवेकले ठूलै काम बन्ला। कार्य सफल, सुख-सन्तोष होला। व्यापारी भएमा राम्रै फाइदा होला।

**धनु**
तपाईंका लागि यो साता मिश्रित फलदायक छ। सोमबारसम्मका दिनहरू उत्तम फलदायक देखिन्छन्। यसबीचमा उपहार, खाद्यपदार्थ वा मिष्ठान्न भोजन प्राप्ति होला। गरेको काममा सफलता मिल्ला। परिवारमा खुशी छाउनेछ। तर मंगलबारबाट भने तनाव, झमेला आइपर्न सक्छ। काम फत्ते गर्न गाह्रो पर्नेछ। परिश्रम धेरै तर उपलब्धि कम होला। शारीरिक अस्वस्थताको सम्भावना छ।

**मकर**
तपाईंका लागि साताका शुरूका दिनहरू धेरै उत्तम फलदायक छन्। धन लाभ, स्वस्थता, रोमान्टिक जमघट, रमाइलो वातावरण होला। उत्तम भोजन प्राप्ति, पुरस्कारको सम्भावना, सानो बोलीले ठूलो काम बन्ने देखिन्छ। आर्थिक उन्नति एवम् मान-सम्मान बढ्ला। व्यापारीलाई विशेष लाभ हुने सम्भावना छ। साताको अन्त्यमा भने व्यर्थमा खर्च, दौडधुप, दिनचर्या अस्तव्यस्त होला।

**कुम्भ**
साताको शुरूको दिन शनिबार केही खर्च र सामान्य स्वास्थ्य समस्या आउने सम्भावना छ। तर बाँकी दिनहरू भने धेरै लाभदायक छन्। इच्छित कार्यहरू पूरा हुँदा मन प्रफुल्लित हुनेछ। व्यापार, ठेक्कापट्टा वा गरिरहेको व्यवसायले सफलताको सिँढी चढ्नेछ। आम्दानीका स्रोतहरू बढ्नेछन्। नेतृत्व क्षमतामा वृद्धि हुँदा अरूहरू नतमस्तक हुनेछन्। इज्जत-प्रतिष्ठा नयाँ उचाइमा पुग्नेछ।

**मीन**
तपाईंका लागि यो साता मिश्रित फलदायक छ। के गर्ने, के नगर्ने भनेर निर्णय लिन नसक्ने अवस्था आउन सक्छ। साताको मध्यभाग आइतबार र सोमबार इष्टमित्रसँग विवाद पर्ला। रोगव्याधि, दुर्घटना, चोटपटकको भय छ। मंगलबारबाट भने समय शुभ छ। आफ्नो सेवा वा व्यवसायबाट आर्थिक लाभ हुनाले आर्थिक समस्या समाधान हुनेछ। बौद्धिक क्षमताको प्रयोगबाट राम्रै काम होला।

२०७४, फागुन
शनिबार
१२

जापान सरकारको अनुदान सीमित भएकाले त्यसबाट ४ किमि सडक विस्तार गर्न सम्भव भए पनि यसरी काम गर्दा धुलिखेलसम्म मात्रै बन्न पनि लामो समय लाग्ने हुँदा ऋण सहयोग जुटाएर भए पनि सूर्यविनायक-धुलिखेल सडकखण्ड छिट्टै विस्तार गर्ने तयारी गरिएको बताउनुभयो।



# नेपाल

# २ वर्षसम्म पनि पदाधिकारीविहीन कांग्रेस

रामकृष्ण चापागाईं, काठमाडौं

नेपाली कांग्रेसको १३औं महाधिवेशन सम्पन्न भएको २ वर्ष भइसक्दा पनि सभापति शेरबहादुर देउवाले पदाधिकारी मनोनित गर्न सक्नुभएको छैन। महाधिवेशन सम्पन्न भएको २ महिनाभित्र सभापतिले पदाधिकारी सदस्य रहने १ उपसभापति, १ महामन्त्री र १ सहमहामन्त्री मनोनित गर्नुपर्ने पार्टी विधानमा उल्लेख छ।

१३औं महाधिवेशनपछि नयाँ पदाधिकारी मनोनित नहुँदा सभापति देउवाले राष्ट्रिय राजनीतिको महत्त्वपूर्ण विषयमा निर्णय लिनुपर्दा पूर्वपदाधिकारीहरूसँग छलफल गर्दै आउनुभएको छ। पदाधिकारी सदस्य रहने पार्टी प्रवक्ता भने सभापति देउवाले हालै मनोनित गर्नुभएको छ।

२ वर्षअघि फागुनको अन्तिम साता १३औं महाधिवेशन सम्पन्न भई चैतको पहिलो साता सभापतिको कार्यभार सम्हाल्नुभएका सभापति देउवाले महाधिवेशनमा नेतृत्वको दाबी गर्दै चुनावमा होमिँदा विधानअनुसार २ महिनाभित्रै पार्टीको संगठनात्मक संरचनालाई पूर्णता दिनुका साथै पदाधिकारी मनोनित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

आन्तरिक गुट उपगुटमा विभाजित कांग्रेसभित्र उपसभापतिका लागि खुमबहादुर खड्का र बिमलेन्द्र निधिमध्ये १ जनालाई उपसभापति बनाउने देउवाको तयारी भए पनि पछिल्लो समय स्वास्थ्य समस्याको कारण खड्काले निधिलाई नै उपसभापतिमा समर्थन गरेका थिए। कांग्रेसभित्र केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानको जिम्मेवारी उपसभापतिले लिने प्राबधान छ। महामन्त्रीमा देउवा गुटभित्र थिंक ट्यांकको रूपमा चिनिने पूर्णबहादुर खड्कालाई मनोनित गर्ने देउवाको तयारी रहेको स्रोतले जनाएको छ। सहमहामन्त्रीमा भने वरिष्ठ नेता रामचन्द्र पौडेल गुटका महेश आचार्यलाई मनोनित गर्न सभापति देउवालाई दबाब बढेको छ।



पार्टी सभापति विधानअनुसार निर्वाचित भएर आउने तर निर्वाचित भएपछि विधानलाई बेवास्था गर्ने परिपाटी कांग्रेसभित्र रहेको भन्दै कांग्रेस नेता प्रकाशमान सिंह भन्नुहुन्छ- 'महाधिवेशन सम्पन्न भएको २ वर्ष बित्दासमेत पार्टीभित्र पदाधिकारी मनोनित भएका छैनन्।' साथै उहाँले विधानअनुसार २ महिनाभित्र गठन गरिसक्नुपर्ने विभाग पनि हालसम्म गठन नभएको बताउनुभएको छ। सभापति देउवाले बाँकी केन्द्रीय सदस्यसमत मनोनित गरी केन्द्रीय समितिलाई पूर्णता दिन सक्नुभएको छैन।

पार्टी सभापति देउवाको कमजोरीका कारण हालै सम्पन्न स्थानीय, प्रादेशिक र संघीय ३ तहको निर्वाचनमा कांग्रेसले नराम्ररी हार व्यहोर्नुपरेको भन्दै आलोचना भइरहेको बेला सभापतिले पार्टीको संगठनात्मक संरचनालाई समयमै पूर्णता दिएको निर्वाचन परिणाममा सुधान हुने आवाज पनि उठिरहेको छ। कांग्रेस केन्द्रीय सदस्य धनराज गुरुङ भन्नुहुन्छ- 'निर्वाचनमा कांग्रेसले हार व्यहोर्नुपर्नुको मुख्य कारण पार्टी नेतृत्वको कमजोरी नै हो।' उहाँले पार्टी संगठनलाई चुस्तदुरुस्त राख्न नसकेको, पार्टी संगठन तथा भातृ र शुभेच्छुक संघसंस्थालाई चलायमान बनाउन नसकेकोजस्ता आरोप सभापति देउवामाथि लगाउनुभएको छ।

नेपाली कांग्रेस पार्टीलाई युवा वर्गको आशा र भरोसाको केन्द्र बनाउन जरूरी रहेको औंल्याउदै देउवाले पार्टी विधानको व्यवस्थालाई अक्षरशः कार्यान्वयन गर्दै नेता, कार्यकर्ता, शुभेच्छुक समर्थकको ऊर्जा एवम् क्षमतालाई सुदृढ र गतिशील पार्टी निर्माणमा लगाउने प्रतिबद्धता गरे पनि सभापतिमा निर्वाचित भएपछि देउवाले आफूले गरेको प्रतिबद्धतालाई फर्केर नहेरेको पार्टीभित्र आरोप लागिरहेको छ। सभापति देउवाले संघीय संरचनाअनुरूप पार्टी संरचनालाई रूपान्तरित गरिने बताउँदै तेह्रौं महाधिवेशनपछि यथाशीघ्र महासमितिको बैठक बोलाइने र महासमितिमा बदलिँदो आवश्यकता र अनुभवका आधारमा विस्तृत संशोधन प्रस्ताव प्रस्तावित गरिने भने पनि उहाँले २ वर्षसम्म महासमितिको बैठक बोलाउनुभएको छैन।

नयाँ संरचनाअनुसार पार्टीको सांगठनिक संरचना तयार पार्न पनि महासमिति बैठक तत्काल बसेर विधान संशोधन गर्नुपर्ने जिल्ला सभापतिहरूले समेत आवाज उठाउँदै आएका छन्। कांग्रेस जिल्ला सभापतिहरूले तत्काल राष्ट्रिय भेला आयोजना गरी विधान संशोधनको मस्यौदा तयार पार्नुका साथै पार्टीको संगठनात्मक संरचना, सदस्यताको प्रकृति, पार्टीभित्रको निर्वाचन प्रणाली, मूल्यांकन पद्धति र संगठनात्मक व्यवस्थासम्बन्धी ठोस प्रस्ताव तयार पार्ने र उक्त प्रस्ताव केन्द्रीय समिति र महासमिति बैठकमा लैजाने तयारीसमेत गरिरहेका छन्।

## न्याय सम्पादन गर्दाको मुख्य हतियार निष्पक्षता

भक्तपुर, (नेस)

भक्तपुर जिल्ला अदालतका मुख्य न्यायाधीश भोजराज शर्माले न्याय सम्पादन गर्दा निष्पक्षता मुख्य हतियार भएको बताउनुभएको छ। विश्व सामाजिक न्याय दिवसका अवसरमा समाजवाद अध्ययन केन्द्र भक्तपुरले जिल्लाका ४ वटै नगरपालिकाका उपप्रमुख तथा नगरका न्यायिक समिति संयोजकहरूलाई न्यायको तराजु हस्तान्तरण कार्यक्रममा उहाँले कुनै पक्षसँग प्रभावित नभई छिटोछरितो किसिमले कम खर्चिलो हुने गरी र दुवै पक्षको जित हुने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो।

मुख्य न्यायाधीश शर्माले स्थानीय स्वायत्त शासन ऐनअन्तर्गत उपप्रमुखहरू केवल नामका मात्र न्यायिक जिम्मेवार नभएका कारण विशेष ध्यानपूर्वक आफ्नो जिम्मेवारी बहन गर्न अग्रसर रहनुपर्ने बताउनुभयो। उहाँले अदालतबाट मात्र न्याय नभईकन विभिन्न किसिमका न्यायका लागि स्थानीय तहले नै स्वयंले अर्धन्यायिक निकायका रूपमा काम गर्नुपर्ने संवैधानिक व्यवस्था भएका कारण यसमा सबै उपप्रमुख जिम्मेवार हुनुपर्ने अवस्था आएको बताउनुभयो।

कार्यक्रममा बोल्दै मध्यपुरथिमी नगरपालिका उपप्रमुख अन्जनादेवी मधिकर्मीले न्याय सम्पादन गर्दा लोभलालचमा नपरी विधि र नियमसंगत ढंगले निष्पक्षरूपमा न्याय दिने प्रतिबद्धता व्यक्त गर्नुभयो। सूर्यविनायक नगरपालिका उपप्रमुख जुना बस्नेतले आफूहरू आएको ९ महिना भए पनि सोचेअनुसार काम गर्न नसकेको बताउँदै न्याय सम्पादन गर्दा कानुनविद्, प्रमुख प्रशासकीय अधिकृत र प्रमुखसँग समेत सहकार्य गर्दै अघि बढ्ने बताउनुभयो।

चाँगुनारायण नगरपालिकाका उपप्रमुख बिना बास्तोलाले आफूहरूले आमाले आफ्ना सन्तानलाई भेदभाव नगरी समान व्यवहार गरेजस्तै निष्पक्ष न्यायको काम गर्ने बताउनुभएको थियो। उहाँले आफूहरू कानुनतः नगर माताका रूपमा रहेको बताउँदै यो जिम्मेवारी आफूहरूले परिवारमा आमाकै भूमिकाझैं निष्पक्ष ढंगबाट निर्वाह गर्ने बताउनुभयो।

कार्यक्रममा पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकीले नगरपालिकाको न्यायिक एकाइ र यसले सम्पादन गर्ने न्यायिक कार्यबारे नागरिक मात्र नभई जनप्रतिनिधि नै अन्योलमा रहेको बेला राज्यले गर्नुपर्ने काम केन्द्रले गरेकोमा खुसी व्यक्त गर्दै निष्पक्ष न्यायको खोजीमा सबै लाग्नुपर्ने औंल्यानुभयो।

संस्थाका अध्यक्ष दुर्गा फुयाँलले केन्द्रले उपप्रमुखहरूलाई उहाँहरूले अब बहन गर्नुपर्ने न्यायिक समिति संयोजकको जिम्मेवारी बहन गर्दा निष्पक्ष गर्नुपर्छ भन्ने कर्तव्य बोध गराउन कार्यक्रमको आयोजना गरिएको बताउनुभयो।

## 'हिन्दुराज्य कामय नभए आन्दोलन थाल्छौं'

काठमाडौं, (नेस)

राष्ट्रिय प्रजातान्त्रिक गठबन्धनले हिन्दु अधिराज्य र राजसंस्था पुनःस्थापना गर्न माग गरेको छ।

गठबन्धनले पत्रकार सम्मेलन गरेर नेपाललाई सनातन हिन्दुराज्य घोषणा नगरिए आफूहरू आन्दोलनमा उत्रिने चेतावनी दिएको हो। गठबन्धनका संयोजक तथा लोक कल्याणकारी पार्टीका अध्यक्ष किशोरी महतोले जीवनभर सनातन हिन्दु राज्य र राजसंस्थाको लागि लड्ने बताएका छन्। उनले भने- 'मुलुक सात दल, पाँच दलको नाममा निरन्तर ओरालो लागेको छ, यति महंगो संघीयता मुलुकले थेक्न सक्दैन, देशीविदेशी शक्तिहरूले मुलुकलाई धर्मनिरपेक्षता घोषणा गरेका छन् यो गलत कार्य हो, हामीलाई यो कार्य कुनै पनि हालतमा स्वीकार्य छैन, त्यसैले २०७२ सालको संविधानको विरुद्धमा उभिएका हौं',

उनले अघि थपे- 'वर्तमान संविधानले नेपाल र नेपाली जनताको हितविपरीत ३ वटा काम गरेको छ, राष्ट्रियता कमजोर बनाएको छ, सनातन हिन्दु धर्म मास्ने काम भएको छ, राजसंस्थाको अपमान भएको छ, यी सबै कुरा नेपाल र नेपाली जनताका अमूल्य सम्पत्ति हुन्।' उनले भने- '२०६३ सालमा राजा र ७ राजनीतिक दलहरूको बीचमा भएको समझदारीलाई तत्काल जनताका बीचमा ल्याउनुपर्छ, त्यो समझदारी के थियो? राजनीतिक दलहरूले किन भन्न सकिरहेका छैनन् ? हामी चाहन्छौं तत्काल त्यो समझदारी बाहिर आउनुपर्छ।' संयोजक महतोले आफ्ना मागहरू तत्काल सम्बोधन नगरेको खण्डमा सडक संघर्षदेखि संविधान खारेजीसम्मको आन्दोलन थालिने चेतावनी दिएका छन्।

गठबन्धनका सदस्य सचिव तथा अन्तर्राष्ट्रिय हिन्दु जनजागरण गौरक्षा अभियानका अध्यक्ष चक्रदेव जोशीले कार्यक्रम सञ्चालन गरेका थिए।

## कांग्रेसले देशलाई कङ्गाल बनाएर सत्ता छोडेको आरोप

भक्तपुर, (नेस)

माओवादी केन्द्रका नेता एवं प्रतिनिधिसभा सदस्य देव गुरुङले देशलाई आर्थिकरूपमा कङ्गाल बनाएर कांग्रेसले सत्ता छाडेको आरोप लगाउनुभएको छ।

रफत सञ्चार क्लबले शुक्रबार आयोजना गरेको साक्षात्कार कार्यक्रममा बोल्दै उहाँले निर्वाचनपछि पराजय भोगेको कामचलाउ सरकारले दूरगार्मी असर पार्ने निर्णय गर्दै देशलाई आर्थिकरूपमा कङ्गाल पारेको आरोप लगाउनुभएको हो। उहाँले विगतमा ५ अरबभन्दा बढी रकम जम्मा हुने यो समयमा पनि १ अरब रकम घाटामा भएको उल्लेख गर्नुभयो। उहाँले आइतबारसम्म मन्त्रीमण्डलले पूर्णता पाउने बताउनुभयो। माओवादी केन्द्रका तर्फबाट रामबहादुर थापा बादलको नेतृत्वमा सरकारमा जाने र आफूलाई पार्टीले मन्त्री बनाए पाएको जिम्मेवारी पूरा गर्ने उहाँले बताउनुभयो।

गठबन्धनको सरकार दीर्घकालीन नहुने अवस्था देखिएको उहाँको बुझाई छ। जनादेशसमेत पार्टी एकताको पक्षमा रहेको अवस्थालाई मध्यनजर गर्दै केही भ्रामक आवाज उठे पनि पार्टी तत्काल सरकारमा सहभागी जनाउने उहाँले बताउनुभयो। अबको १५ दिनभित्र दुई पार्टी एकताले पूर्णता पाउने उहाँले बताउनुभयो। दलहरूबीच निषेधको राजनीतिले तीव्रता पाएको उहाँले बताउनुभयो। उहाँले राष्ट्र र राष्ट्रियताको विषयमा पक्षप्रतिपक्ष नभएर वामगठबन्धन र कांग्रेस १ ठाउँमा उभिने बताउनुभयो।

सरकारमा मधेसवादी दलसमेत समावेश हुन सक्ने वातावरण तयार भइरहेको उहाँले बताउनुभयो। उहाँले जनअपेक्षा र समयको मागअनुसार संविधान शंसोधनसमेत गर्न सकिने बताउनुभयो। नेपालमा वैदेशिक हस्तक्षेप प्रत्यक्ष नभई आर्थिक हिसाबले तीव्र बढिरहेकोप्रति संकेत गर्दै उहाँले विदेशीले सरकारका हरेक निर्णय र नीतिहरू आफ्नो पक्षमा पार्न प्रयत्न गर्दै आइरहेकाले अबको सरकार यस विषयमा गम्भीर हुनुपर्ने बताउनुभयो। देश संघीयतामा प्रवेश गरिसकेको र प्रान्तको आर्थिक भार धान्न अप्ठेरो अवस्था देखिएको उहाँले उल्लेख गर्नुभयो।

# सूर्यविनायक-धुलिखेल सडक विस्तार गर्न माग

नेपाल समाचारपत्र

भक्तपुर

अरनिको राजमार्गअन्तर्गत १५ किलोमिटर लामो सूर्यविनायक-धुलिखेल सडकखण्ड छिट्टै ८ लेनमा विस्तार गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। सडक विभागले जगातीमा आयोजना गरेको राय सुझाव संकलन कार्यक्रममा सरोकावालाले काठमाडौं उपत्यका भित्रिने र बाहिरिने सवारीको आवागमन सजिलो पार्न यो सडक शीघ्र निर्माण हुनुपर्नेमा जोड दिएका हुन्।

कार्यक्रममा पूर्वमन्त्री तथा प्रतिनिधिसभामा भक्तपुरबाट प्रतिनिधित्व गर्ने सांसद महेश बस्नेतले सूर्यविनायक-धुलिखेल सडक देशकै महत्त्वपूर्ण योजना भएको बताउँदै यसको विस्तार तीव्र गतिमा गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले अहिले सूर्यविनायक-जगाति सडकखण्डमा हुने सवारी चापलाई कम गरी यातायातको सहज सञ्चालनका लागि सडक विस्तारले निकास दिने बताउँदै यससँगै उक्त सडकको पलाँसे-साँगा भञ्ज्याङखण्ड र कोटेश्वरको साँघुरो नाका तोड्न दुवै स्थानमा सुरूङ निर्माण गर्ने योजना अघि सारिएको बताउनुभयो।

हाल सञ्चालनमा रहेको कोटेश्वर-सूर्यविनायक ६ लेन सडकमा दुर्घटना बढेकोप्रति सचेत हुँदै सडक विस्तार गर्दा ट्राफिक लाइट, सीसीटीभी, सडक बत्ती, आकाशे पुल र फुटपाथको यथोचित व्यवस्था गरी दुर्घटना न्यूनीकरणमा सचेतता अपनाएर सडक विस्तार गर्नुपर्ने सुझाव दिनुभयो।

उहाँले यससँगै सडकको चोक-चोकमा ट्याक्सी पार्किङ, मनोहरामा व्यवस्थित बसपार्क र साँगामा उपत्यका भित्रिने गाडी धुने व्यवस्था गर्ने गरी योजना अघि बढिरहेको बताउनुभयो। सूर्यविनायक-धुलिखेल सडक विस्तार गर्दा हाललाई ७५ फिट मात्रै बनाउनुपर्ने बताउँदै बस्नेतले सडक विस्तार गर्दा आगामी दिनमा नजिर नबस्ने गरी पहिलो पटकलाई सडकमा पर्ने सबैलाई मुआब्जा दिन माग गर्नुभयो।

कार्यक्रममा सडक विभागका वैदेशिक सहायता महाशाखा प्रमुख सञ्जयकुमार श्रेष्ठले उक्त खण्ड विस्तारका लागि जापानले नै प्रारम्भिक अध्ययन गरिरहेको बताउँदै सडक विभागको प्रतिनिधिमण्डलको जापान भ्रमणका क्रममा प्रारम्भिक अध्ययन सकेपछि ऋण सम्झौतामा हस्ताक्षर गर्ने प्रतिबद्धता आएको जानकारी दिनुभयो।

जापान सरकारको अनुदान सीमित भएकाले त्यसबाट ४ किमि सडक विस्तार गर्न सम्भव भए पनि यसरी काम गर्दा धुलिखेलसम्म मात्रै बन्न पनि लामो समय लाग्ने हुँदा ऋण सहयोग जुटाएर भए पनि सूर्यविनायक-धुलिखेल सडकखण्ड छिट्टै विस्तार गर्ने तयारी गरिएको बताउनुभयो।

उहाँले सडक विस्तार अभियानबारे जानकारी दिन र स्थानीयका राय सुझाव लिन स्थानीय सरोकारवालासँग छलफल गरिएको बताउनुभयो। उहाँले सडकको विस्तृत नमुना र लागत अन्दाज आउन बाँकी रहेको र प्रारम्भिक अध्ययनपछि टुंगो लाग्ने जानकारी दिनुभयो।

उहाँले सडक विस्तारका क्रममा पलाँसेमा सुरूङ निर्माण गरिने योजना रहेको बताउँदै पलाँसेबाट साँगा भञ्ज्याङसम्म साँघुरा घुम्तीहरू रहेकाले ८ लेनको सडक बनाउन समस्या देखिएकाले उक्त खण्डमा सुरूङमार्गको योजना बनाइएको उल्लेख गर्नुभयो। सुरूङमार्ग ४ लेनको हुने जानकारी दिँदै पेट्रोलियम पदार्थ बोकेका गाडीहरूलाई भने सुरूङ नभई हालकै सडकमार्ग नै सुधार गरी प्रयोग गरिने बताउनुभयो। सूर्यविनायक-कोटेश्वरखण्डमा पनि जाम हटाउन सुरूङ बनाउन अध्ययन गरिएको उहाँले बताउनुभयो।

यस राजमार्गको विस्तारबाट चीनसँगको तातोपानी नाका जाने साथै अरनिको र वीपी राजमार्गसहित दोलखा, खोटाङ, रामेछाप, सिन्धुलीलगायत लामो दूरीका गन्तव्यमा चल्ने सार्वजनिक यातायातका लागि सहज हुनेछ। सडक विस्तारका लागि जापानले ०.२ प्रतिशत ब्याजमा ऋण सहयोग दिने वचन दिएको सडक विभागले जनाएको छ। कोटेश्वर सूर्यविनायक सडक पनि जापानले नै ८ लेनमा स्तरोन्नति गरेको थियो।

कार्यक्रममा सडक आयोजना विस्तारपीडितले राखेको मुआब्जाको मागलाई सम्बोधन गर्दै प्रमुख श्रेष्ठले क्षतिपूर्ति दिन सरकारले नियमअनुसार कुनै कन्जुस्याईं नगर्ने र जनप्रतिनिधि तथा नगरपालिकाका प्रमुखसहितको क्षतिपूर्ति समितिको प्रतिवेदनअनुसार सरकारले क्षतिपूर्ति दिने बताउनुभयो।

सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापाले शीघ्र सडक विस्तारमा जोड दिँदै सबै ठाउँमा बाटोको मापदण्ड एउटै हुनुपर्ने र सडक विभागलाई कानुनबाहिर नगई नियमअनुसार स्थानीयको मागबमोजिम मुआब्जा दिन माग गर्नुभयो

कार्यक्रममा भक्तपुर नगरपालिकाका स्थानीय जनप्रतिनिधि उकेश कवाँले सडक विस्तार गर्दा जनताका माग र मारलाई ध्यान दिँदै दुर्घटना कम हुने तथा धुलोसमेत नियन्त्रण गर्ने गरी र साइकल लेनसमेत बनाएर सडक विस्तार गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा नेपाल पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकीले हाल सञ्चालनमा रहेको ६ लेन सडकबाट पाठ सिकेर अब विस्तार हुने सडकलाई दुर्घटना भइरहने मृत्युमार्ग हुनबाट जोगाउनुपर्ने बताउनुभयो। उहाँले चोक-चोकमा सडक बत्ती र आकाशेपुलको यथेष्ट व्यवस्था गर्न, आकाशे पुल बनाउँदा सर्भिस ट्र्याकलाई समेत समेट्ने गरी बनाउन र सर्भिस ट्र्याकलाई पार्किङस्थल र सामग्री थोपर्ने स्थान बन्न नदिनेतर्फ सचेत हुनेपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा सडक आयोजना विस्तार प्रभावित स्थानीय पशुपति खत्री, अच्युत खत्री, सञ्जीव खत्री, महेन्द्र गिरी, शिवलाल बालालगायतले सडक विस्तारले आफूहरूको उठिबास लगाउन खोजेको भन्दै उचित मुआब्जाको माग गर्नुभयो। आफूहरू सडक विस्तारविरोधी नभएको र छिट्टै सडक विस्तार होस् भन्नेमा नै रहेको तर सर्वोच्च अदालतको आदेश र कानुनअनुसार क्षतिपूर्ति पाउनुपर्ने उहाँहरूको भनाइ थियो। कार्यक्रममा बोल्ने अधिकांश वक्ताले हाललाई उक्त सडक ८२ फिट नभई ७५ फिट मात्र विस्तार गर्न जोड दिएका छन्।


सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनसम्पत्ति प्राप्ति, सुख-सन्तोष, कार्य सफल।
**वृष** : खाद्यान्न प्राप्ति, मिष्ठान्न भोजन, शुभ समाचार, कार्य सफल।
**मिथुन** : धन हानि, रोगव्याधिको भय, आर्थिक नोक्सानी, चिन्ता।
**कर्कट** : विविध वस्तु वा सेवा प्राप्ति, विशिष्ट व्यक्तित्वसाग भेटघाट।
**सिंह** : गरेका काम सफल, साथीभाइ वा आफन्तबाट सहयोग, सुख।
**कन्या** : राज्य वा राजनीतिकर्मीबाट फाइदा, मान-प्रतिष्ठा वृद्धि।
**तुला** : रोगव्याधिको भय, शारीरिक कष्ट, धनहानि, कार्य बाधा।
**वृश्चिक** : धनलाभ, विपरीतलिंगीबाट लाभ, हर्षविभोर, प्रसन्नता।
**धनु** : द्रव्य लाभ, प्रतिस्पर्धात्मक कार्यमा विजय, सुख-शान्ति।
**मकर** : गरेका काम सफल, आत्मसन्तुष्टि, गिफ्ट प्राप्तिको सम्भावना।
**कुम्भ** : पेटको स्वास्थ्य समस्या, व्यर्थमा दोडधुप, तनावल अनिद्रा।
**मीन** : लाभ, पराक्रम, उन्नति-प्रगति, मान-सम्मान, हितैषी भेटघाट।

# नेपाल

महोत्सवमा दोस्रो दिदीबहिनीकप राष्ट्रिय महिला भलिबल प्रतियोगिता, रत्यौली प्रतियोगिता, भजन प्रतियोगिता, विद्यालय स्तरीय सामूहिक नृत्य तथा वक्तृत्वकला प्रतियोगिता, उत्कृष्ट न्याली प्रदर्शन प्रतियोगिता, निःशुल्क स्वास्थ्य शिविर, विभिन्न राष्ट्रियस्तरका लोकगायक गायिकाको सांगीतिक प्रस्तुती, हाँस्यव्यङ्ग्य प्रस्तुती रहने भएका छन्।

## ज्याग्दी करिडोर निर्माण तीव्र

**अमृत अर्याल, स्याङ्जा**

सम्भावना भएर पनि विकासमा पछाडि परेको स्याङ्जाको ग्रामीण भेग ज्याग्दीखोला किनाराका बासिन्दालाई विकासमा जोड्ने उद्देश्यले शुरू भएको ज्याग्दी करिडोर निर्माण कार्यले तीव्रता पाएको छ। निर्माणाधीन करिडोर प्रादेशिक रणनीतिक सडकमा सूचिकृत भएपछि करिडोर निर्माणको कार्यले तीव्रता पाएको हो।

आर्थिक वर्ष २०७१ र ०७२ बाट साविकको जिल्ला विकास समितिले शुरू गरेको करिडोरमा हालसम्म करिब ५३ लाख ५० हजार खर्च गरेको छ। करिडोरमा सडक विभाग र करिडोर क्षेत्रका साविकका गाविसले उत्तिकै रकम खर्च जिल्ला समन्वय समितिले जनाएको छ। समितिका अनुसार प्रदेश नम्बर ४ को केन्द्र प्रादेशिक मुकाम पोखरा र तराई जोड्ने सडक विकासका लागि महत्त्वपूर्ण आधारका रूपमा लिइएको छ।

करिडोरले तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित दुलेगौडा बजारदेखि पाल्पाको रामपुरसम्म जोडेको छ। ५५ किलोमिटर लम्बाइ रहेको करिडोर नालीबाहेक १२ मिटर फराकिलो रहेको जिल्ला समन्वय समितिका योजना अनुगमन तथा प्रशासकीय अधिकृत गोपीकृष्ण अर्यालले बताउनुभयो। ट्र्याक खोल्ने काम सकिएको छ, अब लगानीलाई स्तरउन्नतीमा केन्द्रित गरेको अर्यालले बताउनुभयो।

करिडोरको स्तरउन्नती गर्न चालु आर्थिक वर्ष २०७४ ०७५ मा चापाकोट नगरपालिकाले ४० लाख र बिरुवा गाउँपालिकाले १५ लाख रकम विनियोजन गरेका छन्। साविकका २ दर्जन गाविस जोडिने करिडोरअन्तर्गत रकम विनियोजन गरेका स्थानीय तहसँगै



हरिनास गाउँपालिकासमेत रहेको छ।

स्थानीय तह र सडक विभागले चालु आर्थिक वर्षमा विनियोजन गरेको रकमबाट सडक थप व्यवस्थित हुन्छ। समन्वय समितिका योजना अधिकृत यामप्रसाद रेग्मीले भन्नुभयो- 'साविकको किचनास गाविसस्थित सालडाँडाको बस्ती स्थानान्तरण गर्नुबाहेक करिडोरमा कुनै बाधा छैन।' तराई-पहाड जोड्ने मार्गका रूपमा विकासित गर्न सके करिडोर विकासमा कोषेढुङ्गा सावित हुने रेग्मीले दाबी गर्नुभयो।

प्रादेशिक रणनीतिक सडकमा सूचिकृत भएको ज्याग्दी करिडोरसँग पाल्पाको रामपुर, गल्धा हुँदै नवलपरासीको कावासोती जोड्न सके तराई-पहाड जोडिने छोटो मार्ग हुनेमा स्थानीयको बुझाइ छ। पोखरादेखि प्रदेश नं. ४ को भारतीय सीमा जोडिने नाका त्रिवेणी र लुम्बिनीलाई जोड्ने बैकल्पिक मार्गका रूपमा हेरिएको छ। ज्याग्दी करिडोर दुलेगौडा र कावासोती करिब १ सय २० किलोमिटरनजिकको दूरीमा रहेको उनीहरूको भनाइ छ।

'करिडोरले निर्माणमा तीव्रता पाएसँगै स्थानीय कृषकमा उत्साह छाएको छ।'

करिडोर निर्माण समितिका अध्यक्ष बमबहादुर हमालले भन्नुभयो- 'ज्याग्दी किनाराका उर्वरभूमिको उच्चतम् सदुपयोग, स्थानीय उत्पादन सहजै बजार पुग्ने र स्थानीय रूपमा रहेका पर्यटकीय क्षेत्रको समूचित विकास हुने अपेक्षा गरेका छौं।'

## कर्मचारी नपुग्दा प्रदेशका काम ठप्प

**सरोज यादव, विराटनगर**

प्रदेश १ मा पाँच सदस्यीय मन्त्रिमण्डल गठन भएको १ साता बितेको छ। ७ वटा मन्त्रालयमध्ये ५ ले मन्त्री पाइसकेका छन्। तर, कर्मचारी नहुँदा मन्त्रालयको काम अघि बढ्न सकेको छैन।

प्रदेश नम्बर १ का कार्यालय सञ्चालन गर्न १ सय ९१ जना कर्मचारीको दरबन्दी कायम छ। सामान्य प्रशासन मन्त्रालयले आवश्यक कर्मचारीमध्ये ६० प्रतिशत अर्थात् १ सय १५ जना खटाइसकेको जनाएको छ। तर अहिले २८ जना कर्मचारी मात्र कार्यस्थलमा खटिएका छन्। मन्त्रालयको दैनिक कार्य सञ्चलनका लागि मुख्य बागडोर सम्हालेका सचिवहरूसमेत कतिपय मन्त्रालयमा हाजिर भएका छैनन्।

त्यसले गर्दा मन्त्रालयहरूलाई आफ्नो काम अघि बढाउन समस्या परेको छ। सामाजिक विकास मन्त्री जीवन घिमिरेले आफ्नो कार्यालयका लागि ३० कर्मचारीको दरबन्दी भए पनि कर्मचारी हाजिर नहुँदा सात/आठ जनाको भरमा काम चलाउनुपरेको बताए। कर्मचारी नहुँदा दैनिक कार्य सञ्चालन गर्न समस्या भएको उनको गुनासो छ।

प्रदेश नं. १ को मुख्यमन्त्रीको कार्यालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा मात्र सचिवले बागडोर समालेका छन्। अन्य मन्त्री पाएको मन्त्रालयमा समेत सचिव पुग्न सकेका छैनन्। प्रमुख सचिव यादवराज कोइरालाले बाँकी मन्त्रालयका लागि कर्मचारी पठाउन ताकेता गरिरहे पनि उनीहरू कार्यस्थलमा आइनपुगेको जानकारी दिए। प्रदेश नम्बर १ को मुख्यमन्त्रीको कार्यालयमा प्रमुख सचिव र दुई सचिवसहित २९ कर्मचारीको दरबन्दी छ।

त्यसैगरी आन्तरिक मामिलामा २९, भौतिक पूर्वाधार विकास मन्त्रालयमा ३३, आर्थिक मामिलामा २७, सामाजिक विकासमा सबैभन्दा बढी ४१, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा ३८ र भूमि व्यवस्था, कृषि तथा सहकारीमा ३८ जना कर्मचारीको दरबन्दी छ। खटाएको ठाउँमा कर्मचारी नपुग्दा प्रदेशका काम ठप्पजस्तै भएका छन्।

## महिला महोत्सवको तयारी

पर्वत, (नेस)

महिलाहरूको मात्रै व्यवस्थापनमा सञ्चालित सामुदायिक रेडियो पर्वतले आयोजना गरेको बृहत् महिला महोत्सवको तयारी तीव्र पारिएको छ।

यही फागुन १६ गतेदेखि २६ सम्म आयोजना गरिएको महोत्सवको अधिकांश तयारी पूरा भएको हो। जिल्लाको सदरमुकाम कुश्माबजारमा रेडियोले दशौंपटक बृहत् महिला महोत्सव गर्न लागेको हो। यसअघि ९ वटा महोत्सव रेडियोले गरिसकेको छ। रेडियोको दिगो सञ्चालनमा लागि आर्थिक संकलन गर्ने उद्देश्यले हरेक वर्ष महिला महोत्सव गर्ने गरिएको मूल संयोजक कल्पना चापागाईंले जानकारी दिइन्।

महिलाहरूको प्रतिभाको उजागर र सीपको प्रदर्शन गर्ने मुख्य ध्येयले महोत्सव गर्न लागिएको हो। महोत्सवमा दोस्रो दिदीबहिनीकप राष्ट्रिय महिला भलिबल प्रतियोगिता, रत्यौली प्रतियोगिता, भजन प्रतियोगिता, विद्यालय स्तरीय सामूहिक नृत्य तथा वक्तृत्वकला प्रतियोगिता, उत्कृष्ट न्याली प्रदर्शन प्रतियोगिता, निःशुल्क स्वास्थ्य शिविर, विभिन्न राष्ट्रियस्तरका लोकगायक गायिकाको सांगीतिक प्रस्तुती, हाँस्यव्यङ्ग्य प्रस्तुती रहने भएका छन्।

त्यस्तैगरी जेष्ठ नागरिक, अनाथ बालबालिका, एकल महिला, अपाङ्गलाई सम्मान गर्ने कार्यक्रम पनि राखिएको रेडियोका अध्यक्षसमेत रहेकी महोत्सव मूल संयोजक कल्पना चापागाईंले जानकारी दिइन्। ११ दिनसम्म सञ्चालन हुने महोत्सवमा पशु प्रदर्शनी, कृषि प्रर्दशनी साथै महिला उद्यमी र देशैभरिका रेडियोका महिला स्टेसन म्यानेजरहरूलाई सम्मानजस्ता कार्यक्रम सञ्चालन हुने भएको हो।

महिलाहरूको सहभागिता र क्षमतालाई सहर्ष स्वीकार गर्न हिच्किचाउने हाम्रो समाजमा संघर्षको नयाँ आयाम ल्याउन प्रत्येक वर्ष महोत्सव गर्ने गरिएको चापागाईंले जानकारी दिइन्। महोत्सवलाई मनोरञ्जनमा मात्र सीमित नराखी कला र संस्कृतिको संरक्षण र घरेलु बस्तुको प्रर्वद्धन हुने भएको छ।

महोत्सवमा टपरी गाँस्ने प्रतियोगिता साथै खसी, बोका, बाखा र कुखुरा तथा कृषि प्रदर्शनीका लागि आकर्षण पुरस्कारको व्यवस्था गरिएको छ। भने विभिन्न राष्ट्रिय तथा स्थानीय कलाकारहरूको प्रस्तुती रहने पनि बताइएको छ। महोत्सव सञ्चालनका लागि रु ३० लाखभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको छ। भने १ लाख दर्शक भित्र्याउने लक्ष्यसमेत राखिएको छ।

## स्विट्जरल्यान्डले प्रदेश १ लाई सहयोग गर्ने

विराटनगर, (नेस)। एक नम्बर प्रदेशका मुख्यमन्त्री शेरधन राई र नेपालका लागि स्विट्जरल्यान्डका राजदूत एलिजाबेथ भान क्याफ्लरबीच शुक्रबार भेटवार्ता भएको छ।

विराटनगरस्थित मुख्यमन्त्रीको कार्यालयमा भएको भेटवार्तामा मुख्यमन्त्री राई र राजदूत क्याफ्लरका बीच १ नम्बर प्रदेशको सम्भावना र विकास निर्माणका बारेमा छलफल भएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ। मुख्यमन्त्री राईले मुख्यमन्त्री भएपछि पहिलोपटक कूटनीतिक नियोगका प्रतिनिधिसँग भेटवार्ता गर्नुभएको हो। भेटवार्तामा राजदूत क्याफ्लरले १ नम्बर प्रदेशको विकासका लागि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ।

स्वीस विकास परियोजनामार्फत १ नम्बर प्रदेशमा पूर्वाधार विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने, प्रदेशका पहाडी क्षेत्रमा झोलुङ्गे पुल र विभिन्न शहरमा सडक पुल निर्माणमा सहयोग गर्ने साथै स्थानीय सरकारलाई सबल बनाउन विभिन्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको जनाइएको छ। साथै ग्रामीण भेगका जनताको जीवनस्तर उकास्ने खालका विभिन्न परियोजना सञ्चालन गर्ने विषयमा समेत छलफल भएको सचिवालयले जनाएको छ।

## 'नगर विकासका लागि सबैको सहयोग आवश्यक'

**नेपाल समाचारपत्र**

महोत्तरी

मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले मटिहानीमा सञ्चालित कार्यक्रममा नगर विकासका लागि सबैको सहयोग आवश्यक रहेको जनाएका छन्। नेपाल सरकार तथा बेलायत सरकारको सहयोगमा नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) द्वारा सञ्चालित सामुदायिक विकास कार्यक्रम (सीडीपी) महोत्तरीको सहजीकरणमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, बेलायत सरकारको अन्तर्राष्ट्रिय सहयोग विभाग (डीएफआईडी), जिसस महोत्तरी सम्मिलित टोलीले महोत्तरीका सम्पूर्ण नगरक्षेत्रको अनुगमन गरेको छ।

अनुगमन टोलीले मटीहानी नगरपालिकामा नगरप्रमुख हरिप्रसाद मण्डलसहित सम्पूर्ण वडाका अध्यक्षहरूसँग अन्तरक्रियासमेत गरेका थिए। उहाँले साधनस्रोतको अभावले सम्पूर्ण मागहरूलाई एकैपटक सम्बोधन गर्न कठिन रहेको तथा



कर्मचारी र विषयगत विभागहरूको पर्याप्तता नरहेको ध्यानाकर्षण गराउँदै विपन्न तथा पिछाडिएको घरपरिवालाई नागरिक सचेतना केन्द्रजस्ता अभियानद्वारा समुदायको सशक्तिकरण गर्न रु १० लाख विनियोजनसमेत गरेको र सामुदायिक विकास कार्यक्रमसँग साझेदारी गर्न सकिने बताउनुभएको छ।

कार्यकारी अधिकृत राजेश शर्माले नगरपालिकाको संरचना तथा भर्खरै सम्पन्न नगरसभाको कूल ३० करोड ९० लाग ९ हजार ४९ बजेटसहित सबैका लागि प्राविधिक शिक्षाअन्तर्गत मावि तहका विद्यार्थीका लागि कम्प्युटर, भौतिक पूर्वाधारजस्ता प्राथमिकतामा परेका विषयगत क्षेत्रहरूको संक्षिप्त विवरण प्रस्तुत गरेका थिए।

सो कार्यक्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका उपसचिव विश्वराज मरासिनीले नगरसभा सम्पन्न भइसकेको अवस्थामा अब विनियोजित कार्यक्रमहरू शुरू गर्न आवश्यक पर्ने विज्ञ वा प्राविधिहरू करारमा लिएर पनि ढिलो गर्न नहुने सुझाए साथै आवश्यक सवारी साधनका लागि तोकिएको रकमअनुसार तत्कालै खरिदलगायतका प्रकृया अगाडि बढाउनसमेत अनुरोध गरेका छन्। सभाका प्राथमिकताका विषयमाथि संवेदनशील भएर समयमै काम सम्पन्न गर्न पहल गर्न अनुरोध गर्दै मन्त्रालयले अब केही समयभित्रै स्थानीय तहका पदाधिकारीहरूलाई विभिन्न विषयमा क्षमता अभिवृद्धि तालिम सञ्चालन हुन गइरहेको बताए।

सो टोलीले महोत्तरी तथा धनुषाका जिल्ला समन्वय समितिका प्रतिनिधिहरूसँग पनि सामान्य भेटघाट गरेका थिए। सो अवसरमा डीएफआईडीका गोविन्द न्यौपानेले नेपालको पीडा कर्णाली क्षेत्रलाई मानिएको भनिए तापनि पछिल्लो विभिन्न समययता मध्य तराईका दुःख पनि सतहमा आएकाले यस क्षेत्रको विकासमा दातृनिकायहरूको चासो बढेको जानकारी गराए। उनले विकासका मुख्य प्राथमिक क्षेत्रहरू र कसरी जिल्ला तथा स्थानीय तहमा विकासका कार्यक्रम सञ्चालन गर्न समन्वय गर्न सकिन्छ भन्ने जिज्ञासा राखेका थिए। सो टोलीले बारा, पर्सा, सप्तरी र महोत्तरीमा समेत अनुगमन गरेका थिए।

## ठगी गिरोहका तीन सदस्य पक्राउ

वीरगन्ज, (नेस)

पर्सा प्रहरीले विभिन्न प्रलोभन देखाएर ठगी गर्ने ३ जनालाई पक्राउ गरी शुक्रबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको छ।

लट्री परेको भनि प्रलोभन देखाइ ठगी गर्ने गिरोहका २ जना नेपाली र १ भारतीय नागरिकसहित ३ जनालाई पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको हो। पक्राउ पर्नेमा सुर्खेत जिल्लाको विरेन्द्रनगर नगरपालिका वडा



नम्बर ७ का २४ वर्षीय भीमबहादुर थापा, दैलेख जिल्ला गुराँस गाउँपालिका वडा नम्बर ४ का २२ वर्षीय विष्णु सिंजाली मगर र भारत बिहार पूर्वी चम्पारण मोतिहारी जिल्ला कुमरियाका २० वर्षीय असरफ अली रहेका छन्।

पक्राउ परेकाहरूलाई वीरगन्ज महानगरपालिका १५ स्थित न्यु वीरगन्ज मनि ट्रान्सफरबाट पक्राउ गरेको हो। विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट प्रहरी निरीक्षक ज्ञानकुमार महतोको नेतृत्वमा खटिएको प्रहरी टोली मनि ट्रान्सफरमा रकम झिकेर आपसमा कुराकानी गरिरहेको अवस्थामा पक्राउ गरेको पर्साका प्रहरी उपरीक्षक डा. गणेश रेग्मीले पत्रकार सम्मेलनमा जानकारी दिए।

पक्राउ परेकाहरूले विभिन्न व्यक्तिहरूलाई फोन गरी तपाईंले चलाएको (भाइबर, फेसबुक, ट्विटर तथा सिम कार्डमार्फत २५ लाख रुपियाँ लट्री जित्नुभएको छ) भनी फोन, म्यासेज गरी प्रलोभनमा पारेर उक्त लट्रीबापतको कर नेपाल सरकारलाई जम्मा गरेपछि मात्र उक्त रकम तपाईंको खातामा जम्मा हुने कुरा बताइ आईएमई तथा विभिन्न बैंकमार्फत पैसा पठाउन लगाइ ठगी गर्दै आएका थिए। पक्राउ परेकाहरूको साथबाट ठगी गर्ने कार्यमा प्रयोग गरिएको सिमसहितको मोबाइल, स्रोत खुलाउन नसकेको नगद ३५ हजार, भारु ३ हजार २० रुपियाँ रकमसहित विष्णु सिंजाली मगर र भीमबहादुर थापाको सक्कली नागरिकता, प्रमाणपत्रलगायत कागजातहरू बरामद गरेको प्रहरी नायब उपरीक्षक राजन लिम्बूले जानकारी दिए।

## ३६ सय घरमा 'फोहोर संकलन बाल्टी'

**मोतीराम तिमल्सिना, पनौती, काभ्रे**

युरोपियन युनियनको सहयोगमा पनौती नगरपालिकामा ३६ सय घर परिवारलाई फोहोर संकलनका लागि प्रतिघर दुई-दुईवटा फोहोर संकलन बाल्टी बितरण गरिएको छ।

युरोपियन युनियनका राजदूत भेरोनिका कोडीले शुक्रबार एक कार्यक्रमका बीच नगरपालिकालाई बाल्टी, मिनि ट्रिपर, रिक्सा, ठेलागाढालगायतका फोहोर संकलन सामाग्री नगर प्रमुख भीमप्रसाद न्यौपानेलाई हस्तान्तरण गरेका हुन्। 'नगरलाई फोहोरबाट मुक्त गराउन घरघरबाटै संकलन हुने फोहोरको अलग अलग व्यवस्थापनका लागि बाल्टी बितरण गरिन लागिएको हो', नगर प्रमुख न्यौपानेले भने- 'घरबाटै कुहिने र नकुहिने फोहोर संकलन गरी अलगअलग स्थानमा पुऱ्याइनेछ।'

सन् २०१४ फ्रेबुअरीदेखि ४ वर्षका लागि शुरू भएको युरोपियन युनियनको सहयोग अन्तिम चरणमा पुगेको छ। जनप्रतिनिधि नहुँदै शुरू गरिएको उक्त कार्यक्रम प्राविधिक कारणवश प्रभावकारी बनाउन सकिएको थिएन। पौने चार करोड रुपियाँ खर्च गरिएको उक्त कार्यक्रमबाट घरघरदेखि फोहोर संकलन गरी कुहिने फोहोरबाट कम्पोस्टमल बनाउन कम्पोस्ट मल प्लान्ट निर्माणसमेत गरिएको छ। बायोग्याँस प्लान्ट, नर्सरी र पुण्यमाता खोलाको त्रिवेणी घाटमा पार्कसमेत निर्माण गर्ने तयारी गरिएको छ। २०१८ सम्मका लागि सम्झौता भएको उक्त योजना अन्तिम चरणमा पुगेपछि जनप्रतिनिधिहरूको सक्रियतामा थप काम अगाडि बढेको हो।




फोहोर संकलनका लागि घरघरमा प्रशिक्षणसमेत दिइएको छ। ७२ सयवटा बाल्टीमध्ये आधामा कुहिने फोहोर संकलन हुन्छ भने आधामा नकुहिने फोहोर संकलन हुन्छ। संकलित फोहोरलाई कम्पोस्ट प्लान्टमा लैजाने नजिकका क्षेत्रबाट रिक्साको प्रयोग हुनेछ भने टाढाटाढाको क्षेत्रबाट टिपरमा ल्याइनेछ। ठेलागाडा, डोकोलगायतका सामाग्रीहरू युरोपियन युनियनका राजदूतमार्फत नगरपालिकालाई उपलब्ध गराइएको छ। नकुहिने फोहोरलाई कवाडीमार्फत पठाइनेछ। त्यसका लागि पनि अलग्गै सामान थुपार्ने स्थानमा राखिनेछ। विशेष गरी घरका गृहिणी महिलाहरूका लागि यो तालिम उपलब्ध गराइएको छ। १० वटा समूहमार्फत झण्डै १ सय महिलाहरूलाई फोहोरलाई तहअनुसार व्यवस्थापन गर्न सिकाइएको समूहका संगीता श्रेष्ठ स्यालाले बताइन्। 'हामीले फोहोरलाई रेड्युस, रेडयुज र रिप्रोडक्टका लागि तालिम प्रदान गरिएको छ' -उनले भनिन्।

राजदूत भेरोनिका कोडीको समूहले पनौतीको पार्क शिल्यान्यास गर्दै कम्पोस्ट मल प्लान्टको अवलोकन र विश्व सम्पदा सूचीमा प्रस्तावित पुण्यमाता खोला आसपास रहेका इन्देश्वर महादेव, ब्रम्हायणी, बद्री, केदारलगायतका सम्पदाहरूको अवलोकन गरेको थियो।

## 'संगठनमा लाग्नुको विकल्प छैन'

लमजुङ, (नेस)

नेपाली कांग्रेसका महामन्त्री शशांक कोइरालाले नेपाली कांग्रेस संगठनमा लाग्नुको विकल्प नभएको बताउनुभएको छ। लमजुङको बेंसीशहर नगरपालिका- १ मा आयोजित श्रीमद्भागवत् ज्ञान महायज्ञमा सरिक हुन आउनुभएका कोइरालाले सो धारणा व्यक्त गर्नुभएको हो।

सोही वडाको उदीपुरमा अवस्थित जनकल्याण माविका संस्थापक एवम् प्रजातन्त्र सेनानी रोहिणीराज त्रिपाठीको विद्यालय हातामा निर्मित प्रतिमा अनावरण गर्दै उहाँले 'नेपाली कांग्रेसको संगठन कमजोर छ, अब हाम्रो सम्पूर्ण ध्यान संगठन सुदृढमा लाग्नुपर्छ' -भन्नुभयो। उहाँले कार्यशैलीमा परिवर्तन गरी, विगतका कार्यक्रम र गतिविधिहरू परिवर्तन गर्दै एकताबद्ध भएर अघि बढेमा कांग्रेसको भविष्य उज्जल र सुनिश्चित छ भन्नुभयो।

२०७४, फागुन
शनिबार
१२

कुपोषणबाट ग्रसित रहेका बालबालिकाको स्वास्थ्य सबलीकरण तथा जनचेतना अभिवृद्धिका लागि राष्ट्रिय योजना आयोगले तयार पारेको बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गर्न ढिलाइ भएको हो।

# नेपाल

# नगरपालिकाद्वारा नगरबस सञ्चालन

नेपाल समाचारपत्र

डोटी




दिपायल सिलगढी नगरपालिकाले नगरबस सञ्चालनमा ल्याएको छ। नगरबसको शुक्रबार मुख्यमन्त्री त्रिलोचन भट्टले सिलगढीमा उद्घाटन गर्नुभएको हो। शैलेश्वरी मन्दिरका पुजारी तीर्थराज भट्टद्वारा विधिवत पूजासँगै मुख्यमन्त्री भट्टले रिवन काटेर नगरबसको उद्घाटन गर्नुभएको हो।

७३ लाखको लगानीमा नगरपालिकाले २ वटा नगरबस सञ्चालनमा ल्याएको हो। यसअघि नगरबस यातायात व्यवसायी, सहकारीलगायतले मात्र सञ्चालनमा ल्याएका थिए। नगरपालिकाले आफ्नै स्रोतबाट खरिद गरेर सञ्चालनमा ल्याएको पहिलोपटक हो। मुख्यमन्त्री भट्टले नगरबस सञ्चालनको काम सराहनीय रहेको बताउँदै थप सहयोगका लागि प्रदेश सरकारले भूमिका खेल्ने बताउनुभयो।

नगरपालिकाभित्र सिलगढी-दिपायलको १२ किलोमीटर दुरीमा यात्रा गर्न यात्रुहरूलाई झन्झट हुने गरेको थियो। 'यात्रुहरूले स्थानीय रुटमा भोग्दै आएको सास्तीलाई मध्यनजर गरेर नगरबस सञ्चालनमा ल्याइएको हो,' दिपायल सिलगढी नगरपालिका नगर प्रमुख मञ्जु मलासीले बताउनुभयो। टिकट दर सार्वजनिक यातायातभन्दा सस्तो बनाउने मलासीले बताउनुभयो। बस सञ्चालनको कार्यविधि बनाएर सेवालाई सहज, पारदर्शी र प्रभावकारी बनाउने योजना नगरपालिकाको रहेको छ।

# अख्तियारी आयो बजेट आएन

# बहुक्षेत्रीय पोषण कार्यक्रम प्रभावित

राम धामी, डडेल्धुरा

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट खर्चको अख्तियारी आए पनि बजेट नपुगेकाले डडेल्धुरामा कार्यान्वयन भइरहेको बहुक्षेत्रीय पोषण कार्यक्रम प्रभावित भइरहेको छ।

कुपोषणबाट ग्रसित रहेका बालबालिकाको स्वास्थ्य सबलीकरण तथा जनचेतना अभिवृद्धिका लागि राष्ट्रिय योजना आयोगले तयार पारेको बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गर्न ढिलाइ भएको हो। जिल्लाका ७ वटै स्थानीय तहमा कार्यान्वयन गरिन थालिएको सो कार्यक्रम कार्यान्वयन गर्न चालु आर्थिक वर्षका लागि १ करोड, १९ लाख ७२ हजार बजेट बिनियोजन गरिएको छ।

बिनियोजित बजेटमध्ये जिल्लाका ७ वटै स्थानीय तहमार्फत रु ३६ लाख २० हजार र केन्द्र सरकारले रु ८३ लाख ५२ हजार ब्यहोर्ने बहुक्षेत्रीय पोषण कार्यक्रम डडेल्धुराका जिल्ला संयोजक धर्मराज उप्रेतीले जानकारी दिए। कार्यक्रमका लागि ७० प्रतिसत बजेट युनिसेफले उपलब्ध गराउने सम्झौताअनुरूप युनिसेफबाट रकम प्राप्त हुन ढिलाइ भएकाले खर्चको अख्तियारी प्राप्त भए पनि रकम पुग्न नसकेको हो।

बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि चालु आर्थिक वर्षमा १२ लाख रुपियाँ बजेट बिनियोजन गरेको परशुराम नगरपालिकाका सूचना अधिकृत जगन्नाथ जोशीले केन्द्रबाट आउने १५ लाख ५४ हजार रुपियाँ प्राप्त नहुँदा कार्यक्रम कार्यान्वयन गर्न कठिनाइ उत्पन्न भएको बताए। 'केन्द्रबाट नेपाल सरकार र युनिसेफको अनुदान रकम पाउन ढिलाइ भएको छ।' उनले भने- 'कोष तथा लेखा नियन्त्रण कार्यालयबाट अख्तियारी प्राप्त भए पनि केन्द्रको अनुदान नआउँदा नगरपालिकाले बिनियोजन गरेको रकमसमेत खर्च गर्न सकिएको छैन।'

आलिताल गाउँपालिकाका अध्यक्ष बलबहादुर गुरुङले अखितयारी आए पनि बजेट निकासा नभएको सन्दर्भमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई पत्राचार गरिएको बताए। उनले बजेट निकासा नहुँदा स्थानीयस्तरमा कार्यक्रम कार्यान्वयन हुन नसकिरहेको जानकारी दिए।

'गत कात्तिकमै कार्यक्रम परिषद्बाट स्वीकृत गरी बजेट माग गरिएको थियो' -अध्यक्ष गुरुङले भने- 'तर हालसम्म बजेट निकासा नभएपछि कार्यक्रम कार्यान्वयनमा जटिलता उत्पन्न भएको छ।'

चालु आर्थिक वर्षको ९ महिना बित्दासमेत रकम उपलब्ध नभएकाले जिल्लामा कार्यक्रम प्रभावित भइरहेको स्थानीय सरकारका जनप्रतिनिधिहरू बताउँछन्। यस सम्बन्धमा युनिसेफ क्षेत्रीय कार्यालय नेपालगन्जका प्रकाशचन्द्र जोशीले नेपाल सरकार र युनिसेफबीच ५ वर्षका लागि कार्यक्रम कार्यान्वयन गर्न आइतबार मात्रै सम्झौता भएकाले युनिसेफबाट प्रदान गरिने ७० प्रतिसत बजेट संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत निकासा हुने जानकारी दिए।

बहुक्षेत्रीय पोषण कार्यक्रमका राष्ट्रिय कार्यक्रम संयोजक खेम पोखरेलले नेपाल सरकारका तर्फबाट कार्यक्रमका लागि बिनियोजित रकम चौथो चौमासिकमा निकासा हुने जानकारी दिए। 'चैत्रको पहिलो सातासम्म जिल्लामा बजेट पुग्ने गरी निकासा गर्ने तयारी भइरहेको छ।' उनले भने- 'युनिसेफसँग सम्झौतामा ढिलाइ भएकाले रकम समयमा पठाउन नसकिएको हो।'

देशको समग्र विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने पोषण कार्यक्रमलाई सरकारले उच्च प्राथमिकतामा राखेको छ। केही वर्षअघिसम्म स्वास्थ्य मन्त्रालयअन्तरगत रहेको पोषण कार्यक्रमलाई हाल सरकारले बहुक्षेत्रीय पोषण योजनाका रूपमा अघि बढाएको हो। सरकारको उच्च प्राथमिकतामा परेको कार्यक्रमका लागि समयमा बजेट निकासा हुन नसक्दा कार्यक्रम प्रभावित भइरहेको प्रति स्थानीय तहका जनप्रतिनिधीहरू चिन्तित भएका छन्।

'सरकारले उच्च प्राथमिकतामा राखेको कार्यक्रम कार्यान्वयन गर्न समयमै बजेट निकासा हुनुपर्दथ्यो।' परशुराम नगरपालिकाकी उपप्रमुख कलावती बोहोराले भनिन- 'तर, चालु आर्थिक वर्षको २ वटा चौमासिक बितिसक्दा पनि रकम हालसम्म पुगेको छैन।'

# दिल्ली लैजाँदै गरेका तीन महिलाको उद्धार

नेपाल समाचारपत्र

भद्रपुर

सशस्त्र प्रहरीले झापाको दक्षिणी नाकाबाट भारतको दिल्लीतर्फ जाँदै गरेका ३ महिलाको उद्धार गरेको छ। ती महिलाहरूलाई भारत लैजाने १ भारतीय नागरिकसमेत सशस्त्र प्रहरीले पक्राउ गरेको छ।

इलाम जिल्ला फिक्कल नगरपालिका ५ निवासी ३५ वर्षीय कमला राई, सोही ठाउँ निवासी १८ वर्षीय निछा राई र झापा मेचीनगर नगरपालिका साविक बाहुनडाँगी ६ निवासी ३२ वर्षीय सृजना राईलाई उद्धार गरिएको सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्ट टाघनडुब्बाका सशस्त्र प्रहरी निरीक्षक हरि बरुवालले



जानकारी दिए। उनीहरूलाई भारत लैजाने भारतको विहार राज्यस्थित किशनगञ्ज जिल्ला धनतोला ग्राम पञ्चायत निवासी २५ वर्षीय मखतार आलमलाई पक्राउ गरिएको सशस्त्र प्रहरी निरीक्षक बरुवालले बताए। सशस्त्र प्रहरीले उनीहरूको साथबाट २ थान नागरिकता बरामद गरेको छ।

झापा गाउँपालिका १ स्थित लसुना नाकाबाट भारततर्फ गइरहेका उनीहरूलाई शंका लागि सशस्त्र प्रहरीले नियन्त्रणमा लिएका थिए। नियन्त्रणमा लिएर सशस्त्र प्रहरीले अनुसन्धान गर्दा उनीहरू रोजगारीको शिलशिलामा भारतको दिल्लीतर्फ गइरहेको खुल्नमा आएको बरुवालले बताए।

'३ दिनअघि इलामबाट २ महिला झापा आएका हुन्, उनले भने- 'झापा आएर बाहुन्डाँगी बसेका थिए।' 'ती महिलासँग आलमको भेटघाट सडकको नाला बनाउने क्रममा इलाममा भएको थियो,' -उनले भने। यता सशस्त्र प्रहरीले उद्धार गरिएका ३ महिला र पक्राउ परेका भारतीय नागरिकलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय कुमारखदमा बुझाइसकेको जनाइएको छ।

# झारफुक गर्ने बहानामा हत्या

घोराही, दाङ, (नेस)

दाङमा एक व्यक्तिले झारफुक गर्ने बहानामा हत्या गरेका छन्।

दंगिशरण गाउँपालिका ५ स्थित शान्तुराम चौधरीको घरमा अर्चना बाबाको भक्त भनी बताउने तुलसीपुर उपमहानगरपालिका ६ बस्ने वर्ष ४५ को करण चौधरीले २५ वर्षीया डसनी चौधरीको हत्या गरेका हुन्। डसनीलाई धामी झाँक्री गर्छु भन्दै बेहोस बनाएर हत्या गरेको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रमुख प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिनुभयो। करणलाई नियन्त्रणमा लिएर अनुसन्धान शुरू गरिएको प्रहरीले जनाएको छ।

## दशगजामा नेपाल-भारत संयुक्त टोली

विराटनगर, (नेस)

नेपाल-भारत संयुक्त सीमा सर्वेक्षण टोलीले दशगजा क्षेत्रको अनुगमन र निरीक्षण गरेको छ। सीमाक्षेत्रका स्तम्भहरूको निरीक्षण र तथ्याङ्क लिने कार्य गरिरहेको अनुगमन टोलीले जनाएको छ। बिहीबार नेपाल-भारत संयुक्त सर्वेक्षण टोलीले दशगजा क्षेत्रको निरीक्षण गरेको छ।

निरीक्षणका क्रममा दशगजा क्षेत्रभित्रका स्तम्भहरूको तथ्याङ्क संकलन गर्ने कार्य भएको पाइएको छ। मोरङमा ६३ किलोमिटर खुला सिमाना रहेको छ। यस्तै सीमास्तम्भ १ सय ६७ बाट शुरु भएको छ। अहिले मोरङको सीमा क्षेत्रमा त्यस्तो कुनै पनि समस्या नरहेको तर नो मेन्स लेन्डभित्र भने स-साना घर र बाटा बनाइएको पाइएको मोरङका प्रमुख जिल्ला अधिकारी रामप्रसाद आचार्यले बताउनुभयो। हाल ताप्लेजुङदेखि सुनसरीसम्म सीमा स्तम्भ निरीक्षण गर्ने र भत्केका सीमा स्तम्भ बनाउने कार्य द्रूत गतिमा भइरहेको छ।

झापामा स्तम्भ निर्माण कार्य भइरहेको छ भने मोरङको दशगजा क्षेत्रमा निरीक्षण गरी तथ्याङ्क लिने कार्य भइरहेको नापी विभागका अधिकृत शिव लम्सालले बताउनुभयो। उहाँले संकलित तथ्याङ्क परराष्ट्र मन्त्रालयमा पठाउने बताउनुभयो। संयुक्त सीमा सर्वेक्षण टोलीले कार्यलाई तीव्र रूपमा अगाडि बढाएको छ। नेपाल-भारत सीमा सर्वेक्षण टोलीले स्थानीय जनतासँग सहकार्य गरेर कामलाई अगाडि बढाएको सशस्त्र सीमा सुरक्षा बल कार्यालय रानीका प्रमुख भेषबहादुर शाहले बताउनुभयो। भारततर्फ सर्वेयर नरेशकुमार र नेपालतर्फ इन्जिनियर गिरिजा पोखरेलको नेतृत्वमा काम भइरहेको बताइएको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
सुनसरी भन्सार कार्यालय
सेतुबन्ध, सुनसरी

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

मिति २०७४।११।१२

यस कार्यालयको सिलबन्दी बोलपत्र आव्हनको नयाँ पत्रीकामा मिति २०७४।९।२० को सूचना नं १।२०७४।०७५ अनुसार न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही तपशिल को ठेक्काको बोलपत्र स्वीकृती को लागि छनौट भएको हदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र सं | ठेक्का नं | निर्माण कार्यको विवरण | निर्माण व्यवसायीको नाम | कबोल अंक रु (मू.अ.कर वाहेक) |
|---|---|---|---|---|
| १ | १ | सुनसरी भन्सार कार्यालयको कर्मचारी आवास भवन को तलाथप कार्य । | श्री सम्सेर निर्माण सेवा वविया -१ सुनसरी । | ३३,२४,८२१।०० |
| २ | २ | कौवाखोज छोटी भन्सार कार्यालयको विल्डिंग कन्स्ट्रक्सन कार्य । | श्री मौसम निर्माण सेवा वविया १ सुनसरी । | २३,९९,७०३।०८ |

प्रमुख भन्सार अधिकृत

हिमालयन किङ्गडम नेपालिज् फेडरेशन अफ बडीबिल्डीङ्ग एण्ड फिट्नेश
सोह्रखुट्टे - १६, नयाँबजार, काठमाण्डौ नेपाल, फोन नं. ०१-४३५६४०९

प्रथम बार्षिक साधारण सभा र निर्वाचन सम्बन्धी सूचना

यस **हिमालयन किङ्गडम नेप्लिज फेडरेसन अफ बडीबिल्डीङ्ग एण्ड** फिटनेस तदर्थ समितिको मिति २०७४।११।०८ गते बिहीवार बसेको बैठकले निर्णय गरे अनुसार यस फेडरेसनको प्रथम **वार्षिक साधारण सभा** र राष्ट्रिय संघको निर्वाचन तपसिलमा उल्लेखित मिति, समय र स्थानमा हुने भएको हुंदा यस फेडरेसन अन्तर्गत गठित सम्पूण जिल्ला सघंहरु र यस संग आबद्ध मताधिकार प्राप्त सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कार्यक्रम :
१. राष्ट्रिय संघको अध्यक्षबाट स्वागत मन्तव्य राष्ट्रिय संघ वारे जानकारी
२. महा सचिवबाट प्रगती विवरण
३. कोषाध्यक्षबाट आर्थिक प्रतिवेदन
४. आ.व. २०७४।०७५ को लागि लेखा परिक्षक तथा कानुनी परामर्शदाताको नियुक्ति तथा पारिश्रमिक तोक्ने ।
४. विधान संशोधन ।
५. निर्वाचन ।
६. विविध ।

**तपसिलको समय, स्थान र मितिमा कार्यक्रम हुने छ ।**
मिति : २०७४/१२/०२, शुक्रबार,
स्थान : सोह्रखुट्टे नयाँबजार - १६, काठमाण्डौ
समय : बिहान १० बजे

HKNFBF

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

Vacancy Announcement

Newly established Confectionary manufacturing company **Himadri Foods Pvt. Ltd.**, registered office at Kathmandu District, Kathmandu Metropolitan City Ward No. 2, and factory site situated at Bara District, Gadhimai Municipality ward No. 5 invites application from the competent and self motivated Nepalese citizen for the following position:

**1) Senior Operator for the Confectionary Machines 1 person**
**2) Operator for the Confectionary Machines 1 Person**

**a) Preferred Qualification and Experiences:**
- minimum 5 Years of work experience preferable in concerned confectionary item production
- experience in operation of confectionary machines and general maintenance
- Must have good communication in English, Hindi and Bengali Languages

**b) Key Responsibility:**
- Operation of manufacturing machines and equipments at the factory site to produce different kind of confectionary items and its related products
- Supervision of the total operation of the machineries and equipments
- To inform the management time by time regarding the condition of the machineries and equipments as well as its production status.

**NOTE:** Salary and other facilities will be provided as per the company rules and regulations. Candidate who meet the criteria are requested to Send your CV together with motivation letter in the name of Himadri Foods Pvt. Ltd, Kathmandu-2, in the following E-mail address within 7 (seven days) from this publication date.

**Email: harun_himadrifoods@yahoo.com**
**(Only short listed applicants will be called for interview.)**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय
डिभिजन सडक कार्यालय,
दमौली, तनहुँ

बोलपत्र स्वीकृत गर्ने आशयको संशोधित सूचना

(प्रकाशित मिति २०७४/११/१२ )

यस डिभिजन सडक कार्यालयवाट नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा मिति २०७४/११/०७ गते प्रकाशित आशयको सुचनामा तपशिल बमोजिम हुनु पर्नेमा अन्यथा भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ वोलपत्र स्विकृतिको लागि छनौट गर्ने आशयको संशोधित सूचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि अनुरोध छ ।

| सि. नं. | ठेक्का नं. | बिबरण | निर्माण व्यवसायीको नाम | कबोल अङ्क (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1 | DRODML/3371653/74/75-12 ( Specific Maintenance) | Black Top works along Aanbu – Gorkha Road near GorkhaBazar(Ch: 23+120 to 23+650). | पेश हुन आएका बोलपत्रहरु कानुन बमोजिम ग्राह्य नदेखिएकोले सवै बोलपत्रहरु रद्द गरिएको | |
| 2 | DRODML/3371544/74/75-13 ( Tal Link Road) | Construction of RCC Pavement, Retaining structures and Slab culvert.in Manang District. | M/S Santosh Nirman Sewa Lamjung | 8,354,687.01 |
| 3 | DRODML/3371224/74/75-14 | Road Maintenance Works along Byas Marga in Tanahaun District. | M/S id construction suppliers Pokhara 27 | 10,220,010.51 |

डिभिजन प्रमुख

# विश्व

**भेट**
नयाँदिल्लीमा भारतीय प्रधानमन्त्री क्यानाडाली समकक्षी जस्टिन ट्रुडिउलाई भेट्दै।



**मुक्त**
नाइजेरियाली सरकारले ४ सय ७५ जना बोको हराम लडाकूलाई मुक्त गरेको छ।





**विश्व २ मिनेट**

## फिलिपिन्स
### गस्ती जारी रहने

मनिला, (एजेन्सी)

अमेरिकाले दक्षिण चीन सागरमा चीनको बढ्दो गतिविधिका बाबजुद गस्ती जारी राख्ने जनाएको छ। अन्तर्राष्ट्रिय नियमअनुसार अनुमति दिने दक्षिण चीन सागरका सबै क्षेत्रमा अमेरिका तैनाथ रहने अमेरिकी नौसेनाका अधिकृत कमान्डर टिम हकिन्सले बताए। अमेरिकाले त्यस क्षेत्रमा आफ्नो दाबी कहिल्यै नगर्ने तर त्यहाँको आवागमन स्वतन्त्रताको समथर्न गर्ने उनले बताए। दक्षिण चीन सागरको ठूलो हिस्सामा चीनले आफ्नो अधिकार क्षेत्र भएको दाबी गर्दै आइरहेको छ। चीनले अमेरिकामाथि त्यस क्षेत्रमा अवैधरूपमा धुसपैठ गरेको आरोप पनि लगाएको छ।

## अस्ट्रेलिया
### ओबीओआरलाई चुनौती

सिड्नी, (एजेन्सी)

चीनको वान बेल्ट वान रोड (ओबीओआर) परियोजनाको जवाफमा अस्ट्रेलिया, जापान, अमेरिका र भारत मिलेर आफ्नो अलग्गै इन्फ्रास्ट्रक्चर प्रोजेक्ट शुरू गर्न सक्ने संकेत दिएको छ। अस्ट्रेलियाको एक समाचारमा प्रधानमन्त्री मेल्कम टर्नबुलले अमेरिका भ्रमणमा राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त योजनाको विषयमा छलफल गर्न सक्ने दाबी गरिएको छ। अस्ट्रेलियाको फाइनान्सियल रिभ्युले अमेरिकाका अधिकारीलाई उद्धृत गर्दै टर्नबुलको एजेन्डामा नयाँ प्रोजेक्ट समावेश रहेको उल्लेख गरेको छ। अर्बौं डलरको महत्त्वाकांक्षी परियोजना ओबीओआर राष्ट्रपति सी जिनपिङले सन् २०१३ मा अगाडि सारेका हुन्।

## भारत
### प्रमद्वयको भेट

नयाँदिल्ली, (एजेन्सी)

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार क्यानाडाली समकक्षी जस्टिन ट्रुडिउलाई भेटेका छन्। पहिलो औपचारिक भ्रमणको क्रममा करिब एक साताअघि ट्रुडिउ भारत पुगेका हुन्। अघिल्लो दिन क्यानाडाले दिल्लीमा उनीसँगको औपचारिक रात्रिभोजका लागि एकजना शिख अतिवादीलाई दिइएको आमन्त्रण फिर्ता लिएको थियो। क्यानाडाली प्रधानमन्त्रीले उनको सरकार शिख अतिवादीहरूप्रति नरम रहेको आरोपको प्रतिवाद गर्दै आएका थिए। उनको भारत भ्रमणको पनि भारत सरकारका थुप्रै वरिष्ठ सदस्यहरूले बेवास्ता गरेका छन्। उनको र मोदीको भेट दिल्लीस्थित राष्ट्रपति भवनमा भएको हो।

## अस्ट्रेलिया
### राजीनामाको घोषणा

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियाली उपप्रधानमन्त्री बार्नावी जोयसले आफ्नो एक जना महिला पूर्वकर्मचारीसँगको सम्बन्धलाई लिएर राजनीतिक वृत्तमा विभिन्न टीकाटिप्पणी हुन थालेपछि शुक्रबार पदबाट राजीनामा दिने घोषणा गरेका छन्। उनले सोमबार पदबाट राजीनामा दिन लागेको एक सरकारी सूत्रले पुष्टि गरेको छ। उनले यसअघि आचरणमाथि प्रश्न उठाउँदै आफूमाथि परेको राजीनामाको दबाबको बेवास्ता गर्दै आएका थिए। दुई साताभन्दा लामो समयदेखि अस्ट्रेलियाली राजनीतिक क्षेत्रमा उनको यो प्रसंग विवादमाथि विविध प्रश्नहरू उठ्दै आएको थियो।

# माल्दिभ्समा राजनीतिक संकट
## भारतमाथि तथ्यलाई तोडमरोड गरेको आरोप

माले, (एजेन्सी)

माल्दिभ्समा संकटकालको सीमा १५ दिनबाट बढाएर ३० दिन गरेकामा भारतले यसलाई असंवैधानिक बताएको छ। माल्दिभ्सले त्यसको जवाफमा बिहीबार भारतले सत्यलाई तोडमरोड गरेको आरोप लगाएको छ।

भारतको प्रतिक्रियालाई माल्दिभ्स सरकारले उसको संविधान र कानुनको बेवास्ता भएको जनाएको छ। त्यहाँको राजनीतिक स्थितिका बारेमा भारतलाई थाहा नभएको बताएको छ। माल्दिभ्समा राजनीतिक संकट गहिरिएपछि फेब्रअरी ५ देखि सरकारले संकटकाल लगाएको थियो।

भारतले बुधबार माल्दिभ्सको संसद् (मजलिस)ले गरेको संकटकाल बढाउने फैसलालाई लिएर चिन्ता व्यक्त गरेको थियो। भारतले यसलाई लागू गर्ने तरिका असंवैधानिक भएको बताएको थियो। विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ- 'सबै लोकतान्त्रिक संस्थाले संविधानअनुरुप निष्पक्ष र पारदर्शी तरिकाबाट चलाउनु अत्यन्त महत्त्व राख्छ। माल्दिभ्स चाँडै लोकतन्त्रको मार्गमा फर्कनु आवश्यक छ र त्यहाँ कानुनी राज्य पुन: कायम हुनुपर्छ। जनताको आशा पूरा गर्नुपर्छ र कयौं देशको चिन्ता पनि अन्त्य हुनुपर्छ।

माल्दिभ्समा संकटकाल बढाउनुमा कुनै वैध कारण नदेखेको भारतले जनाएको छ। त्यहाँको स्थितिलाई नजिकबाट नियालिरहेको उल्लेख गर्दै



राजनीतिक बन्दी र प्रधानन्यायाधीशलाई मुक्त गर्न अपिल गरेको छ। साथै सर्वोच्च अदालतको आदेशको पालना गर्न पनि आग्रह गरिएको छ।

माल्दिभ्समा राजनीतिक संकट गहिरिएपछि यसै महिनाको पहिलो हप्तामा १५ दिनका लागि संकटकाल लगाइएको थियो। फेब्रुअरी २० मा उक्त संकटकाल समाप्त हुनुअगाडि संसद्ले संकटकालको उक्त अवधि ३० दिन गर्ने प्रस्ताव गरेको थियो। त्यसलाई विपक्षको विरोधका बाबजुद मन्जुरी दिएको थियो।

सन् २००८ मा मोहम्मद नसिद पहिलोपटक देशको निर्वाचित राष्ट्रपति बनेका थिए। सन् २०१२ मा उनलाई पदबाट हटाइएको थियो। त्यसपछि नै माल्दिभ्समा संकट शुरू भएको हो।

**राजनीतिक संकटको शुरू**

फेब्रअरी १ मा सर्वोच्च अदालतले पूर्वराष्टपति मोहम्मद नसिदसहित ९ जनाविरुद्ध दर्ता भएको एक मुद्दालाई खारेज गरेको थियो। अदालतले ती नेताहरूको रिहाइको आदेश पनि दिएको थियो। अदालतले राष्ट्रपति अब्दुला यामिनलाई पार्टीबाट अलग्ग भएपछि बर्खास्त गरिएका १२ विधायकलाई पनि बहाल गर्न आदेश दिएको थियो।

सरकारले अदालतको उक्त आदेश मान्न अस्वीकार गरेको थियो जसले सरकार र अदालतबीच तनाव उत्पन्न भयो। यसबीच नागरिकहरू राष्ट्रपति अब्दुल्लको विरोधमा सडकमा ओर्लिएका थिए। विरोध चर्किएपछि सरकारले फेब्रुअरीमा देशव्यापीरूपमा १५ दिनको संकटकालको घोषणा गऱ्यो।

अब्दुल्लाले संकटकालको औचित्य देखाउन उनीविरुद्ध षड्यन्त्र रचिएको र यसको जाँचका लागि संकटकाल लगाइएको बताएका थिए।

सन् २०१५ मा आतंकवादी विरोधी कानुनअनुसार सत्ताच्यूत भएपछि मोहम्मद नसिद निर्वासित भएका थिए। नसिदलाई भारतको नजिक मानिन्छ र उनले राजनीतिक संकटबाट मुक्त हुन माल्दिभ्समा भारतसँग सैन्य हस्तक्षेपका लागि अपिल गरेका थिए।

# तस्करीमा दूतावासको कुरियर प्रयोग

ब्युनसआयर्स, (एजेन्सी)



अर्जेन्टिनाको सुरक्षा मन्त्रालयले रुसी दूतावासको कुरियर सेवा प्रयोग गरी युरोपतर्फ थुप्रो परिमाणमा कोकिन तस्करी गर्न लागेको योजना असफल बनाइदिएको रहस्य शुक्रबार खोलेको छ। प्रहरीले सन् २०१६ को डिसेम्बरमा रुसी राजदूतको सुराकीको आधारमा दूतावासको कूटनीतिक लगेजबाट झन्डै चार सय किलोग्राम कोकिन जफत गरेको जनाएको छ।

त्यसपछि प्रहरीले लागूऔषधको स्थानमा पिठो र ट्र्याकिङ उपकरणहरू राखेर स्टिङ अपरेसन गरेको जनाएका छन्। उक्त अपरेसनमा रसिया र अर्जेन्टिनामा थुप्रै लागूऔषध तस्कर पक्राउमा परेको जनाइएको छ।

अर्जेन्टिनी सुरक्षा मन्त्री प्याट्रिसिया बुलरिचले ब्युनसआयर्स दूतावासमा फेला परेको सो उच्चकोटिको कोकिनको मूल्य अन्तर्राष्ट्रिय बजारमा ६ करोड २० लाख अमेरिकी डलर रहेको बताएकी छिन्। उनले सो लागूऔषध रसिया र जर्मनी पठाइन लागेको बताइएको छ।

साथै बुलरिचले यस तस्करी अभियानको प्रमुख सूत्रधार जर्मनीमा रहेको र ती व्यक्तिलाई जर्मन प्रहरीले गिरफ्तार गुर्नपर्ने पनि बताएकी छिन्। अहिलेसम्म यस सम्बन्धमा दुई जना अर्जेन्टिनामा र तीन जना रसियामा पक्राउमा परेका छन्।

# संघर्ष विरामको प्रस्ताव असफल

न्युयोर्क, (एजेन्सी)

सिरियामा विगत केही दिनदेखि जारी संघर्ष रोक्ने उद्देश्यले बिहीबार संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्मा बसेको बैठक विनानिस्कर्ष टुंगिएको छ।

उक्त बैठकमा सिरियामा भइरहेको संघर्ष रोक्नका लागि ३० दिनको संघर्षविरामसम्बन्धी प्रस्तावमा छलफल भएको बताइएको छ। तर रुसको अडानपछि उक्त प्रस्ताव पारित हुन सकेन।

संयुक्त राष्ट्र सुरक्षा परिषद् सिरियामा मानवतावादी संघर्ष विरामका लागि तयार नभएको रुसले जनाएको छ। संघर्ष विरामका सम्बन्धमा स्विडेन र कुवेतका तर्फबाट एक प्रस्ताव पेस गरिएको थियो। तर रुसले उक्त प्रस्तावमा संशोधन चाहेको थियो। रुसले

**सिरिया संघर्ष**

उक्त प्रस्तावले रुस समर्थन रहेको सिरियाली सरकारमाथि दबाब बढ्ने जनाएको थियो।

संयुक्त राष्ट्रमा रुसका प्रतिनिधि वेस्ली नेबेन्ज्याले पेस गरिएको प्रस्ताव वास्तविक रुपमा प्रभावकारी हुनेमा रुसले ग्यारेन्टी चाहेको बताइन्। वेस्ली भने- 'संघर्ष विरामको वास्तविक चुनौती त्यसको कार्यान्वयन पक्ष नै हो। हामीले फैसला गर्नका लागि मात्र संघर्ष विरामको निर्णय लिनु उचित होइन। यो पनि हेर्नु पर्ने हुन्छ कि, संघर्ष विराम धरातलमा कति प्रभावकारी सावित हुन्छ। हामी संयुक्त राष्ट्रको फैसला लोकप्रियताका लागि नभई यथार्थवादी हुनु पर्छ भन्ने चाहन्छौं।'

पश्चिमी देशका प्रतिनिधिले रुसको उक्त व्यवहारलाई सिरियाली सरकारको समर्थन गर्ने कदम भएको बताएको छ। यसले सिरियामा संघर्ष विराममा विलम्ब हुने बताएका छन्।

Government of Nepal (GoN)
*Ministry of Federal Affairs and Local Development*
*Department of Local Infrastructure Development and Agricultural Roads*
**Suspension Bridge Division**
**Shreemahal, Pulchowk, Lalitpur**

**Re-Invitation for Quotation**

Invitation for Quotations for the **Protection work at Uttarayani Trail Bridge, Siraha/Dhanusha**

Date of publication: **2074-11-12**

Contract Identification No: MM:SQ-01/074/75

1. The *Suspension Bridge Division* invites sealed quotation for the ***Protection work at Uttarayani Suspension Trail Bridge, Siraha/ Dhanusha.*** The estimated amount for the works is ***NRS 16,33,521.85 (Excl VAT)***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Suspension Bridge Division, Shree Mahal, Pulchowk, Lalitpur, telephone no. 01-5524682 and 01-5524681, facsimile number 01-5527944 .
3. A complete set of Bidding Documents may be purchased from the office of Suspension Bridge Division, Shree mahal, Pulchowk, Lalitpur by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, Business registration certificate and upon payment of a non-refundable fee of NRs 1,000/- till 2074/11/27 within office hours.
4. Sealed bids must be submitted to the above mentioned office on or before 12:00 hrs on 2074-11-28. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2074-11-28, 13:00 hrs*** at the above mentioned office. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **NRs 55,000/-** which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# आक्रमणका बेला सुरक्षाकर्मी निस्क्रिय

वासिङ्टन, (एजेन्सी)

गत साता अमेरिकाको फ्लोरिडास्थित एउटा विद्यालयमा सत्र जनाको ज्यान जानेगरी भएको गोलीकाण्डको दौरान भित्र गोली चलिरहँदा पनि विद्यालय भवनबाहिर उभिरहेका एक जनासशस्त्र सुरक्षाकर्मीले आक्रमणकारीमाथि हस्तक्षेप गर्ने प्रयास नगरेको अनुसन्धानमा संलग्न प्रहरीले जनाएको छ।

ब्रोवार्डा काउन्टि प्रहरी स्कोट इजरायलले उक्त घटनापछि निलम्बन गरिएका सुरक्षाकर्मी स्कोट पिटर्सनले राजीनामा दिएको जानकारी दिएका छन्। इजरायलले त्यस्तो आपत्कालीन अवस्थामा पनि सुरक्षाकर्मी भएर उनी विद्यालय भवनभित्र नगएकोमा निकै दु:ख र आश्चर्य लागेको बताएका छन्।

यसै साताको शुरूमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विद्यालयमा बारम्बार भइरहने यस्ता भयावह गोलीकाण्ड रोक्नका लागि शिक्षकहरूलाई पनि हतियार बोक्न दिने बताएका थिए।

अमेरिकाको शक्तिशाली नेसनल राइफल एसोसियसन (एनआरए)ले लामो समयदेखि यस प्रस्तावको लबी गर्दै आएको जनाएको छ। बिहीबार एनआरएका अधिकारी वायने ला पियर्रेले अमेरिकाको बन्दुक अधिकार समाप्त पार्न र बन्दिुकमाथिको नियन्त्रण बढाउनका लागि अवसरवादीहरूले यस्ता दुखान्त घटनाहरू घटाइरहेको बताएका छन्।

# बालबालिका बलात्कार हत्या हेर्न बाध्य




जुवा, (एजेन्सी)

साउथ सुडानका बालबालिकाहरू आफ्ना आमाहरूको बलात्कार र हत्या हेर्न बाध्य रहेको संयुक्त राष्ट्र संघले जनाएको छ। संयुक्त राष्ट्र संघको मानवअधिकार अनुसन्धानकर्ताले तयार पारेको एक प्रतिवेदन करिब ४० जना सरकारी अधिकारी युद्ध अपराध र मानवताविरुद्धको अपराधका लागि जिम्मेवार रहेको जनाइएको छ।

सो प्रतिवेदनमा ठूलो संख्यामा गाउँहरू नष्ट गरिनुका साथै सर्वसाधारणमाथि निर्मम यातना र अंगभंग गरिएको जनाइएको छ। सन् २०१५ मा शान्ति सम्झौतामा हस्ताक्षर भए पनि सरकारका प्रतिद्वन्द्वी समूहबीच साउथ सुडानमा हिंसा जारी रहेको छ।

अति क्रूर युद्ध अपराधका लागि जिम्मेवार ठहर गरिएका ४० जनामध्ये ५ जना कर्णेल र ३ जना स्टेट गभर्नर रहेका छन्। संयुक्त राष्ट्र संघद्वारा संकलित जीवित पीडितहरूको कहानीअनुसार केहीलाई परिवारका सदस्यहरूमाथि नै बलात्कार गर्न लगाइन्थ्यो।

यसले बोस्निया युद्धको भयावह घटनालाई सम्झाउने बताइएको छ। एक जना महिलाले आफ्नो १२ वर्षीय छोरालाई जीवन दान पाउनका लागि आफ्नै हजुरआमासँग यौन सम्पर्क गर्न लागेको र आफ्नै आँखासामु आफ्नो पतिको अण्डकोष काटिएको बताएकी छिन्।

अर्को एक जना पुरुषले आफ्नो एक पुरुष साथीलाई अप्राकृतिक ढंगले सामूहिक बलात्कार गरी मृत अवस्थामा झाडीमा फालिएको अवस्थामा फेला पारेको बताएका छन्। साउथ सुडानका लागि मानव अधिकार आयोगका अध्यक्ष यास्मिन सुकले साउथ सुडानमा पुरुषविरुद्धको यौन हिंसा विकराल स्थितिमा रहेको बताएका छन्।

बैठकले सन् १९५० को शान्ति तथा मैत्रीसन्धि, सीमा व्यवस्थापन, व्यापार र पारवहनको विषयलाई अन्तिम टुङ्गो लगाउने अपेक्षा गरिएको छ।



प्रधानमन्त्री केपी शर्मा ओलीको ६७औं जन्मदिनको अवसरमा नेकपा (एमाले) स्थायी समितिद्वारा जन्मदिनको अवसरमा केक काटेर खुसीयाली मनाइँदै।

## विद्यार्थीसँग ८ लाख ठग्ने प्रहरीको फन्दामा

काठमाडौं, (नेस)

विद्यार्थीसँग ८ लाख ठग्ने एक युवक प्रहरीको फन्दामा परेका छन्। एमबीबीएसमा भर्ना गरेको नक्कली कागजपत्र देखाएर विद्यार्थीलाई ठगी गरेको भन्दै प्रहरीले ललितपुर धोबिघाटका रमेशप्रसाद चौहानलाई पक्राउ गरेको हो।

उनले भारतको बनारस हिन्दू विश्वविद्यालयमा एमबीबीएसमा भर्ना गरिदिने भन्दै एक विद्यार्थीसँग ८ लाख रुपियाँ लिएका थिए। भर्नाको नक्कली कागज देखाएर ठगी गरेको प्रहरीले जनाएको छ। अरूलाई पनि उनले ठगी गरेको हुनसक्ने आंशका गरिएको छ। महानगरीय अपराध महाशाखाले उनलाई पक्राउ गरेको हो। पक्राउ परेका चौहान जिपिसी कन्सलटेन्सीका कर्मचारी हुन्। सो कन्सलटेन्सीका सञ्चालक अंकित गुप्ताको जाहेरीमा प्रहरीले उनलाई पक्राउ गरेको हो। उनले ३५ देखि ४० लाखमा भर्ना गरिदिने भन्दै विश्वासमा पारेर ठगी गरेका हुन्। भर्नाको नक्कली कागज देखाएर उनले ८ लाख लिएको र थप ३० लाख रुपियाँ माग्ने क्रममा कन्सलटेन्सीका सञ्चालकले थाहा पाएपछि प्रहरीमा उजुरी गरेर पक्राउ गराएका हुन्।

## राजनीतिक सल्लाहकारमा रिमाल

काठमाडौं, (नेस)

प्रधानमन्त्री केपी शर्मा ओलीको मुख्य राजनीतिक सल्लाहकारमा एमाले पोलिट ब्युरो सदस्य विष्णु रिमाललाई नियुक्त गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार बसेको बैठकले रिमाललाई मुख्य सल्लाहकारमा नियुक्त गर्ने निर्णय गरेको हो। बैठकपछि जनसंख्या तथा वातावरणमन्त्री लालबाबु पण्डितले सरकारको कार्य सम्पादन नियमावली संशोधन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित कुल १८ मन्त्रालय रहने पनि निर्णय गरेको जानकारी दिनुभयो।

## भीरबाट लडेर मृत्यु

गुल्मी, (नेस)। गुल्मीमा भीरबाट लडेर एक जनाको मृत्यु भएको छ। जिल्लाको गुल्मी दरबार गाउँपालिका वडा नम्बर ७ चारपाला निवासी ५१ वर्षीय लोकबहादुर सुनारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी सहायक निरिक्षक सत्य यादवले जानकारी दिए। सुनार घर जानेक्रममा भीरबाट लडेर गम्भीर घाइते भएका थिए। उनललाई स्थानीय मेडिकलमा उपचार हुन नसकेपछि थप उपचारका लागि पाल्पा लगिएको थियो। पाल्पामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

**नदी जन्य ढुंगा, गिट्टी उत्खनन् गर्नका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशन मिति: २०७४।११।१२**

सिन्धुली जिल्ला, दुधौली नगरपालिकाअन्तर्गत पर्ने तावा र ककुर खोलाहरुबाट ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल संकलन बिक्री, निकासी गर्ने कार्यलाई व्यवस्थित गर्न प्रारम्भिक वातावरणीय परिक्षण **(IEE)**, अध्ययन गर्नुपर्ने भएकोले वातावरण संरक्षण ऐन २०५३, वातावरण संरक्षण नियमावली २०५४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल संकलन, उत्खनन् र निकासी गर्नका लागि उक्त प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा प्रस्तावित कार्यबाट पर्न सक्ने, भौतिक, जैविक, सामाजिक, आर्थिक तथा संस्कृतिक क्षेत्र र यिनका अवयवहरु र अन्तर सम्बन्धमा पर्ने प्रभावहरु सम्बन्धमा सम्बन्धित वडाहरु ७, ८, ९ र १४ तथा सरोकारवालाहरुले नेपाल समाचारपत्र दैनिकमा पहिलो पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय, सुझाव र प्रतिक्रिया पठाई दिन हुन वातावरण संरक्षण नियमावली २०५४ को नियम ७(२) लागि यो सूचना प्रकाशित भएको छ ।

**राय, सुझाव पठाउने ठेगाना**

**प्रस्तावको नाम**

**दुधौली नगरकार्यपालिकाको कार्यालय**

दुधौली, सिन्धुली

**टेलिफोन: ०४७-४१२०४५**

**इमेल: dudhalinp@gmail.com**

## ओलीलाई ट्रम्पको बधाई

काठमाडौं, (नेस)

प्रधानमन्त्री केपी शर्मा ओलीलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बधाई तथा शुभकामना सन्देश पठाउनुभएको छ। आफ्नो शुभकामनामा ट्रम्पले विभिन्न चरणमा भएको स्थानीय, प्रदेश र केन्द्रको निर्वाचनको प्रशंसा गर्नुभएको छ।

ओली प्रधानमन्त्री चयन भएको एक सातापछि ट्रम्पले शुभकामना पठाउनुभएको हो। आफू दुवै मुलुकको सम्बन्ध थप सुदृढ बनाउँदै नेपालको स्थिरता, सुशासन र दिगो आर्थिक विकासमा सहयोग गर्न तत्पर रहेको ट्रम्पले बताउनुभएको छ।

## भारतीय अधिकारीहरू काठमाडौंमा

काठमाडौं, (नेस)

नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (ईपीजी)को सातौं बैठकमा सहभागी हुन भारतीय पक्षका सदस्य जयन्त प्रसादबाहेकका अन्य सबै सदस्य शुक्रबार काठमाडौं आइपुगेका छन्।

स्वास्थ्य समस्याका कारण उहाँ बैठकमा अनुपस्थित रहे पनि भारतीय पक्षका संयोजक भगतसिंह कोसियारी, प्राध्यापकद्वय महेन्द्र पी लामा र बीसी उप्रेती भने बैठकमा सहभागी हुने काठमाडौंस्थित ईपीजी सचिवालयले जनाएको छ। नेपालका लागि पूर्वभारतीय राजदूत जयन्त प्रसादलाई मुटुसम्बन्धी समस्या देखिएपछि यसअघि नेपालमा भएको पाँचौं बैठकमा पनि अनुपस्थित रहनुभएको थियो।

एक अर्को मुलुकमा आलोपालो बैठक आयोजना गर्ने प्रावधानअनुसार आज शनिबार र भोलि आइतबारका लागि सातौं बैठक तय गरिएको हो। यो बैठकले सन् १९५० को शान्ति तथा मैत्रीसन्धि, सीमा व्यवस्थापन, व्यापार र पारवहनको विषयलाई अन्तिम टुङ्गो लगाउने अपेक्षा गरिएको छ।

साथै विभिन्न चरणमा भएका द्विपक्षीय वार्ता र छलफललाई समेटेर प्रतिवेदन खाका तयार पार्ने कार्यमा दुवै मुलुकका पदाधिकारी जुट्ने बताइएको छ। समूहलाई तोकिएको २ वर्षे कार्यअवधि आगामी असार तेस्रो साता सम्पन्न हुने भएकाले दुवैतर्फका अधिकारीहरू प्रतिवेदनको विस्तृत खाका तयार पार्न सकारात्मक बनेका छन्।

## एकता भत्काउने षड्यन्त्र हुन सक्छ : *प्रचण्ड*

काठमाडौं, (नेस)

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वाम एकतालाई भत्काउन खोज्नेहरूले जस्तोसुकै षड्यन्त्रसमेत गर्न सक्ने बताउनुभएको छ। उहाँले एकतालाई अनिष्ट भयो भनेर तर्सेका दक्षिणपन्थी शक्तिहरूले वामपन्थीभित्रकै समूहलाई उपयोग गरेर एकतालाई भत्काउन जुनसुकै सीमासम्म जान सक्ने सम्भावना बताउनुभएको हो।

राजधानीमा शुक्रबार आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै प्रचण्डले पार्टी एकता गर्ने पहल शुरू भएपछि विभिन्न कोणबाट विचार विमर्श भएको बताउँदै विरोध र समर्थन शुरू भएको बताउनुभयो। 'राजनीतिक, वैचारिक, सैद्धान्तिक र जनताको जीवनमा असर पर्ने किसिमले पनि बहस शुरू भएको छ, एकथरीले अनिष्ट शुरू भयो भनेका छन्', उहाँले भन्नुभयो- 'अर्कोथरीले बिलकुल ठीक भयो, पहिल्यै हुनुपर्थ्यो, तर अब ठीक छ भनेर अनुमोदन गरेका छन्।' वाम एकताले नेपाली समाजको समृद्धि, स्थायित्व विकास र सुशासनको चाहनालाई पूरा गर्ने भन्दै जनताले अनुमोदन गरे पनि यसलाई अनिष्टको संज्ञा दिनेहरूले षड्यन्त्र गर्न सक्ने बताउनुभयो

## राष्ट्र संघको मुख्यालयमा नेपाली सेना दिवस



**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाली सेनाले संयुक्त राष्ट्र संघअन्तर्गत शान्ति स्थापनार्थ फौज खटाउन शुरू गरेको ६० वर्ष पुगेको उपलक्ष्यमा संयुक्त राष्ट्र संघको मुख्यालयमा सैनिक दिवस मनाइएको छ।

नेपाली सेनाले संयुक्त राष्ट्र संघअन्तर्गत शान्ति स्थापनार्थ फौज खटाउन शुरू गरेको ६० वर्ष पुगेको उपलक्ष्यमा नेपाली उच्च प्रतिनिधि मण्डलको उपस्थितिमा नेपाली सेनाले यूएन मुख्यालय न्युयोर्कमा सेना दिवस मनाएको हो। उक्त कार्यक्रममा सहभागी हुन नेपालबाट रक्षा सचिव विनोद केसीको नेतृत्वमा नेपाली सेनाबाट उपरथी जगदीशचन्द्र पोखरेल र सहायक रथी दामोदर थापासहितको ३ सदस्यीय प्रतिनिधि मण्डल न्युयोर्क पुगेको थियो।

कार्यक्रम राष्ट्र संघको 'डिपार्टमेन्ट अफ पिस किपिङ'का उच्च अधिकारीहरू सहभागी भएको सेनाले जनाएको छ। कार्यक्रममा राष्ट्र संघका अधिकारीहरूले नेपाली सेनाको कार्य कुशलताको प्रशंसा गरेका थिए।

## केन्द्रमा...

केपी ओली पहिलोपटक प्रधानमन्त्री हुँदा फुटाएको खानेपानी तथा सरसफाइ मन्त्रालय खारेज हुने भएको छ। स्थानीय तहको एकल अधिकार सूचीमा परेका कारण खारेज गर्न लागिएको हो। यस्तै शान्ति तथा पुनर्निर्माण मन्त्रालय खारेज गरी प्रधानमन्त्री कार्यालयअन्तर्गत एउटा महाशाखा गठन गर्न विभिन्न समयमा गठित समितिले सुझाव दिएको थियो।

तत्कालीन विद्रोही माओवादी शान्ति प्रक्रियामा आएलगत्तै शान्तिप्रक्रियालाई पूर्णता दिन भन्दै शान्ति मन्त्रालय गठन गरिएको थियो। माओवादी लडाकूको समायोजन तथा हतियार व्यस्थापन भइसकेको र संविधान पनि निर्माण भइसकेकाले नेपालको शान्तिप्रक्रियाले पूर्णता पाइसकेको भन्दै शान्ति मन्त्रालय खारेज हुने भएको छ। पशुपक्षी विकास मन्त्रालयका अधिकार स्थानीय तह, संघमा दिएर खारेज गरिनेछ।

गरिबी निवारण मन्त्रालयको अधिकार सबै स्थानीय तहमा पठाउने भन्दै उक्त मन्त्रालय पनि खारेज गरिनेछ। यस्तै शहरी विकास मन्त्रालयका काम र अधिकार भौतिक पूर्वाधार मन्त्रालयमा दिएर उक्त नामको मन्त्रालय खारेज गर्न सुझाव दिइएको थियो। श्रम तथा रोजगार मन्त्रालय पनि खारेज गर्न सुझाव दिइएको थियो। त्यसका केही काम प्रधानमन्त्री कार्यालयअन्तर्गत महाशाखा गठन गरी र बाँकी काम मानव संशाधन मन्त्रालयको अधिकार क्षेत्रभित्र राखिएको छ।

## सम्बन्ध...

यस्तै क्यानडाको टोरन्टोमा मुख्यालय रहेको स्थानीय वातावरणको दिगो व्यवस्थापनका लागि अन्तर्राष्ट्रिय परिषद् (आईसीएलईआई) जापानको टोकियोमा मुख्यालय रहेको ऐतिहासिक शहरहरूको संघ (एलएचसी), स्पेनको वार्सिलोनामा मुख्यालय रहेको मुख्य महानगरहरूको विश्व संस्था, अमेरिकाको हवाईमा मुख्यालय रहेको विशाल शहरहरूको दिगो भूकम्पीय जोखिम व्यवस्थापन संस्था र चीनको बेइजिङमा मुख्यालय रहेको विश्व पर्यटन शहरहरूको महासंघमा पनि आबद्धता जनाइसकेको छ।

## टोल समितिमा ढकाल

काठमाडौं, (नेस)

काठमाडौंको ढुङ्गेधारा एराहिटी टोल विकास समितिको अध्यक्षमा बद्रीप्रसाद (बीपी) ढकाल सर्वसम्मत चयन हुनुभएको छ।

उपाध्यक्षमा मचाकाजी महर्जन, सचिवमा चुरामणि मरासिनी, कोषाध्यक्षमा देवेन्द्र श्रेष्ठ, सह-कोषाध्यक्षमा वसन्त देवकोटा र सदस्यमा सुजल महर्जन, मचाबाबु महर्जन, विकासलाल श्रेष्ठ, हुतराज शर्मा, भूषण मल्ल, गणेश कार्की, पूर्णराम मानन्धर, सरस्वती कार्की, गंगा जोशी, सुदर्शन श्रेष्ठ रहनुभएको छ। सल्लाहकार समितिमा पूर्णबहादुर कुँवर, बद्रीप्रसाद शर्मा, मोतीकृष्ण श्रेष्ठ, ओमलाल शाक्य र तीर्थ श्रेष्ठ रहनुभएको छ।

अध्यक्ष ढकालले स्थानीय जनताको हकहित गर्ने उद्देश्यले समिति स्थापना गरिएको र राजनीतिभन्दा माथि उठेर सामूहिक आवाज उठाउने बताउनुभयो।

## सरकारमा ल्याउन पहल जारी

काठमाडौं, (नेस) ।वाम गठबन्धनले मधेस केन्द्रित राजनीतिक दललाई सरकारमा ल्याउने पहल जारी राखेको छ। सरकारको नेतृत्वकर्ता दल नेकपा (एमाले)को स्थायी कमिटीले संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी (राजपा)सँग थप परामर्श गरी मन्त्रिमण्डल विस्तार गर्ने निर्णय गरेपछि दुई पक्षबीच अनौपचारिक छलफल भएको छ।

एमाले नतृत्वले बुधबार समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवसँग छलफल गरेको थियो। उक्त छलफल निकै सकारात्मक बनेपछि मधेस केन्द्रित दलले उठाएका सवाललाई कसरी सम्बोधन गर्ने भन्नेबारे नेताहरुबीच छलफल जारी छ। राजपालाई पनि सरकारमा सहभागी गराउने पहलस्वरूप अनौपचारिक छलफल भइरहेको स्वयम् नेताहरू बताउँछन्। वाम गठबन्धनले आवश्यकता र औचित्यका आधारमा मात्र संविधान संशोधन गर्ने जनाउँदै आएकाले वार्ता निर्णायक हुन नसकेको बुझिएको छ।

एमाले सचिव प्रदीप ज्ञवालीले मधेस केन्द्रित दललाई सरकारमा सहभागी गराउनेबारे छलफल चलिरहेको तर कुनै निष्कर्षमा नपुगेको बताउनुभयो।

**नेपाल सरकार**

**स्थानिय विकास मन्त्रालय**

**कचनकवल गाउँपालिका कार्यालय**

**बनियानी, झापा**

**जिप र ट्याक्टर खरिद कार्यको शिलबन्दी बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०७४/११/१२**

यस कार्यालयको प्रयोजनको लागि सवारी साधन आवश्यक भएकोले सो खरिद कार्य सिलबन्दी बोलपत्रद्धारा खरिद गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त उत्पादक कम्पनी/अधिकृत बिक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ ।

**शर्तहरु**

१) बोलपत्र फारम सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र चालु आ.व. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर र मु.अ. कर दर्ता तथा आ.व.२०७३/०७४ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न राखी लिखित निवेदनका साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्र दाताले यस कार्यालयबाट मिति २०७४ चैत्र ११ गते कार्यालय समय सम्म बोलपत्र कागजात खरिद गर्न सकिनेछ ।
२) खरिद भएको बोलपत्र फाराम सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नाम, ठेगाना, ठेक्का नं र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी यस कार्यालयमा मिति २०७४ चैत्र १२ दिनको १२:०० बजे भित्र दर्ता गरी सक्नुपर्नेछ ।
३) खरिद भएको वोलपत्र प्रथम पटक प्रकाशित मितिले मिति २०७४ चैत्र १२ गते २:०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
४) बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ ।
५) तपशिलमा उल्लेखित धरौटी वापतको रकम कचनकवल गाउँपालिका कार्यालयको नाममा रहेको श्री रा.वा. बैंक, भद्रपुर, झापाको धरौटी खाता नं. २२१०३०३००७१०८ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन सम्म मान्य भएको बोलपत्र जमानत पेश गर्नु पर्नेछ ।
६) म्याद नाघि आएको रीत नपुगेको वा शर्त राखि पेश भएको वोलपत्र मान्य हुने छैन ।
७) बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ। सो दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएकोमा केरमेट भएको ठाउंमा सहिछाप भएको हुनुपर्नेछ ।
८) यस कार्यालयको हितलाई ध्यानमा राखि बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।
९) बोलपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको २.५ प्रतिशतले हुन आउने रकम बराबरको नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तीमा १ वर्ष म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कार्य जमानत पत्र (परफरमेन्स वण्ड) सम्झौता गर्नु अघि पेश गर्नुपर्नेछ ।
१०) जीप र ट्याक्टरको स्पेशिफिकेशन बोलपत्रमा समावेश गरिने छ ।
११) यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ ।
१२) बोलपत्र स्वीकृत भई सम्झौता भए पछि यस कार्यालयमा सवारी साधन सम्झौता गरेको १५ दिन भित्र उपलव्ध गराउनु पर्ने छ । स्वीकृत फर्म वा सप्लायर्सले म्याद भित्र सवारी साधन उपलव्ध नगराएमा धरौटी जफत गरी कार्यालयबाट अर्को व्यवस्था मिलाइने छ ।
१३) बोलपत्र दाताले नेपाल सरकारको कानून बमोजिम लाग्ने कर भन्सार शुल्क स्वयंले तिर्नु पर्नेछ । यस कार्यालयबाट कर छुटको लागि कुनै सिफारिस गर्ने छैन ।
१४) थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।
१५) शिलबन्दी बोलपत्रको कामको विवरण निम्न अनुसार छ ।

| ठेक्का नं | कामको विवरण (खरिद गर्ने सामाग्री) | धरौटी रकम रु. | बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) रु. |
|---|---|---|---|
| १/२०७४/७५ | जीप खरिद | १२५०००/- | ३०००/- |
| २/२०७४/७५ | ट्याक्टर खरिद | ४५०००/- | १०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**



# अर्थ



कारोबार रकम चारै दिन कारोबार भएको अघिल्लो सातभन्दा १० दशमलव ७५ प्रतिशत कम हो। अघिल्लो साता बजारमा १ सय ७९ कम्पनीका ३७ लाख ९२ हजार कित्ता शेयर १ अर्ब ५४ करोड १४ लाख २५ हजार रुपियाँमा कारोबार भएका थिए। यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रको कुनै पनि कारोबार भएन।

# शेयर बजारको पुँजी सवा १६ खर्बमा झर्‍यो

**नेपाल समाचारपत्र**

काठमाडौं

यससाता नेप्से परिसूचक ३३ दशमलव ९७ अंकले घटेको छ। अघिल्लो साता ३३ दशमलव ९२ अंकले बढेको नेप्से यससाता कारोबार भएको चारै दिन ओरालो लाग्दा नसुधारिएको हो।

यससाता पहिलो दिन १ हजार ४ सय २४ दशमलव ९५ को विन्दुबाट शुरू भएको नेप्से अन्तिम दिन १ हजार ३ सय ८६ दशमलव ९८ को बिन्दूमा पुगेर रोकिएको हो।

परिसूचक घट्दा यससाता कारोबार रकम भने बढेको छ। यससाता नेप्सेमा १ अर्ब ७० करोड ७० लाख ६८ हजार रुपियाँ बराबरको शेयर कारोबार भएको नेपाल स्टक एक्स्चेन्जले जनाएको छ। सो क्रममा नेप्सेमा १ सय ७६ कम्पनीका ४२ लाख ४८ हजार ७ सय ३० कित्ता शेयर किनबेच भए। सातभरि कूल १८ हजार ६ सय ४ कारोबार भए।

कारोबार रकम चारै दिन कारोबार भएको अघिल्लो सातभन्दा १० दशमलव ७५ प्रतिशत कम हो। अघिल्लो साता बजारमा १ सय ७९ कम्पनीका ३७ लाख ९२ हजार कित्ता शेयर १ अर्ब ५४ करोड १४ लाख २५ हजार रुपियाँमा कारोबार भएका थिए। यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रको कुनै पनि कारोबार भएन।

परिसूचकमा गिरावट आउँदा यस साता शेयर बजारको आकार (बजार पुँजीकरण) करिब ४४ अर्ब ३७ करोड रुपियाँले घटेको छ। यस साता बजार पुँजीकरण १६ खर्ब ६६ अर्ब ३९ करोड रुपियाँबाट घटेर १६ खर्ब २२ अर्ब २ करोड रुपियाँमा पुगेको नेप्सेले जनाएको छ। नेप्से परिसूचक बढ्दा यस साता 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पनि पहिलो दिनको तुलनामा ५ दशमलव ९१ अंकले बढेर २ सय ९३ दशमलव २५ अंकमा आइपुगेको छ। गतसाता कारोबारमा आएका सबै समूहमा गिरावट आए। तीमध्ये बीमा समूह सबैभन्दा धेरै २ सय ८९ दशमलव ६८ अंकले घट्यो।

त्यसैगरी लघुवित्त, विकास बैंक र जलविद्युत् समूहमा क्रमशः ६६ दशमलव २१, ४९ दशमलव २९ र ९१ दशमलव २६ अंकको गिरावट आउँदा बैंकिङ, उत्पादनमूलक र होटल समूहमा पनि क्रमशः २७ दशमलव ४९, ८ दशमलव ३१ र ६५ दशमलव शून्य ५ अंकले ओरालो लागे। त्यस्तै ट्रेडिङ समूह ३ दशमलव शून्य ४ अंक, वित्त समूह १६ दशमलव ३३ र अन्य समूह ११ दशमलव शून्य ९ अंकले घटे।

यस साता कारोबार रकमको आधारमा नेपाल लाइफ इन्स्योरेन्स कम्पनीका संस्थापक शेयर अग्रस्थानमा रह्यो। कम्पनीका कूल ११ करोड २० लाख ६० हजार रुपियाँ बराबरको शेयर कारोबार भएको थियो। यस साता काराबार भएको शेयर संख्याको आधारमा पनि सेन्चुरी कमर्सियल बैंक ३ लाख ६४ हजार कित्तासहित शीर्षस्थानमा रहँदा कारोबार संख्याका आधारमा पनि सेन्चुरी कमर्सियल बैंक १ हजार १ सय २१ वटा कारोबारसहित शीर्षस्थानमा रह्यो। कारोबार रकमका आधारमा ८ करोड रुपियाँसहित ओम डेभलपमेन्ट बैंक दोस्रो स्थानमा रह्यो। सर्वाधिक कारोबार हुने शिर्ष ५ कम्पनीमा सेन्चुरी कमर्सियल बैंक, राष्ट्रिय बीमा कम्पनीका संस्थापक शेयर र सानिमा बैंक पनि अटाए।

यस साता नेप्सेमा सानिमा इक्विटी फन्डका १३ करोड कित्ता साधारण शेयर नेप्सेमा सूचीकृत भए।

# अनुमति नलिइ वित्तीय कारोबार गर्ने पक्राउ

काठमाडौं, (नेस)

नेपाल राष्ट्र बैंक र सहकारी विभागबाट वित्तीय कारोबार गर्ने अनुमति नलिई सुनसरी र मोरङमा सञ्चालित थप ३ कम्पनीमा प्रहरीले छापा मारेको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो, महाराजगन्ज र १ नम्बर प्रदेश क्षेत्रीय अनुसन्धान टोलीले बिहीबार संयुक्त कारबाहीमा थप १ जना सञ्चालकलाई पक्राउ गरेको हो।

छापा मारिएका कम्पनीमा इटहरी - १२ स्थित गृहलक्ष्मी इलेक्ट्रोनिक सप्लायर्स, विराटनगर-६ स्थित न्यू आभाष फेन्सी स्टोर तथा इटहरीस्थित पूर्णागिरी बचत इन्भेस्टमेन्ट प्रालि रहेका छन्। कारबाहीबाट विराटनगर-६ स्थित न्यू आभाष फेन्सी स्टोरबाट ३८ वर्षीय सिताराम लुइटेल पक्राउ परेका छन्। उक्त स्टोरमा स्थानीयबाट अवैध रूपमा संकलन गरेको २ करोड ८६ लाख ८ सय २५ रुपियाँ बचत रकम रहेको खुल्न आएको छ। उक्त स्टोरबाट २ थान एकाउन्ट खाता, २ थान चेकबुक, ५ थान तमसुक, १० थान नगद फाराम, पासबुक तथा १० हजार रुपियाँ नगद बरामद भएको छ।

यस्तै कार्यमा संलग्न पूर्णागिरी बचत इन्भेस्टमेन्ट प्रालि इटहरीका सञ्चालक नरबहादुर विष्ट हाल फरार रहेका छन्। उक्त संस्थामा स्थानीयबाट अवैधानिक रूपमा संकलन गरेको बचत रकम १ करोड २० लाख रुपियाँ रहेको खुल्न आएको छ। सो संस्थाबाट पासबुक ४ सय ४३ थान, नगद भौचर १ सय ७ थान, भुक्तानी भरपाई ५ थान, सापटी फाराम १४ थान, करारनामा पत्र १२ थान र कलेक्सन फाराम ४ सय ५९ थान बरामद भएको छ।

प्रहरीका अनुसार गृहलक्ष्मी इलेक्ट्रोनिक सप्लायर्सका सञ्चालक बाबुराम न्यौपाने हाल फरार रहेका छन्। उक्त सप्लायर्समा स्थानीय जनताबाट अवैध रूपमा संकलन गरेको ४ करोड २५ लाख रुपियाँ रहेको प्रहरी अनुसन्धानबाट खुलेको छ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| | JAGDAMBA E | | | |
| काठमाडौं | ८२।५० | ७९।५० | ८२।५० | ८२।५० |
| सिमरा, बिरगंज, कलैया | ८०।९० | ७७।९० | ८०।९० | ८०।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८१।९० | ७८।९० | ८१।९० | ८१।९० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।४५ | ८०।४५ | ८३।४५ | ८३।४५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८१।६० | ७८।६० | ८१।६० | ८१।६० |
| पोखरा, स्याङ्जा | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

ग्लोबल आइएमई बैंक लि.
शाखा कार्यालय, बनस्थली शाखाको निक्षेपउपर हकदाबी सम्बन्धी
३५ दिने सूचना
यस शाखा कार्यालयमा कर्मचारी बचत खाता खोली कारोबार गर्दै आउनु भएका राजु कुमार तामाङ्गको मिति २०७१/११/२३ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनि मृतकको आमा लक्ष्मी माया तामाङ्गले यस बैंकको शाखा कार्यालयमा मिति २०७४/०९/२६ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, बनस्थलीमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

NCC Bank
नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.
Nepal Credit & Commerce Bank Ltd.
बागबजार, काठमाडौं, फोन नं :४२४६९९१

INTEREST RATES
Effective from Falgun 13, 2074 (February 25, 2018)

| | DEPOSITS | Minimum Balance Rs. | Interest Payable Quarterly Interest Rate |
|---|---|---|---|
| 1 | NCC Savings Plus | 5,000 | 8.00% |
| 2 | Normal Savings | 100 | 8.00% |
| 3 | Mahila Surakshya Bachat Khata | 100 | 8.00% |
| 4 | Bal Surakshya Bachat Khata | 0 | 8.00% |
| 5 | Jestha Nagarik Surakshya Bachat Khata | 100 | 8.00% |
| 6 | Sharedhani Bachat Khata | 0 | 8.00% |
| 7 | Karmachari Bachat Khata | 0 | 8.00% |
| 8 | Subha Lav Bachat Khata | 5,000 | 8.00% |
| 9 | Subha Lav Plus Bachat Khata | 10,000 | 8.00% on Monthly basis |
| 10 | NCC Utsab Bachat Khata | 1,000 | 8.00% |

# टाटा नेक्सन नेपाली बजारमा



**नेपाल समाचारपत्र**

काठमाडौं

टाटाको नेपालस्थित आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङले टाटा मोटर्स्ले जेन-नेक्स्ट लाइफ स्टाइल एसयुबी, टाटा नेक्सनको व्यावसायिक शुरूआत गरेको छ। नेपालको बढ्दो कमप्याक्ट एसयुबी वर्गमा प्रवेश गर्दै टाटाले 'प्रभावशाली डिजाइन' दर्शनमा आधारित चौथो उत्पादन सार्वजनिक गरेको हो।

पृथक स्टाइलको प्रतिनिधित्व गर्ने ग्राहकको लागि यस उत्पादनले विश्वव्यापी र समकालीन डिजाइनका साथै सर्वोउत्कृष्ट टेक्नोलोजी र सुविधालाई एकै साथ ल्याएको कम्पनीले जनाएको छ। नेक्सनको पेट्रोल भेरियन्टलाई ३२ लाख ७५ हजार रुपियाँ र डिजल भेरियन्टलाई ४१ लाख ५५ हजार रुपियाँ शुरूवाती मूल्यमा लन्च गरिएको कम्पनीको दाबी छ। लन्चका अवसरमा बोल्दै टाटा मोटर्स्, इन्टरनेसनल बिजनेस, प्यासेन्जर भेकल बिजनेस यूनिटका हेड, सुजन रोयले कम्पनीका उत्पादनले ब्रान्डलाई परिस्कृत मात्र नगरी ग्राहकको बढ्दो आशालाई समेत समायोजन गर्ने बताउनुभयो। उहाँ अनुसार टाटा नेक्सन मौलिक सोचाइमा उच्चतम चरणको परिवर्तन भएको र जसले टाटा मोटर्स्को गतिशील बजारलाई थप वृद्धि गर्ने छ।

टाटा नेक्सनलाई अनावरण गर्दै सिप्रदी ट्रेडिङका कार्यकारी अध्यक्ष सिद्घार्थ शमशेर जंगबहादुर राणाले टाटा नेक्सनको लन्चसँगै आफ्नो व्यापारलाई ह्याचब्याक र सेडानबाहेक अरू वर्गमा पनि वृद्धि गरेको बताउनुभयो।

# विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ फागुन १२, फेब्रुअरी २४, २०१८

## खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०३।२८ | १०३।८८ |
| युरो १ को रू. | १२७।०४ | १२७।७८ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।०५ | १४४।८९ |
| स्विस फ्रन्क १ को रू. | ११०।५० | १११।१४ |
| अस्ट्रेलियन डलर १ को रू. | ८०।७० | ८१।१७ |
| क्यानाडियन डलर १ को रू. | ८१।२७ | ८१।७५ |
| सिङ्गापुर डलर १ को रू. | ७८।१० | ७८।५६ |
| जापानी यन १० को रू. | ९।६७ | ९।७२ |
| चिनियाँ युआन १ को रू. | १६।३० | १६।४० |
| साउदी अरब रियाल १ को रू. | २७।५४ | २७।७० |
| कतारी रियाल १ को रू. | २८।३६ | २८।५३ |
| थाई भाट १ को रू. | ३।२८ | ३।३० |
| सं. अरब इमिरट दिराम १ को रू. | २८।१२ | २८।२८ |
| मलसियन रिङ्गिट १ को रू. | २६।३६ | २६।५१ |
| दक्षिण कारियन वन १०० को रू. | ९।५८ | ९।६४ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।६६ |
| डेनिस क्रानर १ का रू. | १७।०६ |
| हङकङ डलर १ का रू. | १३।२० |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा प्रविधि विकास सम्मेलन हुँदै

**नेपाल समाचारपत्र**

काठमाडौं

अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा प्रविधि विकास सम्मेलन २०१८ (आईसीडीआरइटी-२०१८) नेपालमा आयोजना हुने भएको छ। उक्त सम्मेलनमार्फत् आगामी नयाँ वर्षलाई 'नवीकरणीय ऊर्जा वर्ष २०७५'का रूपमा मनाइने आयोजकले जनाएको छ।

काठमाडौं विश्वविद्यालय स्कुल अफ इन्जिनियरिङले पाँचौं अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा प्रविधि विकास सम्मेलन आगामी मार्च २९ देखि ३१ सम्ममा काठमाडौंमा आयोजना गर्न लागेको हो। सम्मेलनमार्फत् स्वच्छ ऊर्जा उत्पादन तथा त्यसको कार्यदिशा निर्माणका लागि सहयोग पुग्ने तथा नीति निर्माण तहमा मात्र नभई तल्लोस्तरसम्म पनि नवीकरणीय ऊर्जाका विषयमा जनचेतना फैलाउनका लागि सम्मेलनले भुमिका खेल्ने आयोजकले जनाएको छ।

उक्त सम्मेलन आयोजक समितिका अध्यक्ष प्राडा रमेशकुमार मास्केले सोर्य ऊर्जा, वायु ऊर्जा, जलविद्युत्, जिओथर्मल इनर्जी, बायोमास, बायो फ्युलजस्ता नवीकरणीय ऊर्जाका क्षेत्रमा विश्वव्यापी रूपमा भएको प्रविधिको विकास, नयाँ अनुसन्धान जस्ता विषयमा जानकारी साटासाट गर्न सकिने बताउनुभयो। डा. मास्केले उक्त सम्मेलनबाट अनुसन्धानकर्ता, इन्जिनियर, नवीकरणीय ऊर्जा क्षेत्रका लगानीकर्ता, विद्यार्थी, तथा नीति निर्माण सबै तहमा सहयोग पुग्ने बताउनुभयो।

सम्मेलनमा २५ भन्दा बढी मुलुकका ७० भन्दा बढी विभिन्न अनुसन्धान प्रतिवेदन प्रस्तुत गरिनेछ भने ३ सयभन्दा बढी व्यक्तिको सहभागिता रहनेछ।

राष्ट्रिय योजना आयोग, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, नेपाल विज्ञान प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट), विश्वविद्यालय अनुदान आयोग, जर्मन दुतावास, त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान, इनर्जाइज नेपाल, नवीकरणीय ऊर्जा परिसंघलगायत संस्थाको प्राविधिक सहयोग रहेको छ। उक्त सम्मेलनको सहआयोजक इन्टरनेसनल इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स इन्जिनियर्स पावर इनर्जी सोसाइटी रहेको छ। यसभन्दा अघिका चारवटा सम्मेलन बंगलादेशको युनाइटेड इन्टरनेसनल विश्वविद्यालयले आयोजना गरेको थियो।

स्याटलाईट सिग्लन परिवर्तन गरिएको
अत्यन्त जरूरी सूचना
नेपाल ब्रोकास्टिङ च्यानल प्रा.ली अन्तर्गत न्यूज २४ टेलिभिजनको स्याटलाईट सिग्लन परिवर्तन गरिएको छ ।
नयाँ स्याटलाईट सिग्लन यस प्रकार रहेको छ ।
news24
Measat3 Downlink Parametre
Frequence: 3642.85.MHZ
Symbol Rate 1.556Msys/s
Modulation Qpks FEC3/4
Polarization- Horizontal
हाल सम्म पुरानो सिग्लनबाट सेवा प्रदान गरिरहनु भएका केबल प्रदायकहरूलाई अब नयाँ सिग्लनबाट सेवा दिनुहुन अनुरोध गर्दछौ ।
NBC NEPAL BROADCASTING CHANNEL PVT. LTD.
Maharajgunj Panipokhari, Kathmandu, Nepal, Ph. 014002666



'यहाँ कयौं चुनौतीको सामना गर्नुपरेको अवस्थामा हामी संघीयताको कार्यान्वयनसँगै सबै तहका सरकारसँग समन्वय गरेर नेपालको विकासमा सहकार्य गर्नेछौं।'




## विश्व बजार

### पत्रिकाको व्यापारबाट अर्बपति



काठमाडौं, (नेस)

नवीन सोच र जोखिम मोल्न सक्ने खुबीले अर्बपति बनेका थोरै व्यक्तिको सूचीमा बेलायती अर्बपति व्यापारी र लगानीकर्ता, रिचर्ड ब्रान्सन् पनि पर्छन्। सन् १९५० जुलाई १८ मा लन्डनको ब्ल्याकहिथमा जन्मिएका ब्रान्सन 'भर्जिन ग्रुप'का संस्थापक अध्यक्ष हुन्। ब्रान्सनको भर्जिन ग्रुपमा हाल ४ सय वटा कम्पनी आबद्ध छन्। विशेषगरी वायुसेवा, पर्यटन तथा अतिथि सत्कार र सांगितिक क्षेत्रमा ब्रान्सनलाई हस्ती मानिन्छ।

पढाइमा कमजोर भए पनि औपचारिक शिक्षा छोडी आफ्नो रुचि र अनौपचारिक शिक्षाबाट अघि बढेका ब्रान्सन्ले १६ वर्षकै उमेरमा 'द स्टुडेन्ट' नामक म्यागजिन प्रकाशन शुरू गरे। उनको पहिलो व्यावसायिक कार्य त्यहीँबाट शुरू भयो जसको ५० हजारप्रति नि:शुल्क बाडेका थिए। ८ हजार डलर बराबरको विज्ञापन बटुलेका थिए। उक्त पत्रिका सो समयमा विद्यार्थीमाझ निकै लोकप्रिय थियो।

हाल ५ अर्ब अमेरिकी डलर सम्पत्तिका मालिक ब्रान्सन आफ्ना सहकर्मी तथा कर्मचारीसँग सहज सम्बन्ध राख्न रुचाउँछन्। कुनै पनि काम गर्न मानिसमा इच्छाशक्ति र नवीन सोच हुनैपर्ने बताउने ब्रान्सनले एक अन्तरवार्तामा भनेका छन्- 'मेरा लागि व्यापार भनेको सुट लगाउनु र साझेदारलाई खुशी पार्नु होइन, यो त आफू र आफ्नो सोचाइप्रति इमानदार हुनु र मूलभूत कुरामा केन्द्रित हुनु हो।'

बेलायतको उच्च अदालतका न्यायाधीश जर्ज हारविन ब्रान्सनका नाति रिचर्डलाई 'डिस्लेक्सि' नामक समस्या थियो जसका कारण उनी पढाइमा कमजोर थिए। तर, उनको इच्छाशक्ति, जोखिम उठाउन सक्ने क्षमता र अरूसँग सम्पर्क बढाउन सक्ने खुबी भने अरूको भन्दा फरक थियो। १६ वर्षको उमेरमै स्कूलको पढाइ छाडेपछि पत्रिकापछि उनले सन् १९७० मा हुलाकद्वारा अडियो रेकर्ड बेच्ने व्यापार शुरू गरे। सन् १९७२ मा ब्रान्सनले सांगीतिक रेकर्ड बेच्ने स्टोरको 'चेन'का रूपमा त्यही व्यापारलाई अघि बढाए। पछि सोही व्यापारिक 'चेन' भर्जिन मेगास्टोरका रूपमा विश्वभर प्रख्यात भयो।

> १६ वर्षको उमेरमै स्कूलको पढाइ छाडेपछि पत्रिकापछि उनले सन् १९७० मा हुलाकद्वारा अडियो रेकर्ड बेच्ने व्यापार शुरु गरे। सन् १९७२ मा ब्रान्सनले सांगीतिक रेकर्ड बेच्ने स्टोरको 'चेन'का रूपमा त्यही व्यापारलाई अघि बढाए। पछि सोही व्यापारिक 'चेन' भर्जिन मेगास्टोरका रूपमा विश्वभर प्रख्यात भयो।

भर्जिन मेगास्टोरपछि उनले सन् १९७२ मै स्थापना गरेको रेकर्ड कम्पनी भर्जिन रेकर्डसमार्फत् विश्वका प्रमुख सांगीतिक ब्यान्डका एल्बम बजारका ल्याएका छन्। त्यसैगरी रिचर्डले सन् १९८४ मा स्थापना भएको 'भर्जिन एटलान्टिक एयरवेज' उनको अर्को व्यावसायिक सफलता मानिन्छ।

ब्रान्सनको जोखिम उठाउँदै लगानी गर्ने क्षमता सबैतिर प्रशंसनीय छ। उनले गरेको एक जोखिमयुक्त लगानीमा भर्जिन ट्रेन्स नामक रेलसेवा उल्लेखनीय छ। रेलसेवा अत्यन्त जोखिमयुक्त रहेको र त्यसमा लगानी नगर्न दिइएको सुझावको बेवास्ता गर्दै उनले भर्जिन ट्रेन्समार्फत 'ब्रिटिस क्रस क्रन्ट्री सेक्टर' रेल सेवा शुरू गरेका थिए। प्राय: व्यवसायमा सफल गनिए पनि ब्रान्सन केही लगानीमा भने असफल रहे। हलुका पेयपदार्थ 'भर्जिन कोला' र मदिरा 'भर्जिन भोड्का' बजारमा त्यति नरुचाइएपछि बन्द भएका छन्।

सफल भए पनि ब्रान्सन व्यावसायिक जीवनमा केही विवादमा मुछिएका पनि छन्। सन् २००६ मा उनलाई ब्रिटिस एयरवेजसँग मिलेर हवाई टिकटको मूल्य निर्धारण गरी प्रतिस्पर्धाका नियमको उल्लघङ्न गरेको आरोप लगाइएको थियो।

ब्रान्सनले सन् २००४ मा आफ्नो लगानी अन्तरिक्ष पर्यटनमा गर्ने घोषणा गरेका थिए। त्यसका लागि अन्तरिक्ष उडान गर्ने 'भर्जिन ग्यालेक्टिक' नामक कम्पनी स्थापना गरेर सन् २०१८ अप्रिलसम्म यानमार्फत् अन्तरिक्षमा यात्रुहरूलाई घुमाउनका लागि तयारी भइरहेको बताइन्छ।

रिचर्ड ब्रान्सन कीर्तिमान कायम गर्न खोज्ने खेलाडीका रूपमा पनि परिचित छन्। सन् १९८७ मा उनले एक समूहसहित विश्वको सबैभन्दा ठूलो तातो हावाको बेलुनबाट एटलान्टिक महासागर पार गरी कीर्तिमान कायम गरेका थिए। सन् १९९१ को जनवरीमा त्यस्तै एक बेलुनबाट उनले जापानबाट थालेको यात्रा क्यानडामा पुगेर टुंग्याएका थिए। त्यस्तै गल्फ खेलका सौखिन रिचार्डले सन् २०१० मा अस्ट्रेलियाको मेलबर्नमा रातको अध्याँरोमा गल्फ खेल्ने कीर्तिमान बनाउन खोजेका थिए। ब्रान्सनको कम्पनी भर्जिन रेसिङले 'मोटो जीपी' र 'फर्मुला वान'मा विभिन्न टिमलाई प्रायोजन पनि गर्दै आएको छ।

ब्रान्सनले विश्वका विभिन्न देशमा मानवतावादी गतिविधि पनि सञ्चानल गर्दै आएका छन्। यिनै कार्यका कारण उनी विभिन्न अन्तर्राष्ट्रिय पुरस्कारले सम्मानित भएका छन्। ब्रान्सनले आफूबारेमा एक पुस्तक पनि लेखेका छन्। ब्रान्सनको आत्मकथा 'लुजिङ माई भर्जिनिटी'ले पाठकबाट उत्साहजनक प्रतिक्रिया पाएको थियो। उक्त पुस्तक अन्तरर्राष्ट्रिय 'बेस्ट सेलर'का रूपमा रहेको छ।

*(विभिन्न एजेन्सी एजेन्सीहरूको सहयोगमा)*

# एडीबीको सहयोग डेढ गुणाले वृद्धि

## हालसम्मको सहायता तथा लगानी अढाई खर्ब रुपियाँ

**रोबिन पौडेल, काठमाडौं**

एसियाली विकास बैंक (एडीबी)ले नेपाललाई गरेको आर्थिक सहयोग करिब डेढ गुणाले बढेको छ। अघिल्लो ३ वर्ष वार्षिक औसत ३० करोड डलर ऋण तथा आर्थिक सहयोग गर्ने गरेको एडीबीले सन् २०१७ मा ४३ करोड ६० लाख अमेरिकी डलर ऋण तथा सहयोग उपलब्ध गराएको हो।

एडीबीको लगानी पोर्टफोलियोमा नेपालले इतिहासकै उच्च सहयोग हासिल गरेको हो। नेपालले पाएको यो सहयोग दक्षिण एसियामा भारत र बंगलादेशभन्दा मात्र तल रहेको छ। एडीबीको गौतम वुद्ध विमानस्थल, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, मेलम्ची खानेपानी आयोजनालगायत राष्ट्रिय गौरवका आयोजनामा मुख्य लगानी गरेको छ।

एडीबीको पोर्टफोलियोको कार्यान्वयनसँगै नेपालले गरेको प्रगतिको आधारमा बैंकले नेपाललाई अघिल्लो वर्षभन्दा बढी आर्थिक सहयोगको प्रतिबद्धता गरेको हो। एडीबीको अनुसार बैंकको नेपाललाई इतिहासकै सबैभन्दा धेरै अर्थात् ४३ करोड ५९ लाख डलरको सहयोग ऋण सम्झौता तथा २७ करोड ५४ लाख डलर ऋणको उपलब्धि हासिल भएको छ। बैंकले नेपालमा नयाँ आयोजना सञ्चालनको तत्परता तथा ती आयोजनाको प्रगति सफलताको आधारमा सहयोग बढाएको उल्लेख गरेको छ।

> 'एडीबीको नेपालमा सञ्चालित परियोजनालाई समयमै सम्पन्न गर्न आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछौं।'
>
> **शंकरप्रसाद अधिकारी**
> (अर्थसचिव)

सन् २०१६ मा एडीबीको ऋण तथा सहयोग ३५ करोड ८८ लाख डलर रहेकामा सन् २०१४ र २०१५ मा ऋण सहयोग क्रमश: २१ करोड ६० लाख डलर र १४ करोड ४० लाख डलर मात्र रहेको थियो। एडीबीले २०१७ मा कूल ५३ करोड ३० लाख रुपियाँको ऋण लगानी सम्झौता गर्ने लक्ष्य लिएको भए पनि लक्ष्यको ८२ प्रतिशत मात्र प्राप्त गर्न सकेको हो।

त्यसैगरी प्राप्त रकम लक्ष्यको ८८ प्रतिशत रहेको छ। ऋण लगानी सम्झौता अघिल्लो वर्षभन्दा ३० प्रतिशत बढी हो। एडीबीले शुक्रबार सार्वजनिक गरेको 'नेपाल पोर्टफोलियो पर्फमेन्स रिभ्यु-२०१७' अनुसार सन् २०१७ को अन्त्यसम्म एडीबीको नेपालमा २ अर्ब ४३ करोड अमेरिकी डलर (करिब २ खर्ब ५० अर्ब रुपियाँ) खुद ऋण लगानी तथा सहायता रहेको छ। रिभ्युअनुसार हाल एडीबीको लगानी तथा सहयोगमा नेपालमा ३५ आयोजना सञ्चालनमा छन्। बैंकको यो लगानी शहरी पूर्वाधार, सेवा, ऊर्जा, यातायात, कृषि, प्राकृतिक सम्पदा, शिक्षा तथा पुनर्निर्माण क्षेत्रमा गरिएको हो।

उक्त कार्यक्रममा एडीबीको सहयोगबारे जानकारी गराउँदै एडीबीका नेपालका लागि कन्ट्री डाइरेक्टर मुख्तोर खामुदखानोभले आगामी वर्ष पनि सहयोग बढाउन एडीबी तत्पर भएको जनाकारी गराउनुभयो। अबका लगानी स्थानीयस्तरको विकासका लागि लगानी गर्ने उहाँको दाबी छ। उहाँले भन्नुभयो-'नेपालमा स्थानीय सरकारको निर्माणसँगै एडीबीले उनीहरूसँग सहकार्य गरी उनीहरूको क्षमता तथा प्राथमिकताका आधारमा लगानी गर्नेछ। यसको बारेमा यही वर्षको अन्त्यसम्म 'कन्ट्री पार्टनरसिप स्ट्र्याटेजी' तयार पारी अघि बढ्ने छौं।'

संघीयताको कार्यान्वयनसँगै एडीबी सबै तहका सरकारसँग समन्वय गरेर नेपालको विकासमा सहकार्य गर्ने उहाँको दाबी छ। उहाँले थप्नुभयो-'नेपालमा काम गर्न हामीले विशेष चुनौति सामना गर्नुपर्छ। तर पनि सरकारसँग सहजीकरण गर्दै परियोजना अघि बढाइरहेका छौं।'

'अहिले प्राथमिकतामा रहेका आयोजनामध्ये मेलम्ची खानेपानी आयोजनालाई सन् २०१८ भित्र कसरी काठमाडौं ल्याउने तथा गौतम वुद्ध विमानस्थल आयोजनालाई कसरी ट्र्याकमा ल्याउने भन्नेबारे हामी चिन्तित छौं,' उहाँले भन्नुभयो। उहाँका अनुसार नेपालको पोर्टफोलियो चुनौतीमा ढिलो बजेट रिलिज, संघीयता तथा आयोजना कार्यान्वयन व्यवस्था, वित्तीय विवरण तथा रकम सम्झौता व्यवस्थापन आदि रहेका छन्।

यसैबीच सरकारले एडीबीको नेपालमा सञ्चालित परियोजनालाई समयमै सम्पन्न गर्न आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ। अर्थ मन्त्रालयका सचिव शंकरप्रसाद अधिकारीले एडीबीको नेपालमा सञ्चालित परियोजना समयमै सम्पन्न गर्न आवश्यक सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाउनुभएको हो। शुक्रबार सोही कार्यक्रममा बोल्दै अधिकारीले सरकार एडीबीसँगको सहकार्यलाई अझै बलियो बनाउन तयार रहेको स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो- 'राज्य तथा सरकार पुनर्संरचना प्रक्रिया, पर्याप्त बजेटको अभाव तथा प्रणालीमा रहेका सम्झौता व्यवस्थापन तथा कर्मचारी नियुक्तिमा रहेका केही कमजोरीका बाबजुद एडीबीले यत्तिका सहयोग गरेको छ।'

पछिल्लो पाँच वर्षमा एडीबीले नेपालमा गरेको कुल ऋण तथा सहयोग (करोड डलरमा)




क्षेत्रगत रूपमा एडीबीको हालसम्मको लगानी




## एक सातापछि खुल्यो शिवम्‌को खानी

हेटौंडा, (नेस)

एक सातादेखि अवरुद्ध शिवम् सिमेन्ट उद्योगको खानी शुक्रबारदेखि सुचारु भएको छ। खानी प्रभावित वस्ती संरक्षण एवम् व्यवस्थापन सरोकार समिति र शिवम्का प्रतिनिधि तथा स्थानीय प्रशासनका पदाधिकारीबीचको वार्ताबाट सहमतिपछि खानी सञ्चालनमा आएको हो।

सहमतिपछि यसअघि गरिएको डीपीआरबमोजिम तयार पारिएको परियोजना तुरुन्त प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने, खानी उत्खनन् गर्दा व्यवस्थित माइनिङ विधिबाट गर्ने/गराउने तथा खानी क्षेत्र छाड्दा भएको नोक्सानीको क्षतिपूर्ति उद्योगले बेहोर्नेलगायत १३ बुँदे सहमति भएको सरोकार समिति अध्यक्ष केशव सापकोटाले बताउनुभयो।

त्यसैगरी ओभरबर्डेन व्यवस्थापन गर्ने, स्थानीयलाई रोजगारीमा प्राथमिकता दिइने, प्रभावित क्षेत्रको स्वास्थ्य, शिक्षा तथा भौतिक पूर्वाधारलगायत क्षेत्रमा सहयोग पुऱ्याइने पनि सहमति भएको छ।

शिवम्सँग यसअघि भएको १४ बुँदे सहमति कार्यान्वयन गर्न लापरबाही गरेको भन्दै प्रभावितहरू आन्दोलित भएका हुन्।

**नेपाल हाईड्रो एण्ड ईलेक्ट्रिक लिमिटेडको तेह्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**नेपाल हाईड्रो एण्ड ईलेक्ट्रिक लिमिटेडको तेह्रौ वार्षिक साधारण सभा २०७४ साल चैत्र १९ गते (तद्नुसार फेब्रुअरी २, २०१८) मा हुने भनि यस अघि सूचना गरिएकोमा विशेष कारणवश उक्त दिन नहुने भइ वार्षिक साधारणसभा २०७४ साल चैत्र ८ गते (तद्नुसार मार्च २२, २०१८) का दिन बिहान ११:०० बजे बुटवल स्थित कम्पनीको रजिष्टर्ड कार्यालयमा बस्ने भएकोले उक्त दिन हुने वार्षिक साधारण सभामा आफै उपस्थित हुन वा रितपूर्वक प्रतिनिधि मुकरर गरि पठाइदिनु हुन सबै शेयरधनी महानुभावहरूमा अनुरोध गरिएको छ । संस्थागत शेयरधनीले शेयरधनीको हैसियतले सभामा भाग लिन रितपूर्वक प्रतिनिधि मुकरर गरि पठाइदिनु हुन अनुरोध गरिएको छ ।**

**मिति:** २०७४/१२/०८
**समय:** बिहान ११:०० बजे ।
**स्थान:** बुटवल स्थित कम्पनीको रजिष्टर्ड कार्यालय, रुपन्देही ।

**तेह्रौ वार्षिक साधारण सभामा छलफलको लागि पेश गरिने प्रस्तावित बिषयहरु:**

**साधारण प्रस्ताव:**
(१) सभाको वैधानिकताबारे छलफल र कार्यसूचीको अनुमोदन गर्ने ।
(२) तेह्रौ वार्षिक साधारण सभाको लागि सन्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
(३) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ साल आषाढ मसान्तको वासलात तथा मिति २०७३/४/१ देखि २०७४/३/३१ सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाहको बिवरण पारित गर्ने ।
(४) आ.व. २०७४/०७५ मा संस्थाको हरहिसाबको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।
(५) विविध ।

**विशेष प्रस्ताव:**
(६) सन्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीको चुक्तापूँजीको ५ प्रतिशत वोनस शेयर र ५ प्रतिशत नगद लाभांश (कर प्रयोजनका लागि लाग्ने बराबरको रकम समेत) पारित गर्ने ।
(७) वोनस शेयर मार्फत पूँजी बृद्धि गर्न कम्पनीको प्रबन्ध-पत्रमा आवश्यक संशोधनको विशेष प्रस्ताव पारित गर्ने बारे ।
(८) शेयरधनि बुटवल पावर कम्पनीले कम्पनी ऐन, २०६३ को दफा ७७ (२) बमोजिम पेश गरेको शेयर संख्याको अनुपातमा सन्चालक समिति पुनर्गठनको प्रस्ताव वारे ।
(९) बैंक कर्जा सिमा (Loan Limit) सम्बन्धमा ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**बहुआयामिक कृषि बचत तथा ऋण सहकरी संस्था लि.**
**नागार्जुन -०४ सितापाइला सोल्टी दोबाटो**
(प्रकाशित मिति २०७४/११/१२ गते)

यस **बहुआयामिक कृषि बचत तथा ऋण सहकरी संस्था लि** नागार्जुन -०४ सितापाइला **सोल्टी दोबाटो** काठमाण्डौबाट तपसिलमा उल्लेखित व्यक्तिले लिनु भएको कर्जा पटक-पटक लिखित, मौखिक एवं ३५ दिने र १५ दिने कर्जा तिर्न आउने बारे पत्र पठाईएकोमा समेत कर्जा चुक्ता गर्न नआउनू भएकोले कर्जाको सुरक्षण वापत लेखी दिएको तपशिलमा उल्लेखित चल अचल सम्पत्ति डाक बढाबढबाट लिलाम बिक्रीगरि संस्थाको कर्जाको सांवा, व्याज, हर्जाना दैदस्तुर समेतको जम्मा रकम रु.१६,११,२७५/–(अक्षरुपी सोह्र लाख एघार हजार दुई सय पचहत्तर मात्र) असुल उपर गरिने हुंदा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । ऋणीले संस्थाबाट कर्जा लिंदा कर्जाको सुरक्षाको लागि संस्थामा धितो रहेको अचल सम्पत्ति जेजस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिन इच्छुक महानुभावहरुबाट यो सूचना समाचार पत्र दैनीक प्रकाशित भएको मितिले ३५(पैतिस) दिनभित्र संस्थाको केन्द्रिय कार्यालयमा कार्यालय समय भित्र डाक बढाबढ फाराम लिनू हून सूचित गरिन्छ । यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनमा (सो दिन बिदा परे लगत्तै कार्यालय खुलेको दिन) संस्थाको केन्द्रिय कार्यालय का.जि. नागार्जुन -०४ सितापाइला सोल्टी दोबाटो स्थित **बहुआयामिक कृषि बचत तथा ऋण सहकरी संस्था लि.को केन्द्रीय** कार्यालयमा दिनको २:०० बजे लिलाम बढाबढ गरिने हुंदा बोलपत्रवाला स्वयंम् वा निजको आधिकारिक प्रतिनिधी तोकिएको मिति, समय र स्थानमा उपस्थित भई डाक बढाबढ कार्यबाट सहभागी हुन समेत सूचित गरिन्छ । डाक लिलाम फाराम संस्थाको केन्द्रिय कार्यालयमा रु ५००/-बुझाई खरिद गर्न सकिने छ । डाकलिलाम सम्बन्धी अन्यशर्त तथा नियमहरु संस्थाबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ । परेका बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित रहनेछ ।

**तपसिल**

| ऋणीहरूको नाम, थर, वतन र तीन पुस्ते | फोटो | ऋणीहरूको धितोको बिवरण |
|---|---|---|
| १. श्री रबिन्द्र लामा<br>स्थायी ठेगाना: जिल्ला: रौतहट<br>पिता: दल बहादुर तामाङ<br>बाजे: शिंह लाल तामाङ<br>हाल नार्गाजुन न.पा. वडा नं.-५ |  | क) जग्गाको ठेगाना :<br>का.जि. सितापाइला वडा नं. ७<br>कि. नं. ६५ क्षे.फ. २९४/०५ ब.मि.<br>मध्ये आधा हिस्सा मात्र |

**लिलामका शर्तहरु**
१.डाकलिलाम बडाबढ गर्ने दिन ऋणी वा ऋणीका प्रतिनिधी उपस्थित हुन यसै सूचनाबाट जानकारी गराइन्छ ।
२.उल्लिखित अचल सम्पत्तिको धितो मञ्जुरीनामा दिनेलाई यसै सूचनाबाट सूचना प्राप्तभएको मानिने छ ।
३.धितो लिलाम बिक्रीबाट संस्थाको लेना रकम असुल उपर नभएमा ऋणीको अन्यजायजेथा बाट तथा धन जमनिको चल अचल सम्पतिबाट समेत असुलउपर गरिने छ ।
४.धितोको विस्तृत विवरण संस्थाको सूचनापाटीमा टांस गरिएको छ ।
५.धितो लिलामबिक्री सम्बन्धी बोलपत्रका अन्यशर्त वा धितो लिलामबिक्री गरिने सम्पत्तिको अन्य आवश्यक कागजपत्रहरु हेर्न चाहनु हुने महानुभावहरुले संस्थामा कार्यालय समयभित्र हेर्न सक्नुहुनेछ ।
६.लिलाम डाकबढाबढ हुंदा सबैभन्दा बढी डाक बोल्नेको स्वीकार गरिनेछ ।
७. धितो लिलामबिक्री गर्ने वा नगर्ने अधिकार संस्थामा निहित रहने छ ।

**बहुआयामिक कृषि वचत तथा ऋण सहकारी संस्था लि.**
**नागार्जुन न.पा.- ०४, सितापाइला सोल्टी दोबाटो, काठमाडौं**
**सम्पर्क नं. ०१-४२७३८०७ Email: bahuaayamik@gmail.com**

# विभागीयको उपाधि भिडन्त



नेपाल समाचारपत्र

हेटौंडा

तेस्रो संस्करणको हेटौंडा गोल्डकप फुटबल प्रतियोगिताको उपाधि विभागीय टोलीले लैजाने पक्का छ।

उपाधिका लागि आज नेपाल पुलिस क्लबले डिफेन्डिङ च्याम्पियन त्रिभुवन आर्मीसँग प्रतिस्पर्धा गर्दै छ। पहिलो वर्षको पराजयको पीडालाई शक्तिमा बदल्दै दोस्रो संस्करणमा उत्रिएको आर्मीले खुसी मनाएको थियो।

विभागीय डर्बीमा उपाधि कसले उचाल्छ भन्नेमा सबैको ध्यान छ। आर्मी र पुलिसको नकाउट फुटबलमा यो पहिलो भेट हो भने राष्ट्रिय खेलकुद परिषद्ले गरेको राखेप च्याम्पियनसिपमा भने पुलिसले आर्मीलाई पराजित गर्दै स्वर्ण पदक जितेको थियो।

गोल्डकप फुटबल प्रतियोगिताको दोस्रो सेमिफाइनलमा बिहीबार सीएमजी संकटालाई २-० ले पराजित गर्दै पुलिस फाइनल प्रवेश गरेको हो। मनाङ मर्स्याङ्दी क्लबलाई बुधबार १-० ले हराउँदै आर्मी फाइनलमा पुगेको हो। जर्जप्रिन्स कार्कीले अन्तिम मिनेटमा गरेको गोलले आर्मी फाइनलमा पुग्न सफल भएको हो।

घरेलु फुटबलमा आर्मी निकै लयमा छ। पछिल्लो समय आर्मी एकपछि अर्को उपाधि उचाल्दै उत्कृष्ट फर्ममा देखिँदा पुलिस भने छायामा थियो। आफ्ना पुराना खेलाडी भेट्रान्स भएपछि पुलिस युवा टोलीसहित विस्तारै मोफसलमा हुने नकाउट फुटबलमा फर्किंदै छ।

यस वर्ष गज्जबको फुटबल खेलिरहेको आर्मी र पछिल्लो समय लयमा देखिएको पुलिस क्लबबीचको खेल रोमाञ्चक र प्रतिस्पर्धात्मक हुने देखिन्छ। हालसम्म आर्मीले निर्धारित समयमा २ गोल गरेको छ भने १ गोल खाएको छ। पुलिसले ५ गोल गरेको छ भने गोल खाएको छैन। गणितीय आधारमा हेर्ने हो भने आर्मीभन्दा पुलिस यस प्रतियोगितामा बलियो देखिन्छ। तर, यस वर्ष आर्मी मोफसलमा भएका ५ वटा गोल्डकप आफ्नो पक्षमा पार्दै पहिलो नम्बरको क्लबका रूपमा उभिएको छ।

पुलिसले एउटा प्रतियोगिता यस वर्ष आफ्नो नाममा गरिसकेको छ। त्यसको पछिल्लो उदाहरण पोखरामा आयोजित १६औं संस्करणको आहा रारा गोल्डकप उचाल्नु हो। युवा टोलीले पोखरामा थ्री स्टारलाई पराजित गर्दै आहाको संस्करण आफ्नो नाममा लेखाएर सिजनको पहिलो नकाउट फुटबल प्रतियोगिताको उपाधि उचाल्यो। पुलिसको नकाउट फुटबलको दोस्रो उपाधि नजिक छ।

आर्मी क्लबका कप्तान भरत खवासले चोटका बाबजुद मैदानमा छन्। सुदूरपश्चिमविरुद्ध क्वार्टरफाइनलमा उनको टाउकोमा चोट लागेको थियो। पहिलो हाफको अन्तिम मिनेटमा बल चेस गर्ने क्रममा विपक्षी खेलाडीसँग ठोक्किँदा चोट लागेको थियो। उनी, नवयुग र जर्जप्रिन्स कार्की आदिबाट आर्मीले निकै आश गरेको छ।

पुलिसका निरकुमार राई, सुमन लामा र अभिषेक रिजाल मुख्य खेलाडी हुन्। प्रतियोगितामा पुलिसका कप्तान हेम तामाङ र तेज तामाङले उत्कृष्ट खेल खेलिरहेका छन्। आर्मीका डिफेन्डर विमल पाण्डे र गोलरक्षक विकेश कुथु पनि कम छैनन्।

# आर्सेनल अन्तिम १६ मा

लन्डन, (एजेन्सी)

इंग्लिस प्रिमियर क्लब आर्सेनल युरोपा लिगको अन्तिम १६ मा प्रवेश गरेको छ।

पहिलो लेगमा ३-० ले जितेको आर्सेनल दोस्रो लेगमा ओस्टरसन्डसँग उसैको घरेलु मैदानमा २-१ ले पराजित भए पनि अघिल्लो चरणमा प्रवेश गरेको हो। आर्सेनल समग्रमा ४-२ ले विजयी बन्यो। ओस्टरसन्डका लागि होसन अइस र केन सेमाले एक-एक गोल गरेका थिए। आर्सेनलका तर्फबाट भने सिद कोलानसिकले एक गोल फर्काएका थिए।

बिहीबारै भएको अन्य खेलमा एथ्लेटिको मेड्रिड, एसी मिलान र बोरुसिया डर्टमन्ड युरोपा लिगको अन्तिम १६ मा प्रवेश गर्दा इटालियन क्लब नेपोली भने बाहिरिएको छ।

पहिलो लेगमा ४-१ को जित हात पारेको एथ्लेटिको मेड्रिड एफसी कोपनहेगनलाई समग्रमा ५-१ ले हरायो। दोस्रो लेगमा १-० ले विजयी हुँदै मिलानले लुडोगोरेट्सलाई समग्रमा ४-० ले हराउँदा पहिलो लेगमा १-० ले पराजित भएको इटालियन क्लब लाजियो एफसीएसबीलाई समग्रमा ५-१ ले पराजित गर्दै अन्तिम १६ मा पुगेको छ।

# विराटनगरमा अन्तर्राष्ट्रिय स्तरको चेन्जिङ रुम

विराटनगर, (नेस)

विराटनगरको शहीद रंगशाला परिसरमा अन्तर्राष्ट्रियस्तरको १ करोड २५ लाखको लागतमा चेन्जिङ रुम निर्माण हुने भएको छ। विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुली र पूर्वाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष रबिन नगरकोटीले संयुक्त रूपमा शिलान्यास गर्नुभयो। रंगशालाको पूर्वपट्टि निर्माण गरिने सो भवन १४ सय स्क्वायर फिटको रहने जनाइएको छ। जसमा लेडिज र जेन्ट्स चेन्जरुम शौचायल, आराम कक्ष र प्राथमिक उपचार कक्ष रहने मोरङ जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख देवराज कट्वालले जानकारी दिनुभयो। चेन्जिङ रुम निर्माण गर्न राष्ट्रिय खेलकुद परिषद्ले ५० लाख रकम बिनियोजन गरेको छ भने विराटनगर महानगरपालिकाले १० लाख रकम प्रदान गर्ने निर्णय गरेको छ। भवन आगामी असार मसान्तसम्म निमार्णसम्पन गर्ने लक्ष्य राखिएको छ।

# सेमिफाइनल समीकरण पूरा

काठमाडौं, (नेस)

धनगढीमा जारी प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। शुक्रबार भएको पहिलो खेलमा पूर्वाञ्चलले मध्यपश्चिमाञ्चललाई ९८ रनले हराएर अन्तिम चारमा स्थान बनायो। दोस्रो खेलमा मध्यमाञ्चलले घरेलु टोली सुदूरपश्चिमलाई १२ रनले हराएको हो। मध्यमाञ्चलले पूर्वाञ्चलसँग र सुदूरपश्चिमले एपीएफसँग खेल्नेछन्।

## धरहरा

### धुलैधुलो जामैजाम

काठमाडौंको सडकमा धुलो धुवाँ जति भए पनि अब केही फरक पर्ने छैन भन्ने धरहरालाई लागेको छ। भित्री सडकमा जाम हुनु त स्वाभाविकै मान्न सकिएला तर रिङरोडमा जाम हुनु पनि अब सामान्य हुन थाल्यो।

कलंकीलाई नै आधार मान्ने हो भने संसारकै सबैभन्दा जाम हुने ठाउँभन्दा पनि अतियुक्ति नहोला। रिङरोडका मुख्य-मुख्य नाकामा जाम हुनु पनि अब सहजै लिने बानी परेको छ हामी जनतालाई। यसमाथि पनि कहिले कुन्नि कसको सवारी रे कहिले कसको सवारी भनेर हैरान पारी सक्यो।

हिजोआज बिहेको पनि लगन खुबै जुरेको छ। त्यसैले होला रिङरोडनजिकै कतै पाटी प्यालेस छ भने १ घण्टाअघि नै समय मिलाउन अब नभुल्न पनि यो धरहराको सुझाव छ। जामलाई एकैछिन थाती राखेर



धुलोतिर फर्कने हो भने यसको कथा पनि कम छैन। पानी नपरेको समयमा अझ कच्ची सडक अनि देखिन्छ हजुरबाउको बिहे। त्यसमाथि पनि सडक सबै आफ्नै ठानेर बाजाका तालमा नाच्नेलाई कसले छुने। साइडका मान्छे जति सबै सेताम्मै भए पनि के भो र धुलो उडार नाच्न पाए भयो। बेहुलाबेहुली कारमा अब अरुको के मतलब, कि कसो पाठकवृन्द!

# प्रमद्वारा क्रिकेटरलाई चेक प्रदान

काठमाडौं, (नेस)

नेपाल सरकारले नेपाली राष्ट्रिय क्रिकेट टिमलाई नगदसहित सम्मान गर्दै आईसीसी विश्वकप क्वालिफायर खेल्न जाने टोलीलाई बिदाइ गरेको छ।

नामिबियामा भएको आईसीसी विश्व क्रिकेट लिग डिभिजन टु को उपविजेता बन्दै विश्वकप क्वालिफायरका लागि छनोट भएको नेपाली टोलीलाई सोमबार सम्मान गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले नगदसहित सम्मान गर्ने घोषणा गर्नुभएको थियो। सोहीअनुरूप शुक्रबार ओलीले १४ खेलाडी र प्रशिक्षकलाई ३/३ लाखको चेक प्रदान गर्नुभयो। यस्तै मदन भण्डारी स्पोर्टस् एकेडेमीले पनि यसअघि गरेको घोषणाअनुसार १/१ लाख थप नगद प्रदान गरेको छ।


सूचना आम पाठकको अधिकार
सेवामूलक व्यवसाय हाम्रो आधार

रू. २५०० मा
२ वर्ष

नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

Subscribe the balanced and credible Nepal Samacharpatra.
Please call Corporate Office (4261179, 98510 69830, 9841 336729), Gaushala (98511 87322, 98433 37052), Kamal Pokhari (98600 07570), Kalimati (98511 29457, 4233172), Patan (9841 507317, 9841 336729), Jhochhen (98510 93762, 4233172), Bhaktapur (9841 585321, 98510 93762), Banepa/Dhulikhel (9849 316660) from 10 am - 5 pm for more details.


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ